सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ पुस २०८२, मंगलबार (30 Dec 2025, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २५० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

‘तु इधरउधरकी ना बात कर, ये बता कि बच्चौंको गोली क्यौं मारा ?’

२३ भदौको जेन-जी आन्दोलनमा बर्बर दमन गरेर नरसंहार मच्चाएका तत्कालीन गृहमन्त्री रमेश लेखकले जाँचबुझ आयोगमा बयान दिए

तर, उल्टै आन्दोलनकारी र प्रहरीमाथि दोष थोपरेर उम्किन खोजे



२३ भदौको जेन-जी आन्दोलनका क्रममा बानेश्वरमा प्रहरीको गोली लागेर ढलेका युवा



सिंहदरबारस्थित जाँचबुझ आयोगको कार्यालयमा सोमबार बयान दिएर फर्किँदै तत्कालीन गृहमन्त्री तथा कांग्रेस नेता रमेश लेखक। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ पहिलो दिन बानेश्वरमा १७ युवाको नरसंहार हुने गरी किन र कसरी गोली चलाइयो भन्ने विषयमा मौन बसेका लेखकको बयान

बिहान (२३ भदौ) माइतीघर मण्डलाबाट प्रदर्शन सुरु भयो। कैयौँ विद्यार्थी विद्यालय पोसाकमै थिए। काठमाडौं जिल्ला प्रशासनबाट प्राप्त जानकारीअनुसार शान्तिपूर्ण प्रदर्शन हुन्छ भन्ने विश्वास आयोजकले दिलाएका थिए। तर, घुसपैठ भयो। जेन-जी आन्दोलनलाई प्रदर्शनकारीले हाइज्याक गरे।

नयाँ पत्रिका

२३ भदौको जेन-जी आन्दोलनमा घातक हतियार प्रयोग गरी १७ युवाको नरसंहार हुँदा गृहमन्त्री रहेका रमेश लेखकले उल्टै आन्दोलनकारी र सुरक्षा निकायलाई दोष दिएर कारबाहीबाट उम्किने प्रयास गरेका छन्। सोमबार जाँचबुझ आयोगमा बयान दिन गएका उनले गोली चलाउन आफूले निर्देशन नदिएकाले दमनमा आफ्नो भूमिका नभएको भन्दै पन्छिने प्रयास गरेका हुन्।

लेखकले घुसपैठका कारण आन्दोलन हिंसात्मक बनेको दाबी गर्दै त्यसको दोष आन्दोलनकारीलाई दिएका छन्। साथै, सुरक्षाकर्मीलाई गोली चलाउन आफूले निर्देशन नदिएको दाबी गरेका छन्। आयोगमा लिखित धारणासमेत बुझाएका उनले जेन-जी आन्दोलनलाई लोकतन्त्रविरोधी तत्त्वहरूले ‘हाइज्याक’ गरेको बताए।

उनले आयोगमा पेस गरेको लिखित धारणा छ, ‘बिहान माइतीघर मण्डलाबाट प्रदर्शन सुरु भयो। कैयौँ विद्यार्थी विद्यालयको पोसाकमै थिए। काठमाडौं जिल्ला प्रशासनबाट प्राप्त जानकारीअनुसार शान्तिपूर्ण प्रदर्शन हुन्छ भन्ने विश्वास आयोजकले दिलाएका थिए। तर, प्रदर्शनमा घुसपैठ भयो। जेन-जी आन्दोलनलाई प्रदर्शनकारीले हाइज्याक गरे।’ बानेश्वर क्षेत्रमा कसरी गोली चल्यो भन्ने विषयमा मौन बसेर उनले आफूलाई निर्दोष देखाउने प्रयास गरेका छन्।

गोली चलाउन आफूले निर्देशन नदिएको उनको दाबी छ। २३ भदौमा बानेश्वर क्षेत्रमा प्रहरीले दिउँसो १ बजेदेखि नै गोली चलाउन थालेको थियो। त्यसपछि आफू र प्रहरी प्रमुख तथा सिडिओबिच भएका कुराकानी उनले खुलाएका छैनन्। त्यो दिन बेलुका मात्र उनले राजीनामा दिएका थिए। बिहान भने क्याजल्टी (हताहती) नहोस् भनेर गृहसचिव र प्रहरी प्रमुखलाई निर्देशन दिएको उनको दाबी छ।

बानेश्वर क्षेत्रमा गोली चलाउनुअघि सुरक्षा निकायले गृह मन्त्रालयलाई जानकारी गराएरै गोली चलाएको थियो। लेखकले सो घटनाको

» पृष्ठ २ मा क्रमशः

निर्वाचनमा होमियो देश

निर्वाचन कार्यतालिकाअनुसार बन्दसूची बुझाउन ६१ दलले आयोगबाट निस्सा लिएका छन्, राति अबेरसम्म प्रमुख दलहरूले बन्दसूची बुझाइसकेका छन्, आयोगले क्लस्टरबमोजिम नाम रुजु गरिरहेको छ



निर्वाचन आयोगमा पुगेर पनि बन्दसूची मिलाउँदै दलहरू



● **सुमन घिमिरे**, सूचना अधिकारी, निर्वाचन आयोग

६१ वटा दलले धरौटी बुझाएर रसिद काटेका छन्। ती रसिद काटेका दललाई निस्सा दिने र उनीहरूले ल्याएको बन्दसूचीको विवरण दर्ता गर्ने काम भइरहेको छ। त्यो काम नसकुन्जेलसम्म चलिरहन्छ।

कमलराज भट्ट, प्रेम गौतम

सर्वोच्च अदालतमा संसद् पुनर्स्थापनासम्बन्धी रिट विचाराधीन हुँदा उत्पन्न अनेक आशंकाबिच पूर्वनिर्धारित कार्यतालिकाअनुसार दलहरूले समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवारको मनोनयन गरेका छन्। दलहरूले निर्वाचन आयोगमा समानुपातिकतर्फको बन्दसूची बुझाएसँगै निर्वाचनसम्बन्धी अन्योल हटेको छ र मुलुक २१ फागुनमा हुने निर्वाचनमा होमिएको छ।

निर्वाचन आयोगमा बन्दसूची पेस गर्न ६१ दलले आयोगबाट निस्सा लिइसकेका छन्। राती २ बजेसम्म कांग्रेस, एमाले, नेकपा, रास्वपा र राप्रपालगायत ठुला दलहरूले आयोगमा समानुपातिक उम्मेदवारको बन्दसूची पेस गरेका छन्। आयोगमा समानुपातिक निर्वाचनतर्फ ९३ दर्ता छन्। आयोगले आइतबार र सोमबार दुई दिन समानुपातिकको बन्दसूची पेसको कार्यतालिका बनाएको थियो।

प्रतिनिधिसभाका २७५ सिटमध्ये समानुपातिकमा ४० प्रतिशत अर्थात् ११० जनाको बन्दसूची बुझाएका छन्। केही दलले भने थोरै मात्र सूची बुझाएका

» पृष्ठ २ मा क्रमशः

रास्वपाको बन्दसूची

आदिवासी जनजाति : ३३ डा. राम लामा, खुश्बु सरकार श्रेष्ठ, मिङ्मा ग्याबु शेर्पा, डा. मनोहर प्रधान, ज्ञानेन्द्र मल्ल, मिलन लिम्बू, विश्व राई, धर्मलाल तामाङ, टासी लाक्पा शेर्पा, सुदेश गुरुङ, भूमिबहादुर गुरुङ, डा. महेन्द्र लावती, मनकाजी श्रेष्ठ, आयुष मानन्धर। टासी लाजोम, गंगा छन्त्याल, सुम्निमा उदास, अनुष्का श्रेष्ठ, त्रिशाला गुरुङ, सिर्जना श्रेष्ठ, रजनी श्रेष्ठ, कुसुम महर्जन, डा. ओजश्वी शेरचन, सुनिता न्हेमाफुकी, मीरा महर्जन, एलिजा गुरुङ, प्रमिला कुलुजु, माया डोल्मा लामा, विष्णुकुमारी गुरुङ, सत्यकला राई, निर्मला खिम्डिङ, तुलसा वाइबा

खसआर्य : ३२ विपिनकुमार आचार्य, सचिन ढकाल, सुदीप ढकाल, प्रमोद न्यौपाने, रमेश प्रसाईं, अनुपकुमार उपाध्याय, अरनिकोकुमार पाँडे, गोविन्द नारायण, डा. विमलकुमार तिवारी, दुर्गाबहादुर घिमिरे, प्रेमबहादुर बोहरा, जनक न्यौपाने, टेकबहादुर पोखरेल (प्रभु राम), पवन शाही, दीपककुमार बोगटी, टीकाराम दाहाल। प्रतिभा रावल, विदुषी राणा, लिमा अधिकारी (आचार्य), श्रद्धा कुँवर, समीक्षा बाँस्कोटा, टीका संग्रौला, क्रान्तिशिखा धिताल, मञ्जु भुसाल, रचना खतिवडा क्षेत्री, रञ्जु दर्शना, सिर्जना वली, सीतादेवी पाण्डे, सरला लामिछाने, ज्ञानु पौड्याल, प्रभा कार्की, डा. निना रेग्मी पोखरेल, प्रभा ढकाल

मधेशी : १८ डा. नन्दन यादव, खगेन्द्र कर्ण, पुरुषोत्तम यादव, डा. अभिषेकराज सिंह, प्रा.डा. सुदन झा, देवनारायण मण्डल, डा. रञ्जित पञ्जियार, डा. अभिजित गुप्ता। पुनमकुमारी अग्रवाल, डा. ललिताकुमारी, डा. अंकिता ठाकुर, निशा मेहता, मनीषा कुमारी, कामिनी कुमारी, ममता शर्मा, प्रमिला सिंह, सम्झना पण्डित, जुली यादव

दलित : १५ रुपक विश्वकर्मा घिमिरे, प्रकाश सपुत, प्रकाशचन्द्र परियार (दर्जी), रामजी राम, साजन बिके, किशोर गन्धर्व, ई. अरविन्दकुमार राम। रिमा विश्वकर्मा, अमृता विक, सीता वादी, स्मृति सेन्चुरी, सुष्मा स्वर्णकार डिम्पल, गिजदिवी मल्लिक, तारा विश्वकर्मा, खिमा विक

थारू : ७ सुरेन्द्र चौधरी, सोमप्रसाद चौधरी, प्रेमलाल चौधरी। गीता चौधरी, उर्मिला चौधरी, करिश्मा कठरिया, बालिका चौधरी

मुस्लिम : ५ आसिफ शाह, मिर्जा रसिद बेग। समिना मियाँ, मोहना अन्सारी, समिउन निशा

नेकपाको बन्दसूची

आदिवासी जनजाति : ३३ दीपक जंगम, भीमकुमारी बुढा, सोमती गुरुङ, शर्मिली लामा, ममता राजवंशी, अञ्जिता श्रेष्ठ, विष्णुकुमारी थापामगर, मेनुका थुलुङ, सुनिता बुढामगर, निर्मला श्रेष्ठ, रामदेवी तामाङ, सुनिता घले, सीता श्रेष्ठ, सोनम लामा शाक्य, नलिनी सि, सविता तामाङ, जमुना गइजू, कल्पना लिम्बू। परशुराम तामाङ, दिलीप प्रजापति, भक्कुप्रसाद घर्ती, कृष्णकुमार राई, बेखानसिंह तमु, पासाङ शेर्पा, भरतकुमार श्रेष्ठ, वीरबहादुर बुढाथोकी, दंगध्वज खोयाहाङ, शेरबहादुर तामाङ, मंगलसिंह प्रजा, जेतबहादुर पुन, रुकुम पाख्रिन, रहलसिंह तामाङ, डा. पुष्पराज कर्णिकार

खसआर्य : ३२ करुणा बस्नेत, उमा अधिकारी, सीता दाहाल, पञ्चा सिंह, निशा न्यौपाने, कमला नहर्की, गंगा खड्का बोगटी, निर्मला साउद, दिलकुमारी पन्त, मञ्जु कोइराला, उषाकुमारी पोखेल, भगवती नेपाल, इन्दिरा ढुंगाना, जयानन्द कार्की रावल, ज्ञानु आचार्य, यमुना गुरागाईं, सावित्री पोखरेल। प्रमेशकुमार हमाल, महेन्द्रबहादुर कार्की, प्रेम बयक, नहेन्द्र खड्का, जितेन्द्र दाहाल, सुजाता काफ्ले, डम्बरबहादुर क्षेत्री, विनोद कटुवाल, राममणि पोखेल, तीर्थबहादुर बुढा, विष्णु लम्साल, भीमबहादुर भण्डारी, कृष्णबहादुर बुढा, गोविन्दराज पौडेल, विष्णुप्रसाद खनाल

मधेशी : १८ तारा महतो, रामसखी देवी, सुनितादेवी यादव, पूर्णा बुढा झा, जयरानी सहनी, पुनम जैसवाल, संगीतादेवी यादव, सुधा सिं, कल्पनाकुमारी यादव। जगिकुमार बरबरिया यादव, सुरेन्द्रकुमार जयसवाल, घनश्यामप्रसाद रजक, किसुन मण्डल, श्रीप्रसाद साह, कमल राय यावद, छेदी रजक, अभिमन्यु यादव, अरविन्द दास

दलित : १५ गीता गहतराज, पार्वती विक, विनिता विक, रेखा राम, शारदा दमै, तारा विश्वकर्मा, सुमरियादेवी पासवान, कमला ज्ञवाली सिर्पाइली। गणेशबहादुर विश्वकर्मा, डा. मित्र परियार, शरद रसाइली, शंकर दुलाल, ठाकुरकुमार विक, कृष्ण नेपाली, गोपाल परियार

थारु : ७ निराशा चौधरी, अञ्जु दहित, सस्मति चौधरी, उषाकुमारी चौधरी। भवनकुमार थारू, रामअवतार थारू, लक्ष्यबहादुर चौधरी

मुस्लिम : ५ सकिना मुस्लिम, जरिना बेगम, जार्मिया खातुन। कमरुल नशा, ताज मोहम्मद मियाँ

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ शीतलहरले विपन्न परिवारको दैनिकी कष्टकर

दिउँसो घुर र राति परालको भर

■ सिराहा पटना गाउँका करिब ७१ वर्षीय लक्ष्मी सदायको पीडा-

हामी गरिबको पराल नै डसना हो



सिराहाको सखुवानन्कारकट्टी गाउँपालिका- २, पटना गाउँका करिब ७१ वर्षीय लक्ष्मी सदाय अशक्तजस्तै छन्। बढ्दो चिसोमा ज्यान जोगाउन भित्किएको फुसको घरमा हावा छेक्न खाट ठड्याएको भए पनि भुइँको चिसोबाट जोगिन करिब आधा फिट पराल बिछ्याएर त्यहीं सुत्ने-बस्ने गरेको सदाय बताउँछन्। ‘तीन भाइ छोरा मजदुरी गरेर जहान बालबच्चा हेर्छनु, जाडोमा साह्रै कष्ट भयो,’ उनले भने। घाम नलागे पनि दिनभर परालको घुर बालेर बस्ने गरेको सुनाउँदै उनले भने, ‘राति त घरमै बस्नुपऱ्यो, ओढ्ने-ओछ्याउने नहुँदा पराल नै हामी गरिबका लागि सिरक-डसना हो।’

लहानमा **मणिलाल विश्वकर्मा**
सप्तरीमा **सौरभ यादव**
विराटनगरमा **गणेश लम्साल**
बाँकेमा **विश्वराज पछ्लडङ्गया**
धनगढीमा **तेजराज भट्ट**

तराई मधेशमा एक हप्तादेखि शीतलहर चल्दा जनजीवन प्रभावित बनेको छ। विशेषगरी मधेश प्रदेश तथा बागमती, लुम्बिनी र सुदूरपश्चिमका तराईका जिल्लामा बाक्लो हुस्सु-कुहिरो लाग्नुका साथै दिनभर नै शीतलहर चलिरहेको छ। चिसोमा ज्यान जोगाउन विपन्न परिवार दिउँसो घुर र राति परालको भरमा छन्। हुस्सु-कुहिरोले आकाश ढाकेर घाम लाग्नै छाडेपछि अधिकतम तापक्रम पनि निकै घटेको छ।

नेपालगन्जमा मंगलबारबाट दाउरा वितरण हुने

कोशी नहरको स्तरोन्नति र सडक विस्तारले विस्थापितमा भय

जल तथा मौसम विज्ञान विभागको तथ्यांक हेर्दा कोशीबाहेक अन्य प्रदेशका तराईमा अधिकतम तापक्रम निकै घटेको छ, जसकारण न्यूनतम तापक्रमसँगको ग्याप घटेको छ। यसको अर्थ दिनभर घाम नलाग्दा साँझ-बिहानजस्तै दिउँसोको तापक्रम पनि कम छ, चिसो अत्यधिक छ। तथ्यांकअनुसार सोमबार धनगढीको अधिकतम तापक्रम १४.३

» पृष्ठ २ मा क्रमशः



■ नयाँहरू शक्ति विस्तारमा

रास्वपा–उज्यालो नेपाल पार्टी एकता, कुलमान उपसभापति

नयाँ पत्रिका



परिवर्तित राजनीतिक परिस्थितिमा उदार अर्थतन्त्र, सामाजिक न्याय र बहुलवादी लोकतन्त्रभित्र असल शासन कायम गर्दै नयाँ राजनीतिक शक्ति स्थापित गर्ने उद्देश्यसहित राष्ट्रिय स्वतन्त्र पार्टी र उज्यालो नेपाल पार्टीबिच एकता भएको छ। गत २३ र २४ भदौको जेन-जी आन्दोलनसहित विभिन्न कालखण्डका जनआन्दोलनका सहिद र घाइतेको बलिदानलाई स्मरण गर्दै दुवै पार्टीले साझा लक्ष्यका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

यससँगै अन्ततः उज्यालो नेपाल पार्टीका संरक्षक कुलमान घिसिङ पनि रास्वपामा आबद्ध भएका छन्। सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहबिचको सहमतिमा छुटेका घिसिङ पनि सोमबार मिलेर जान सहमत भएका हुन्। सहमतिअनुसार घिसिङ एकीकृत राष्ट्रिय स्वतन्त्र पार्टीको उपसभापति बन्ने भएका छन्।

रास्वपाका सभापति रवि लामिछाने र उनेपाका अध्यक्ष अनुपकुमार उपाध्यायले सातबुँदे सहमतिपत्रमा हस्ताक्षर गरेका छन्। बालेनले साक्षीका रूपमा हस्ताक्षर गरेका छन्। रास्वपाको केन्द्रीय सभापति रवि लामिछाने रहने र उपसभापतिमा कुलमान घिसिङ, डिपी अर्याल र स्वर्णिम वाग्ले रहने सहमति छ।

एक नेताका अनुसार घिसिङ दोस्रो वरीयतामा रहनेछन्। बालेन तेस्रो, डिपी अर्याल चौथो र स्वर्णिम वाग्ले पाँचौँ वरीयतामा रहनेछन्। यसअघि रवि पार्टी सभापति र बालेनलाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने सहमति भइसकेको छ।

एकतापश्चात् स्थापित हुने राजनीतिक दलको नाम राष्ट्रिय स्वतन्त्र पार्टी, दलको झन्डा साबिककै निलो पृष्ठभूमिको मध्य भागमा सेतो रंगको गोलाकार बिचमा निलो रंगको घन्टीको आकृति, दलको चुनाव चिह्न घन्टी र केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने सहमति भएको छ।

सहमतिपत्रमा नवयुवाहरू (जेन-जी)ले भ्रष्टाचार र कुशासनविरुद्ध गरेको आन्दोलनको मर्मलाई आत्मसात गर्दै घाइते तथा सहिद परिवारका मागहरूको यथोचित सम्बोधन गर्ने प्रतिबद्धता जनाइएको छ। यस्तै, उज्यालो र आत्मनिर्भर अर्थतन्त्र, डेलिभरीमा आधारित राजनीति, योग्यता प्रणाली (मेरिटोक्रेसी)को स्थापना, भ्रष्टाचार शून्य सहनशीलता र सुशासनप्रति प्रतिबद्ध रहँदै, समुन्नति र सामाजिक न्यायका राष्ट्रिय उद्देश्यहरूका लागि गरिनुपर्ने गहिरा नीतिगत, संस्थागत एवं संरचनात्मक सुधारहरूमार्फत आर्थिक-सामाजिक उन्नयन र सुसंस्कृत राजनीतिक अभ्यासको जगमा अर्को दश वर्षभित्र नेपाललाई सम्मानजनक मध्यम आय भएको राष्ट्र बनाउने मार्गचित्रको इमानदार कार्यान्वयनप्रति समर्पित हुने प्रतिबद्धता पनि जनाइएको छ।

'मुलुकको परिवर्तित राजनीतिक घटनाक्रमले सिर्जना गरेको विशिष्ट परिस्थितिलाई हृदयङ्गम गरी सबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्यायसहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक प्रणालीभित्र असल शासन कायम गरी आमनागरिकका आकांक्षा सम्बोधन गर्न सबै सुसंस्कृत एवं परिवर्तनकामी राजनीतिक शक्तिहरूबिच सहकार्य गर्दै नयाँ राजनीतिक शक्तिलाई स्थापित गर्न अपरिहार्य रहेको तथ्यलाई आत्मसात गर्दै, २०८२ साल भदौ २३ र २४ को जेन-जी आन्दोलनलगायत विभिन्न कालखण्डमा भएका जनआन्दोलनका सहिद एवं घाइतेहरूको बलिदानलाई प्रेरणादायी स्मृतिमा राख्दै समान अठोट बोकेका शक्तिहरूको सहकार्यमार्फत राष्ट्र सेवाको साझा लक्ष्य हासिल गर्न राष्ट्रिय स्वतन्त्र पार्टी (पहिलो पक्ष) र उज्यालो नेपाल पार्टी (दोस्रो पक्ष) बिच देहायका सहमति भएको छ,' सहमतिपत्रमा छ।

■ नेपाली कम्युनिस्ट पार्टी र नागरिक उन्मुक्ति पार्टीबिच एकता

नयाँ पत्रिका



निर्वाचनको पूर्वसन्ध्यामा राजनीतिक शक्तिहरूबिचको ध्रुवीकरणले तीव्रता पाएकै वेला नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र नागरिक उन्मुक्ति पार्टी (नाउपा)बिच पार्टी एकता भएको छ। नेकपाको केन्द्रीय कार्यालय पेरिसडाँडामा सोमबार भएको शीर्ष वार्तामा एकताको १०बुँदे सहमति भएको हो।

सहमतिपत्रमा नेकपाको तर्फबाट संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', सहसंयोजक माधवकुमार नेपाल र नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठले हस्ताक्षर गरेका छन्। पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी, चुनाव चिह्न तारा, नाउपाका जनप्रतिनिधि नेकपाको हुने सहमति भएको छ।

'नेपालको स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता, लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा इतिहासका विभिन्न कालखण्डमा भएका जनआन्दोलन, जनयुद्ध, थारू आन्दोलन, मधेश विद्रोहलगायतका विभिन्न समुदायले गरेका आन्दोलनका उपलब्धिहरूको रक्षा तथा जेन-जी नामबाट भएको नवयुवा र युवा आन्दोलनपछि विकसित नयाँ राजनीतिक परिस्थितिलाई ध्यान दिँदै थप उपलब्धि प्राप्तिका लागि संघर्षरत अग्रगामी परिवर्तनका पक्षधर सम्पूर्ण राजनीतिक पार्टी, शक्ति र व्यक्तिहरू एकताबद्ध हुन आवश्यक छ,' सहमतिमा छ, 'यस उद्देश्य प्राप्तिका लागि नेपालको कम्युनिस्ट तथा समाजवादी आन्दोलनका विभिन्न धारहरू एकताबद्ध भई बनेको नेपाली कम्युनिस्ट पार्टी र नागरिक उन्मुक्ति पार्टीबिच एकीकरण गर्न सहमति भएको छ।'

विगतमा पार्टी र राज्यका विभिन्न निकायहरूमा जिम्मेवारी वहन गर्दा भए-गरेका सबल र दुर्बल पक्षहरूको वस्तुनिष्ठ समीक्षा गर्दै कमी-कमजोरीहरू सच्याउने र संघीयता, सुशासन, समृद्धि र सामाजिक न्यायको माध्यमबाट समाजवादको दिशामा अगाडि बढ्ने सहमति छ। यस्तै, मुलुकको सार्वभौमिकता, स्वाधीनता र भूअखण्डताको रक्षा गर्दै पहिचान र अधिकारसहितको संघीय समाजवादी गणतन्त्र प्राप्तिको रणनीतिक लक्ष्य प्राप्तिका लागि सडक, सदन र सरकार तीनवटै क्षेत्रवाट संघर्षरत रहने, समाजवादका लागि नेपालको मौलिक बाटोको रूपमा संघीय शासन प्रणाली, लोकतान्त्रिक मूल्य-मान्यता, वर्गीय, जातीय, क्षेत्रीय र लिंगीय विभेदको अन्त्य तथा समतामूलक, न्यायपूर्ण र विभेदरहित समाज निर्माण गर्ने कामको पहलकदमी र नेतृत्व गर्दै नेपाली विशेषताको समाजवादलाई पार्टीको कार्यक्रमको रूपमा अंगीकार गर्ने र त्यसको आधारमा देशको सामाजिक-आर्थिक रूपान्तरणका लागि कटिबद्ध रहने सहमति भएको छ।

पार्टीलाई सामूहिक नेतृत्व र समावेशी प्रतिनिधित्व तथा संघीयतालाई आत्मसात् गर्दै जनवादी केन्द्रीयताको संगठनात्मक पद्धतिअनुरूप सञ्चालन गर्ने सहमति भएको छ। यस्तै, दुवै पार्टीबाट संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू स्वतः नेपाली कम्युनिस्ट पार्टीको सदस्य हुने सहमति छ। नागरिक उन्मुक्ति पार्टीको संगठनात्मक संरचनामा रहेका केन्द्रीय समितिलगायत साबिकका सम्पूर्ण समितिहरू र जनवर्गीय संगठनहरू आपसी सहमतिको आधारमा नेपाली कम्युनिस्ट पार्टीमा समायोजन गर्ने सहमति भएको छ।

राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपले बहिष्करणमा परेका वा पारिएका महिला, थारू, मधेशी, आदिवासी-जनजाति, खस, दलित, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक समुदाय, विपन्न वर्ग, पिछडिएको क्षेत्रलगायतका सीमान्तीकृत वर्ग र समुदायहरूलाई राज्यका सबै अंग, तह र निकायमा समानुपातिक समावेशीकरणको प्रत्याभूति गराउने प्रतिबद्धता जनाइएको छ। देशका श्रमिक वर्ग र उत्पीडित समुदायहरूको एकतामा जोड दिँदै समाजवादी क्रान्तिका लागि राष्ट्रिय शक्ति निर्माणका लागि पहल गर्ने, टीकापुर घटनाका सम्बन्धमा कुनै पनि व्यक्तिलाई प्रतिशोधका आधारमा लगाइएका झुटा मुद्दाको खारेजी र लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न पहल गर्ने प्रतिबद्धता पनि जनाइएको छ।

प्रधानमन्त्रीलाई झुक्याएका सचिव पुस्करलाई श्रम मन्त्रालयबाट हटाइयो



काठमाडौं / वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षणसम्बन्धी विवादमा मुछिएका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव कृष्णहरि पुस्करको सरुवा भएको छ। उनलाई उपराष्ट्रपति कार्यालयमा सरुवा गरिएको छ। सचिव पुस्करले प्रधानमन्त्री सुशीला कार्कीलाई झुक्याएर स्वास्थ्य परीक्षणको शुल्क वृद्धिसम्बन्धी निर्णयमा हस्ताक्षर गरेको आरोप लागेको छ। सोही प्रकरणमा उनलाई कारबाहीस्वरूप उपराष्ट्रपति कार्यालयमा सरुवा गरिएको एक मन्त्रीले जानकारी दिए। मेडिकल व्यवसायीको स्वार्थमा लागेर उनले सो निर्णय गराएको आरोप लागेको छ।

प्रधानमन्त्री कार्कीले गत २० कात्तिकमा स्वास्थ्य परीक्षण गर्ने संस्थाहरूको नवीकरण तथा सूचीकरणसम्बन्धी एक निर्णयमा हस्ताक्षर गरेकी थिइन्। त्यसैभित्र स्वास्थ्य परीक्षणको शुल्क प्रतिव्यक्ति तीन हजार रुपैयाँ बढाउने निर्णय गरिएको थियो। सो विषय बाहिरिएपछि हालै मन्त्रालयले शुल्क बढाउने निर्णय खारेज गरेको छ। यस प्रकरणमा सचिव पुस्करको भूमिकामाथि समेत छानबिन भइरहेको छ। व्यवसायीलाई फाइदा हुने र कामदारमाथि आर्थिक भार पार्ने निर्णय गराउन भूमिका खेलेकोमा उनीमाथि छानबिन अघि बढेको हो। श्रम मन्त्रालयमा भने राष्ट्रपति कार्यालयमा कार्यरत दीपक काफ्लेलाई जिम्मेवारी दिइएको छ।

'तु इधरउधरकी...

पृष्ठ १ बाट क्रमशः

नैतिक जिम्मेवारी लिएर आफूले राजीनामा दिएको उल्लेख गरेका छन्। राजनीतिमा नैतिकता नै मूल्यवान् विषय भएकाले सो घटनामा आफ्नो राजीनामा नै पर्याप्त भएको उनको जिकिर छ।

बयानका क्रममा लेखकले सोही आन्दोलनपछि अक्सिजनविना आमालाई अस्पताल पुऱ्याउनुपर्दा मृत्यु भएको भावनात्मक प्रसंग निकालेका थिए। तर, गृह प्रशासनको मूल कमजोरीलाई लुकाउने प्रयास गरे। बयानपछि लेखकले पत्रकार सम्मेलनसमेत गरी सो घटनामा नैतिकबाहेक आफ्नो कुनै जिम्मेवारी नरहेको भन्दै पन्छिएका थिए।

उनै लेखक प्रतिपक्षमा हुँदा भने निकै आदर्शका चर्का कुरा गर्थे। दुई वर्षअघि संसद्मा उनले एक उर्दु कविता सुनाउँदै तत्कालीन गृहमन्त्री रवि लामिछानेको राजीनामा मागेका थिए। उनले कविता सुनाएका थिए, 'तु इधर उधर की न बात कर, ये बता कि काफिला क्युँ लुटा ? मुझे रहजनों से गिला नहीं, तेरी रहबरी का सवाल है'। अहिले भ्रष्टाचारको विरोधमा कलेज पोसाकमै उत्रिएका विद्यार्थीलाई घातक हतियारबाट गोली प्रहार गरेको घटनाबाट भने उनी पन्छिने प्रयास गरेका छन्।

२२ भदौमा केन्द्रीय सुरक्षा समितिको बैठक बसेको र सतर्कता अपनाउन निर्देशन दिएको उनको भनाइ छ। तर, भोलिपल्ट आन्दोलन सुरु भइरहँदा गृहमन्त्री लेखक संसदीय समितिको बैठकमा भाग लिन पुगेका थिए। जसबाट उनले सो आन्दोलनप्रति गम्भीरता नलिएको र त्यसको पूर्वतयारीमा ध्यान नदिएको प्रस्ट हुन्थ्यो। आफ्ना कमजोरी लुकाएर उनले आन्दोलनमा घुसपैठ हुँदा त्यस्तो घटना भएको भनेर दमनको आरोपबाट उम्किने कोसिस गरेका छन्।

२३ भदौमा सुरक्षाको पूर्वतयारी बलियो नहुँदा आन्दोलनकारीहरू निषेधित क्षेत्र तोडेर संसद् भवनअगाडि पुगेका थिए। त्यसपछि सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाएका थिए। सोही दिन बानेश्वरमा मात्रै प्रहरीको गोली लागेर १७ जनाको मृत्यु भएको थियो भने एक सयभन्दा धेरै घाइते भएका थिए। सो दमनको विरोधमा भोलिपल्ट देशभरि आन्दोलन हुँदा तत्कालीन केपी ओली नेतृत्वको सरकार अपदस्थ भएको थियो।

आयोगका एक अधिकारीका अनुसार सोमबार उनीसँग सामान्य सोधपुछ मात्र भएको छ। विस्तृत बयान अर्को दिन लिने तयारी छ। लेखकको बयानपछि तत्कालीन प्रधानमन्त्री ओलीलाई बयानमा बोलाउने आयोगको तयारी छ। यसअघि आयोगले तत्कालीन गृहसचिव, प्रहरी प्रमुखलगायतसँग बयान लिइसकेको छ।

आन्दोलनमा बल प्रयोग गर्ने तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई कारबाहीको दायरामा ल्याउन ढिलाइ भएको भन्दै सहिदका परिवार, घाइते र जेन-जी अगुवाले आक्रोश व्यक्त गर्दै आएका छन्।

निर्वाचनमा...

पृष्ठ १ बाट क्रमशः

छन्। कांग्रेस-एमालेजस्ता ठुला दल नै वातावरण बनिनसकेको भन्दै निर्वाचन तयारीमा नलागेका कारण आयोगले तोकेको मितिअनुसार काम सक्ने गरी धेरैजसो दलहरूले तयारी गरेका थिएनन्। यसबाहेक बन्दसूची बुझाउने दिनसम्म पनि दलहरू एकता र सहकार्यको संवादमा थिए। सोही कारण राति अबेरसम्म पनि दलका प्रतिनिधिहरू आयोगमै बसेर बन्दसूची मिलाउँदै थिए।

बन्दसूची बुझाउने गरी आयोगमा धरौटी बुझाएर निस्सा लिएपछि दलका प्रतिनिधिहरूले आयोगकै कोठामा बसेर अबेरसम्म बन्दसूची मिलाएका थिए। कांग्रेसका मीन विश्वकर्मालगायत केही नेताहरू आयोगको इजलास शाखा बन्दसूची कुरेर बसेका थिए। राति अबेर मात्रै कांग्रेस नेताहरू बन्दसूची बोकेर आयोग पुगेका थिए।

नेपाली कम्युनिस्ट पार्टीका राजेन्द्र पाण्डे, शक्ति बस्नेत, गणेश विक, मुक्ति प्रधान, दिलु पन्तलगायतका नेताहरू सचिवको कार्यकक्षमा बसेर बन्दसूची मिलाइरहेका छन्। एमालेका नेताहरूले पनि आयोगमै पुगेर कागजात मिलाएका थिए। एमालेका नीरज आचार्यलगायतका नेताहरू १२ बजेअघि नै बन्दसूची बुझाएर आयोगबाट बाहिरिएका थिए।

ठुला दलहरूले आयोगको कोठामा बसेर बन्दसूची मिलाए पनि नयाँ र साना दलहरूले भने बाहिरै बसेर बन्दसूची मिलाएका थिए। रातिसम्म बन्दसूची पेस गर्न दलहरू लामबद्ध थिए। निर्वाचन आयोगका कर्मचारीहरू लबिमा बसेर सूची रुजु गर्ने काम गरिरहेका छन्। बन्दसूची पेस गर्दा दलले ५० हजार धरौटी बुझाउनुपर्छ।

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बन्दसूची लिएर आएकाको काम निरन्तर हुने बताए। 'बन्दसूची लिएर आएका दलको काम भोलिसम्म भए पनि निरन्तर गर्छौं। तर, समय थप्ने पक्षमा आयोग छैन। आज अन्तिम दिन हो, म्याद थप हुन्न। कति वेलासम्म सेवा प्रवाह सकिन्छ भन्न सकिन्न। निर्वाचनको प्रचलित कानुनअनुसार तोकिएको समयभित्र कार्यालय आएकालाई बन्देज लगाउँदैनौँ,' उनले भने।

■ यसरी मिलाइन्छ क्लस्टर

प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका २०८२ अनुसार बन्दसूची बुझाउँदा समावेशी क्लस्टर मिलाएर बुझाउनुपर्छ। संविधानमा भएको व्यवस्थाअनुसार समानुपातिकतर्फ दलित १३.८%, आदिवासी जनजाति २८.७%, मधेशी १५.३%, थारू ६.६%, मुस्लिम ४.४% र खसआर्य ३१.२% निर्वाचित भएको हुनुपर्छ। यी सबै क्लस्टरमा ५०% महिला अनिवार्य निर्वाचित गराउनुपर्ने हुन्छ। यसका साथै समानुपातिक निर्वाचनमा पिछडिएको क्षेत्रबाट र अपांगता भएका व्यक्तिको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ। समानुपातिक निर्वाचन प्रणालीमा भाग लिन कम्तीमा ११ जनाको सूची बुझाएको हुनुपर्छ।

■ उम्मेदवारलाई २५ देखि ३३ लाखसम्म खर्च सीमा

निर्वाचन आयोगले प्रत्यक्षतर्फका १६५ निर्वाचन क्षेत्रलाई पाँच वर्गमा विभाजन गरेर २५ देखि ३३ लाखसम्म उम्मेदवारले खर्च गर्न पाउने सीमा तोकेको छ। सबैभन्दा कम २५ लाखसम्म खर्च गर्न पाउने पाँच निर्वाचन क्षेत्र छन्। जसमा काठमाडौं १, ३, ६, ७ र ८ छन्। त्यस्तै, सबैभन्दा धेरै ३३ लाखसम्म खर्च गर्न पाउने २६ निर्वाचन क्षेत्र छन्। ताप्लेजुङ १, पाँचथर १, संखुवासभा १, सोलुखुम्बु १, खोटाङ १, दोलखा १, रामेछाप १, काभ्रेपलाञ्चोक १, काभ्रेपलाञ्चोक २, मकवानपुर १, मकवानपुर २, गोरखा १, लमजुङ १, अर्घाखाँची १, रोल्पा १, प्युठान १, दाङ १, बर्दिया १, बर्दिया २, सल्यान १, डोल्पा १, हुम्ला १, जाजरकोट १, बझाङ १, डोटी १ र बैतडी १ ले ३३ लाख रुपैयाँसम्म खर्च गर्न पाउनेछन्।त्यस्तै १७ निर्वाचन क्षेत्रमा २७ लाख, ६५ क्षेत्रमा २९ लाख र ५२ क्षेत्रमा ३१ लाख उम्मेदवारले खर्च गर्न पाउने सीमा तोकिएको छ।

दिउँसो...

पृष्ठ १ बाट क्रमशः

र न्यूनतम १२ डिग्री सेल्सियस मापन भएको छ। त्यस्तै, नेपालगन्जमा अधिकतम १३.२ र न्यूनतम १०, भैरहवामा अधिकतम १४.५ र न्यूनतम ११.४ र सिमरामा अधिकतम १४.२ र न्यूनतम ११.८ डिग्री सेल्सियस मापन भएको छ। त्यस्तै, जनकपुरमा अधिकतम १४.६ र न्यूनतम ११.६, विराटनगरमा अधिकतम १६.३ र न्यूनतम १२.७ तथा चन्द्रगढीमा अधितम १६.७ र न्यूनतम १२.९ डिग्री सेल्सियस मापन भएको छ।

बाक्लो हुस्सु-कुहिरोले चिसो बढ्दा विपन्न वर्ग, वृद्धवृद्धा, बालबालिका र दैनिक ज्यालामजदुरी गर्ने वर्ग मारमा परेका छन्। 'जाडोले निकै समस्या भएको छ। आगो बाल्न दाउरा छैन,' कैलालीको गोदावरी नगरपालिका- ५, गेटास्थित मुक्तकमैया बस्तीकी ममतादेवी डगौराले भनिन्, 'ओढ्ने,-ओच्छ्याउने त छ, त्यसले चिसो रोक्न सक्दैन।'

सोही बस्तीकी कल्पना चौधरी चिसो धेरै भएपछि आइतबार मजदुरी गर्न गइनन्। श्रीमान् पतिरामसँगै घर निर्माणमा मजदुरी गर्ने उनले बढी चिसो भएका दिन घरमै बस्ने गरेको बताइन्। 'नजिकै जंगल छ, तर दाउरा काटेर ल्याउन पाइँदैन,' कमैया बस्तीमै भेटिएकी वृद्धा जुगनी चौधरीले भनिन्, 'दाउरा पाएको भए आगो तापेर बस्न हुन्थ्यो।' वनले झरेका दाउरा ल्याउन दिने गरे पनि सुकेका दाउरा काटेर ल्याउन नदिने गरेको उनले बताइन्।

त्यस्तै, कठ्यांग्रिँदो जाडोका कारण मोरङ बुढीगंगा गाउँपालिका- १, खापटोलका कृष्ण ऋषिदेव मजदुरी गर्न जान पाएका छैनन्। दैनिक ज्याला-मजदुरी गर्न जान नपाउँदा उनलाई आफू र परिवारको हातमुख जोर्न समस्या भइरहेको छ। 'चिसो बढ्दा राति राम्ररी सुत्न सकिँदैन। घुर (पराल र भुसको आगो) तापेर दिनरात कटाउनुपरेको छ,' उनले भने।

राष्ट्रिय मुसहर संघ कोशीका उपमहासचिव कविता सदाका अनुसार शीतलहरका कारण भूमिहीन, सुकुम्बासी र दैनिक मजदुरी गरेर खाने वर्ग मारमा छ। 'फुस र माटाको चिसो घरमा पराल ओछ्याएर बस्नुपर्ने बाध्यता हुन्छ,' उनले भनिन्।

विपन्न परिवारको दैनिकी कष्टकर

सिराहाको सखुवानन्कारकट्टी गाउँपालिका- २, पटना गाउँका करिब ७१ वर्षीय लक्ष्मी सदाय अशक्तजस्तै छन्। बढ्दो चिसोमा ज्यान जोगाउन भत्किएको फुसको घरमा हावा छेक्न खाट ठड्याएको भए पनि भुइँको चिसोबाट जोगिन करिब आधा फिट पराल बिछ्याएर त्यहीँ सुत्ने-बस्ने गरेको सदाय बताउँछन्। 'तीन भाइ छोरा मजदुरी गरेर जहान बालबच्चा हेर्छन्, जाडोमा साह्रै कष्ट भयो,' उनले भने। घाम नलागे पनि दिनभर परालको घुर बालेर बस्ने गरेको सुनाउँदै उनले भने, 'राति त घरमै बस्नुपऱ्यो, ओढ्ने-ओछ्याउने नहुँदा पराल नै हामी गरिबका लागि सिरक-डसना हो।'

पटना गाउँका करिब ५० घरधुरी मुसहर परिवारको अवस्था लक्ष्मीको भन्दा फरक छैन। तत्काल गरिब विपन्नका लागि न्यानोको व्यवस्था गर्न स्थानीय सरकारले पहल गर्नुपर्ने शिक्षकसमेत रहेका स्थानीय रामसुफल यादवले बताए।

लक्ष्मीजस्ता सयौँ गरिब विपन्न परिवार छन् जो चिसो र शीतलहरमा ज्यान जोगाउन दिउँसो घुर र राति परालको भर पर्न बाध्य छन्। सबैभन्दा नजिकको भनिने स्थानीय सरकार अपवादबाहेकका स्थानीय तहमा आफ्ना नागरिकलाई जाडोबाट जोगाउन न्यानो कम्बल, सिरक, त्यति नभए दाउरा भए पनि बाँडेर नागरिकप्रतिको दायित्व निभाइरहेको दलित अधिकारकर्मी विनोदकुमार बिसुन्केले बताए। 'गाह्रो-अप्ठ्यारो परेकै वेला त हो चाहिने सरकार,' उनले भने, 'सामान्य अवस्थामा त गरिब विपन्नले पनि आफ्नो आवश्यकता पूरा गर्न प्रयास गर्छन् नि।'

चिसो र शीतलहरले गरिब विपन्नलाई ज्यान जोगाउनसमेत मुस्किल परेपछि सिराहाको लहान नगरपालिकाले विपन्न बस्तीमा फाइबरको न्यानो सिरक वितरण गरेको छ। नगरप्रमुख महेशप्रसाद चौधरीले शनिबार लहान नगरपालिकाको तर्फबाट लहान- १५, ढोढना बानो गाउँका २८ र लहान-२४, गोविन्दपुरको खप्टेडाँडाका ८३ गरी १११ जना गरिब विपन्नलाई फाइबरको सिरक वितरण गरेका छन्। जनताको दैनिक पीरमर्का, समस्या सुनिदिने र समाधानको पहल गरिदिने जिम्मेवारी स्थानीय सरकारको रहेकाले मानवीय सहयोगका लागि न्यानो सिरक बाँडिएको उनले बताए। 'सडक, बाटोजस्ता विकास निर्माणका काम पनि जनताकै लागि हो,' उनले भने, 'त्यही विकासको उपभोग गर्ने जनताको ज्यान जोगाउनु पनि स्थानीय सरकारको मुख्य काम भएकाले न्यानो बाँडेका हौँ।'

शीतलहरमा स-साना नानीहरूसहित श्याम सदायको परिवार त्रिपालमुनि बस्दै आएको सूचना पाएलगत्तै गाउँ पुगेर तत्काल न्यानो सिरक दिइएको उनले बताए। 'सिरक बाँडेर फर्किएपछि शनिबारदेखि नै नगर प्रहरीको समेत सहयोग रहने गरी स्थानीय युवा र १० जना मजदुर परिचालन गरी काठ र बाँसको प्रयोग गरी जस्ता हालेर दुई कोठाको कच्ची घर बनाउन थालिएको छ,' चौधरीले भने। नगरकै सहयोगमा घर निर्माण गरी एक-दुई दिनभित्रै हस्तान्तरण गरिने उनले बताए।

नेपालगन्जमा मंगलबारबाट दाउरा वितरण हुने

शीतलहरले प्रभावित बाँकेमा मंगलबारबाट दाउरा वितरण गरिने भएको छ। नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामहरि शर्माले दाउराका लागि वन डिभिजन कार्यालयलाई रकम पठाइसकेकाले मंगलबारबाट दाउरा वितरण सुरु हुने बताए। 'दाउरा आइसकेको छ। मंगलबारबाट वडा-वडामा पठाउँछौँ,' उनले भने।

बाक्लो हुस्सुका कारण नेपालगन्जका गल्ली र सडकमा सर्वसाधारणको उपस्थिति एकदमै न्यून भएको छ। हुस्सुसँगै चिसो हावा चलेपछि वृद्धवृद्धा, बालबालिका र बिरामी बढी प्रभावित भएका छन्। नेपालगन्जका घर, गल्ली र सडकमा बिहान-बेलुकीमात्र नभई दिउँसोको समयमा समेत आगो तापेको पाइन्छ। न्यानो लुगा र ओढ्ने, ओछ्याउने किन्न नसक्दा रातभर सुत्न नसकेको नेपालगन्ज- ८, खट्कनपुरका वृजेश खटिकले बताए। 'शीत चुहिने फुसले छाएको घर छ। न्यानो ओढ्ने र ओछ्याउने पर्याप्त नहुँदा रातभर सुत्न सकिँदैन,' उनले भने।

दिनभर घाम नलाग्दा आगो बालेर दुना, टपरीको व्यापार गर्दै आएको नेपालगन्ज उपमहानगरपालिका-८, घसारियन टोलकी शान्ति घसियारले बताइन्। 'नेपालगन्जमा अति जाडो छ। आगो नबाल्ने हो भने बाहिर बस्न सक्ने अवस्था छैन। आगो तापेर दुना, टपरीको व्यापार गर्न परेको छ,' उनले भनिन्।

नेपालगन्ज- ११ का दिनेश गुप्ताले पैदलयात्री, रिक्सा र ठेला चलाउनेका लागि सडकछेउमा आगो बालेका छन्। चिसो बढेदेखि पाँच सय रुपैयाँको दाउरा खरिद गरिसकेको बताउँदै उनले उपमहानगरले अहिलेसम्म दाउरा वितरण नगरेको गुनासो गरे। 'उपमहानगरले दाउरा वितरण गरेको भए किन्न पर्ने थिएन। धेरैपटक भन्दासमेत नमानेपछि धर्म हुन्छ भनेर आफ्नै पैसाले दाउरा किनेर हिँडडुल गर्नेका लागि ताप्ने व्यवस्था गरेको छु,' उनले भने।

चिसोले रिक्सा चलाउन समस्या भएको रिक्साचालक रमेश वाल्मीकिले बताए। 'सडकछेउमा बालेको आगोले हिँडडुल गर्ने, रिक्सा र ठेला चलाउनेहरूलाई धेरै राहत मिलेको छ,' आगो ताप्दै गरेका वाल्मीकिले भने।

चिसो बढेपछि आरक्षपीडित, सुकुम्बासी, बाढीपीडित मारमा

चिसो बढेपछि कञ्चनपुरका आरक्षपीडित सुकुम्बासी, बाढीपीडित, विपन्न समुदाय मारमा परेका छन्। भीमदत्त नगरपालिका- ४, महेन्द्रनगर शिविरमा बस्दै आएका आरक्षपीडितले २४ वर्षसम्म पुनर्स्थापना नहुँदा त्रिपालमुनि जीवन काट्न बाध्य भएको बताएका छन्।

आरक्षपीडित दानबहादुर सुनारले ०५८ सालमा सरकारले बसोबासबाट विस्थापित गरेपछि शिविरमै बस्न बाध्य भएको बताए। 'हामी त्रिपालमुनि दिनरात काट्न बाध्य भएका छौँ,' उनले भने, 'हाम्रो पीडा कसले बुझिदिने, खान-लाउन धौधौ भइरहेका वेला कहाँबाट कपडा किन्ने ?' भीमदत्त नगरपालिका-१८, सालघारीका सुकुम्बारी रतनराम लुहारले दैनिक छाक टार्ने समस्या भएका वेला न्याना लुगा कपडा किन्नसमेत पैसा नहुँदा बाध्य भएर पुरानै लुगा लगाउन लागेको बताए। 'बाल्ने दाउरा छैन, आगो ताप्नसमेत हामीलाई सकस भएको छ,' उनले भने, 'जाडोले रातदिन काट्नै मुस्किल भएको छ, चुनावमा आउने दलले जीवन फेरिदिन्छौँ भन्छन्, तर चुनाव आउँछ, जान्छ, हाम्रा दिन उस्तै छन्।'

लालझाडी गाउँपालिका- ४, डाँगाजाईका बाढीपीडित रजनी रानाले बाढीले पहिलेको बासस्थान विस्थापित भएपछि झुपडी बनाएर बस्न बाध्य भएका आफूहरू मारमा परेको बताइन्।

कोशी नहरको स्तरोन्नति र सडक विस्तारले विस्थापितको भय

शीतलहरको पीडा खेपिरहेका वेला सप्तरीका हनुमाननगर कंकालिनीसँगै डाक्नेश्वरी र राजविराज नगरपालिका तथा महादेवा, छिन्नमस्ता, विष्णुपुर, राजगढ र तिलाठी कोइलाडी गाउँपालिकाका पाँच सय विपन्न परिवारमा विस्थापित हुने चिन्ता थपिएको छ।

चार पुस्तादेखि नहरको डिलमा बसोबास गर्दै आएका विपन्न परिवारलाई भारतले पश्चिमी कोशी नहरको स्तरोन्नति र सडक विस्तार सुरु गर्दा उनीहरू उठीबास हुने भएका छन्। शीतलहरको वेला घर नभत्काइदिन सबैतिर गुहार गर्दै हिँडेका छन्।

दैनिक मजदुरी गरेर १० जनाको परिवार पाल्दै आएका तिलाठी कोइलाडी गाउँपालिका- ८, तोपाका ५० वर्षीय खटर सदा अहिले घरबारविहीन हुने त्रासमा छन्। पुस्तौँदेखि बसोबास गर्दै आएको ठाउँबाट विस्थापित हुनुपर्ने डरले उनको १० जनाको परिवार यतिवेला छटपटीमा छ। तीन वर्षअघि जनता आवास कार्यक्रमअन्तर्गत दुईकोठे पक्की घर पाएका सदा परिवारले सोही घरमा आश्रय लिँदै आएका थिए। तर, हाल नहर स्तरोन्नति र सडक विस्तारको काम सुरु हुने भन्दै भारतीय ठेकेदारले पक्की घरसहित दुईवटा झुप्रो हटाउन निर्देशन दिएपछि उनीहरू समस्यामा परेका छन्।

घर भत्काइएपछि कहाँ जाने, कसरी परिवार जोगाउने भन्ने चिन्ताले उनलाई रातदिन सताइरहेको छ। 'हामी कहाँ जाने ? घर नै रहेन भने हाम्रो अस्तित्व के हुन्छ ? राज्यले एकातिर आवासको हक भन्दै घर बनाइदिने र अर्कोतिर विकासको नाममा त्यही घर भत्काउनुले यो कस्तो सरकार हो ? नहर बन्नुभन्दा पहिलादेखि नै हाम्रो बसोबास यहीँ छ,' खटर सदाले भने, 'तर, अहिले नहर स्तरोन्नति र सडक विस्तार गर्ने नाममा हामीलाई विस्थापित गर्न खोजिँदै छ। घर भत्काउनुभन्दा पहिला त हाम्रो अर्को व्यवस्थापन हुनुपऱ्यो नि।'

तिलाठी कोइलाडी गाउँपालिका- ८, तोपाका रामप्रित सदाको परिवार चार पुस्तादेखि नहरको डिलमा बसोबास गरिरहेको छ। दैनिक मजदुरी गरेर जीवन निर्वाह गरिरहेको उनलाई दुई साताअघि भारतीय ठेकेदारले घर हटाउन निर्देशन दिएपछि उनी चिन्तित बनेका छन्। 'हामी विपन्नका लागि को छ र अब हाम्रो घर भत्काइदिन्छन्। बालबच्चालाई लिएर यो शीतलहरको वेला कहाँ जाने ?' उनले भने, 'पटक-पटक वडा कार्यालयमा पुगेर अध्यक्षलाई जानकारी दिएको छु, अध्यक्षले पनि कुनै विकल्प नै नरहेको बताउनुहुन्छ, अब हामी के गर्ने, कहाँ जाने समस्यामा छौँ। एक धुर जग्गा पनि छैन।' हनुमाननगर कंकालिनी नगरपालिकाका- १, २, ४, ६ र ८ का दुई सय घरपरिवार विस्थापित हुने मेयर वीरेन्द्र माझीले बताए।

मधेश गौरवका योजनाको दुर्गति

पोखरी सौन्दर्यीकरण कार्यक्रम ६ वर्षदेखि अलपत्र

जनकपुरधाममा **हदिश खुद्दार**

धनुषाको जनकपुरधाम उपमहानगरपालिका- १७ को सुवाजी पोखरी नगरवासीको आस्थाको केन्द्र रहँदै आएको छ। छठ पर्वमा श्रद्धालुहरूले भरिभराउ हुने गर्छ। आर्थिक वर्ष ०७५/७६ मा मधेश प्रदेश सरकारले 'मुख्यमन्त्री स्वच्छता अभियान'अन्तर्गत यो पोखरीलाई सौन्दर्यीकरण गर्ने योजना ल्याउँदा नगरवासी उत्साहित भएका थिए। सौन्दर्यीकरणले छठ पर्व अझै भव्य हुने, बिहान-बेलुकी साथीभाइसँग डुल्न, भेटघाट गर्न सहज हुने नगरवासीको सपना थियो। तर, समयले त्यो खुसी आउने दिएन।

काम सुरु भएको ६ वर्ष बितिसक्दा पनि पोखरी सौन्दर्यीकरण अझै अधुरो छ। चारैतिरको अधुरो पर्खाल र भत्किएका इँटाहरूले गाउँवासीको आशाभन्दा उपहास गरेको जस्तो देखिन्छ। 'अधुरो नै राख्नु थियो भने काम सुरु नगरेको भए नै राम्रो हुन्थ्यो। उपमहानगरपालिका वा अन्य कुनै निकायले थोरै बजेट राखेर पनि केही काम गर्न सक्थ्यो होला। तर, ठेक्का लागेपछि कुनै निकायले हात लगाउन नै पाउँदैनन्। त्यसैले पोखरी अझै बढी जीर्ण बन्दै गएको छ,' स्थानीय राजेन्द्र साहले भने।

पोखरी स्थानीय सरस्वती माध्यमिक विद्यालयको स्वामित्वमा छ। विद्यालयले हरेक वर्ष माछापालनका लागि पोखरीलाई ठेक्का लगाउँदै आएको थियो। तर, सौन्दर्यीकरण योजना सुरु भएपछि विद्यालयले ठेक्का दिन छाडेको थियो। चार वर्षसम्म प्रतीक्षा गर्दा पनि काम सुरु नभएपछि विद्यालयले चालू आर्थिक वर्षमा वार्षिक ६ लाख ६५ हजारमा माछापालनका लागि ठेक्का लगाएको शिक्षक श्यामसुन्दर यादव बताउँछन्।

पोखरीको सौन्दर्यीकरण कार्य डेढ वर्षमा सम्पन्न गर्ने गरी पाँच करोड ३९ लाख ४० हजार ४०६ रुपैयाँमा ०७६ वैशाखमा निर्माण कम्पनीसँग सम्झौता भएको थियो। सम्झौताअनुसार निर्माण कम्पनीले तीनतिर पर्खाल निर्माण गरेर ७० लाख २१ हजार २२७ रुपैयाँ भुक्तानीसमेत पाइसकेको छ। तर, पछिल्ला ६ वर्षदेखि काम अलपत्र अवस्थामा छ।

वीरगन्ज महानगरपालिका- १६ स्थित नगवा पोखरीको सौन्दर्यीकरण सुरु भएको पनि ६ वर्ष बितिसकेको छ, तर योजना अझै अधुरो छ। पोखरीको मध्यभागमा सूर्यनारायणको मन्दिर बनाउन गाडिएका छड खिया लागेर जीर्ण भइसकेका छन्। पोखरीवरिपरिको सौन्दर्यीकरण चार वर्षदेखि रोकिएको छ।

नगवा पोखरी सौन्दर्यीकरणका लागि २३ वैशाख ०७६ मा प्रेरा-रञ्जन संयुक्त उपक्रम (जेभी) ललितपुरसँग १० करोड १ लाख ३० हजार ६०९ रुपैयाँको ठेक्का सम्झौता भएको थियो। सम्झौताअनुसार काम १४ वैशाख ०७८ भित्र सम्पन्न हुनुपर्ने थियो, तर हालसम्म जम्मा ५० प्रतिशत मात्र काम भएको कार्यालयले जनाएको छ। निर्माण कम्पनीले हालसम्म ३ करोड ९७ लाख ८७ हजार ५७६ रुपैयाँ भुक्तानी पाइसकेको छ।



अलपत्र अवस्थामा जनकपुरधाम- १७ कन्कपट्टीको सुवाजी पोखरी

● **सतिशकुमार सिंह**
पूर्वमुख्यमन्त्री



कतिपय योजनामा अख्तियारले अनुसन्धान गरिरहेको थियो, केहीका फाइल हराएका छन्। अहिले यो कार्यक्रम मुख्यमन्त्री कार्यालयबाट भौतिक पूर्वाधार मन्त्रालयमा, त्यहाँबाट जिल्ला भौतिक पूर्वाधार कार्यालयमा सारिएको छ। यस्तो अवस्थामा कुन योजनाको फाइल कहाँ छ भन्ने पत्ता लगाउन कठिन भयो। मुख्यमन्त्री कार्यालयमा पनि त्यसको रेकर्ड छैन।

● **सञ्जयप्रसाद साह, निमित्त सचिव**
भौतिक पूर्वाधार तथा विकास मन्त्रालय



मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रम विगतमा मुख्यमन्त्री कार्यालयमार्फत अधि बढाइएको थियो। तर, ०७८ मा मात्र यो कार्यक्रम भौतिक पूर्वाधार मन्त्रालयमा सारियो। सारिए पनि कार्यक्रम अघि बढाउन आवश्यक बजेट विनियोजन भएन, केवल योजना जोगाउन नाम मात्रको बजेट राखिन्थ्यो। त्यस रकमले काम हुन सक्दैनथ्यो।

त्यस्तै, मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत पहिलोपटक शिलान्यास गरिएको महोत्तरी गाउँपालिका-३, मडैस्थित ब्रह्मस्थान पोखरी सौन्दर्यीकरण योजना पनि अलपत्र अवस्थामा छ। पोखरी सौन्दर्यीकरणका लागि चार करोड ३३ लाख ११ हजार ६५० रुपैयाँमा ठेक्का सम्झौता भएको थियो। यसमध्ये २ करोड ८० लाख ५३ हजार ६८० रुपैयाँ भुक्तानी भइसकेको भए पनि काम हालसम्म ५० प्रतिशत मात्र सम्पन्न भएको छ।

वीरगन्ज महानगरपालिका- १२ स्थित मुरली पोखरी सौन्दर्यीकरणको काम पनि ६ वर्षदेखि अलपत्र छ। पोखरीको सौन्दर्यीकरणका लागि २३ वैशाख ०७६ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १० करोड ४३ लाखमा पेरा-रञ्जन जेभी ललितपुरसँग सम्झौता गरेको थियो। भौतिक पूर्वाधार कार्यालय पर्साका अनुसार पोखरी सौन्दर्यीकरणको अझै २० प्रतिशत काम बाँकी छ।

प्रदेश सरकारको लगानी भए पनि वर्षौंदेखि अलपत्र रहेका यी पोखरी उदाहरण मात्र हुन्। तत्कालीन मुख्यमन्त्री लालबाबु राउत सरकारले प्रदेशको पर्यटन प्रवर्द्धन तथा वातावरण संरक्षण गर्ने उद्देश्यले आर्थिक वर्ष ०७५/७६ र ०७६/७७ मा 'मुख्यमन्त्री स्वच्छता अभियान'अन्तर्गत प्रदेशभरका ३८ वटा पोखरी सौन्दर्यीकरण योजना ल्याएको थियो। योजनाअनुसार धनुषामा १२, सप्तरीमा दुई, सिराहामा दुई, महोत्तरीमा चार, सर्लाहीमा एक, रौतहटमा एक, बारामा चार, पर्सामा आठ र पूर्वाधार निर्देशनालयमातहतका चार गरी ३८ पोखरीमा काम सुरु गरिएको थियो।

धनुषाका सोहरी पोखरी लक्ष्मसनिया, यादव टोल पोखरी धबौली, थुमोना पोखरी जनकपुर, भोइल पोखरी बभनगामा, पुर्नी पोखरी, आन्दन पोखरी, सुवाजी पोखरी कनकपट्टी, दीषणवारी टोल पोखरी कमला- ३ माचि, महोत्तरीका सुकदेव पोखरी सुगा, ब्रह्मस्थान पोखरी, लक्ष्मीसागर पोखरी, पैर्नी पोखरी इकरहिया, पर्साका नगवा पोखरी, मुरली पोखरी, छिपहरमाई पोखरी, लक्ष्मणवा पोखरी, निचुटा पोखरी, सिराहाका चौरीदास पोखरी बरियारपट्टी, ओराही बभनटोली पोखरी, बाराका ऐसरा पोखरी सिम्रौनगढ, सर्लाहीको मलंगवा पोखरी, रौतहटको गढीमाई पोखरी, विनाग्रा पोखरी तथा सप्तरीको छिन्नमस्ता मन्दिर पोखरी सौन्दर्यीकरण गर्ने भनिएको थियो। यी पोखरीहरूको सौन्दर्यीकरण कार्य सुरुवाती अवस्थामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमार्फत अघि बढाइएको थियो। सबै योजना कार्य-इबिडिङ प्रक्रियामार्फत अगाडि बढाइएका थिए।

योजना कार्यान्वयन भइरहेका बेला कोभिड-१९ महामारीले करिब दुई वर्षसम्म काम ठप्प रह्यो। कोभिडपछि मुख्यमन्त्री कार्यालयले पुनः तिनलाई अघि बढाउन बजेट विनियोजन गरेको थियो। तर, १३ असोज ०७८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा छापा मारेर 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ कार्यक्रम'सम्बन्धी फाइल लिएपछि परिस्थिति फेरियो। त्यसपछि सो कार्यक्रम तत्कालीन सामाजिक विकास मन्त्रालयमा र 'मुख्यमन्त्री स्वच्छता अभियान' भने भौतिक पूर्वाधार विकास मन्त्रालयमा सारियो। कार्यक्रम मन्त्रालयमा सारिएदेखि यी योजनाहरू अघि बढ्न सकेका छैनन्।

बजेट अभावमा रोकियो पोखरी सौन्दर्यीकरण

मधेश प्रदेशको भौतिक पूर्वाधार तथा विकास मन्त्रालयका निमित्त सचिव सञ्जयप्रसाद साहले पर्याप्त बजेट नहुँदा पोखरी सौन्दर्यीकरण अभियान प्रभावकारी ढंगले अघि बढ्न नसकेको बताए। 'मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रम विगतमा मुख्यमन्त्री कार्यालयमार्फत अघि बढाइएको थियो। तर, ०७८ मा मात्र यो कार्यक्रम भौतिक पूर्वाधार मन्त्रालयमा सारियो। सारिए पनि कार्यक्रम अघि बढाउन आवश्यक बजेट विनियोजन भएन, केवल योजना जोगाउन नाम मात्रको बजेट राखिन्थ्यो। त्यस रकमले काम हुन सक्दैनथ्यो। तर, यस वर्ष भने ती योजनालाई अघि बढाउने गरी केही बजेट विनियोजन गरिएको छ,' उनले भने।

भौतिक पूर्वाधार विकास कार्यालय महोत्तरीका प्रमुख राजेशलाल कर्ण भन्छन्, 'विगतमा बजेट नहुँदा ती योजना अलपत्र थिए। चालू आर्थिक वर्षमा केही बजेट विनियोजन भएको छ। अब ठेकेदारलाई काम सुरु गर्न पत्राचार गर्छौं। त्यसपछि काम सुरु नगर्ने ठेकेदारमाथि कारबाही प्रक्रिया अघि बढाइनेछ।'

भौतिक पूर्वाधार मन्त्रालयका अनुसार ३८ वटा योजनाको बजेट करिब एक अर्ब ३५ करोड छ। तीमध्ये ३८ वटा योजनाको बजेट सुनिश्चत नहुँदा अलपत्र छ। करिब ६८ करोड रुपैयाँको बजेट सुनिश्चित भएमा अलपत्र योजनाको काम सम्पन्न गर्न सकिने मन्त्रालयले जनाएको छ।

किन असफल भयो 'मुख्यमन्त्री स्वच्छता अभियान'?

मधेशका पहिलो मुख्यमन्त्री लालबाबु राउतको नेतृत्वमा 'मुख्यमन्त्री स्वच्छता अभियान' योजना सुरु गरिएको थियो। योजना सुरु हुँदा प्रदेशमा संघीय समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीको संयुक्त सरकार थियो। तर, मुलुकको राजनीतिक उथलपुथलका कारण दुवै पार्टी फेरि छुट्टिए। महन्थ ठाकुरको नेतृत्वमा नयाँ लोकतान्त्रिक समाजवादी पार्टी बनेपछि ती सरकारबाट अलग भए। त्यसपछि उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टीले कांग्रेससँग मिलेर सरकार सञ्चालन गर्न थाल्यो।

०७८ मा अख्तियारले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा छापा मार्दा कांग्रेस प्रदेश सांसद रामसरोज यादव भौतिक पूर्वाधार विकासमन्त्रीको जिम्मेवारीमा थिए। त्यही समय मुख्यमन्त्री राउतले 'मुख्यमन्त्री स्वच्छता अभियान' कार्यक्रम भौतिक पूर्वाधार मन्त्रालयमा सारेका थिए। तर मन्त्री यादवले अभियानका लागि बजेट विनियोजन गर्नुको सट्टा नयाँ योजना अघि सारे। उनले 'मुख्यमन्त्री स्वच्छता अभियान'मा कटौती गरी बजेट महेन्द्रनारायण निधि आवास योजना अगाडि बढाए।

०७९ को निर्वाचनपछि जसपा नेपालले सरोजकुमार यादवलाई मुख्यमन्त्री बनायो। उनले करिब डेढ वर्षसम्म सरकारको नेतृत्व गरे। तर, आफ्नै पार्टी नेतृत्वको सरकारले अघि सारेको 'मुख्यमन्त्री स्वच्छता अभियान' कार्यक्रमलाई उनले निरन्तरता दिन सकेनन्। 'पहिलो सरकारले ल्याएका गौरवका योजनालाई अघि बढाउने प्रयास गरेको थिएँ। मधेश विश्वविद्यालय, कृषि विश्वविद्यालय र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानसहितलाई अघि बढाएँ। तर, 'मुख्यमन्त्री बेटी पढाऊ बेटी बचाऊ' र 'मुख्यमन्त्री स्वच्छता अभियान' कार्यक्रमहरूमा भ्रष्टाचार भएको आरोप लागेर ती कार्यक्रम बदनाम भए। कतिपय योजनाको फाइल अख्तियारले लगेको थियो। त्यसैले निरन्तरता दिन सकिएन,' उनले भने।

जसपा नेपालका प्रमुख सचेतक रामअशिष यादवले तत्कालीन सरकारले 'मुख्यमन्त्री स्वच्छता अभियान' ल्याउँदा केही गल्ती भएको स्वीकार गरे। उनका अनुसार 'केही महत्त्वपूर्ण तथा पर्यटकलाई आकर्षित गर्ने पोखरीको सौन्दर्यीकरणमा लगानी गर्नु ठिक थियो। तर, गाउँगाउँका सामान्य सार्वजनिक पोखरीलाई सौन्दर्यीकरणको नाममा करोडौँ खर्च गर्नु उपयुक्त थिएन।

सरोजकुमार यादवपछि जनमतका सतिशकुमार सिंह नेतृत्वको सरकारले पनि ती योजनालाई अगाडि बढाउन सकेन। 'म आउनुभन्दा पहिले नै यी कार्यक्रम लथालिंग अवस्थामा थिए। कतिपय योजनामा अख्तियारले अनुसन्धान गरिरहेको थियो, कतिपयको फाइल हराएको छ। अहिले यो कार्यक्रम मुख्यमन्त्री कार्यालयबाट भौतिक पूर्वाधार मन्त्रालयमा, त्यहाँबाट जिल्ला भौतिक पूर्वाधार कार्यालयमा सारिएको छ। यस्तो अवस्थामा कुन योजनाको फाइल कहाँ छ भन्ने पत्ता लगाउन कठिन भयो। मुख्यमन्त्री कार्यालयमा पनि त्यसको रेकर्ड छैन। त्यसैले त्यसमा लाग्न उचित देखेनौं,' उनले भने।

संक्षेप

दलित समुदायको उद्यमशीलता विकासका लागि तालिम दिँदै सरकार

काठमाडौं/ सरकारले दलित समुदायको परम्परागत उद्यमशीलता विकास र प्रविधिको स्तरोन्नतिका लागि तालिम दिने भएको छ। औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले 'भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम' अन्तर्गत तालिम कार्यक्रम गर्न लागेको हो। यसका लागि प्रतिष्ठानले सोमबार आवेदन माग गरेको छ। इच्छुक व्यक्तिले २१ दिनभित्र आवेदन दिन सक्नेछन्। आवेदन प्राप्त भएपछि प्रतिष्ठानले तोकिएको मापदण्ड पुगेका व्यक्ति तथा कम्पनीलाई तालिम दिनेछ। दलित समुदायले पहिलेदेखि नै विभिन्न पेसा गर्दै आएका छन्। आरन सञ्चालन गर्ने, जुत्ता बनाउने, कपडा सिलाउनेलगायतका पेसा दलित समुदायले गर्दै आएका छन्। त्यस्ता पेसालाई व्यावसायिक रूपमा विकास गर्न सहयोग पुग्ने गरी तालिम आयोजना गर्न लागिएको हो। यसका लागि 'भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२' जारी गरिएको छ।

हिसान अध्यक्षमा शर्मा

काठमाडौं/ उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान)को अध्यक्षमा युवराज शर्मा निर्वाचित भएका छन्। नवौं महाधिवेशनबाट शर्मा १६० मतसहित विजयी भएका हुन्। शनिबार सम्पन्न निर्वाचनमा उनका प्रतिस्पर्धी लोकबहादुर भण्डारीले १०६ मत प्राप्त गरे। शर्मा यसअघि रमेश सिलवालको कार्यकालमा वरिष्ठ उपाध्यक्ष र उनीसँग पराजित भण्डारी महासचिव थिए। हिसानको उपाध्यक्षमा टंकराज आचार्य र स्वागत श्रेष्ठ विजयी भएको निर्वाचन समितिले जनाएको छ। महासचिवमा रामहरि सिलवाल, उपाध्यक्षतर्फ नरेन्द्रबहादुर अधिकारी, मुकुन्द घिमिरे, राजेन्द्र अधिकारी, वीरेन्द्रजयना श्रेष्ठ, आरबी अधिकारी, ऋषि तिवारी, डोलराज पाण्डे, धरणीधर अधिकारी, विष्णुराज पौडेल, सुमन हरिन्द्र लामिछाने र गोपाल आचार्य निर्विरोध चयन भएका छन्।

भिरबाट लडेर युवकको मृत्यु

ताप्लेजुङ/ सिरिजंघा गाउँपालिका- ६, मामंखेमा भिरबाट लडेर युवकको मृत्यु भएको छ। मामंखेस्थित सुक्तेन थाबेगु टोलका ३० वर्षीय विजय लिम्बूको लडेर मृत्यु भएको हो। प्रहरीका अनुसार लिम्बू सोमबार बिहान करिब ५ बजे बाख्रा चराउन जानेक्रममा थोक्लम्बी भिरबाट करिब दुई सय मिटर तल खासेवा खोलामा खसेका थिए। उनी घटनास्थलमै मृत फेला परेको वडाध्यक्ष सुखराज लिम्बूले प्रहरीलाई जानकारी दिएका थिए। सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय तेल्लोकबाट प्रहरी नायब निरीक्षक हिमराज कटुवालको कमान्डमा चारजनाको प्रहरी टोली घटनास्थलतर्फ खटिएको थियो। घटनास्थल इलाका प्रहरी कार्यालय तेल्लोकबाट करिब ५० किलोमिटर उत्तरतर्फ दुर्गममा रहेको जनाइएको छ। प्रहरीले दिउँसो करिब २ बजे सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि प्राथमिक स्वास्थ्य केन्द्र तेल्लोक पठाएको छ। घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

सुनापति गाउँपालिकामा घुम्ती शिविर

रामेछाप/ नागरिकहरूलाई गाउँमै सहज तरिकाले सेवा दिने उद्देश्यले सुनापति गाउँपालिकाले सबै वडामा घुम्ती शिविर सञ्चालन गरेको छ। पालिकाले आइतबारबाट वडा नम्बर १ गुन्सीबाट सेवा सुरु गरेको हो। शिविरमा नयाँ व्यवसाय दर्ता, पुराना व्यवसाय नवीकरण, ज्येष्ठ नागरिक परिचयपत्र वितरण, अपांगता परिचयपत्र नवीकरण र परामर्शसहित कृषिजन्य विषादी वितरण, कृषक समूह दर्ता, माटो परीक्षण, पशुजन्य औषधि वितरण, पशुको क्यास्ट्रेसन तथा अन्य सामान्य उपचार रेबिज खोपको सेवा उपलब्ध गराइनेछ। त्यस्तै, विभिन्न योजना सम्झौता, ३० वर्षमाथिका महिलालाई भिअाइए स्क्रिनिङ र रिङ पेसरी राख्ने र ५० वर्षमाथिका नागरिकको आँखाको मोतिविन्दु रोगको स्क्रिनिङलगायतका १४ वटा सेवा शिविरमार्फत प्रदान गरिने सुनापति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेशकुमार श्रेष्ठले बताए।

अशोक राईका बहुमत केन्द्रीय सदस्य उपेन्द्र यादवको पार्टीमा समाहित

नयाँ पत्रिका

जसपा (जनता समाजवादी पार्टी) का सहअध्यक्ष रेणु यादवसहित बहुमत केन्द्रीय सदस्यले अध्यक्ष अशोक राईको साथ छाडेका छन्। राईलाई एमालेकालदेखि नै साथ दिँदै आएका संघीय परिषद् अध्यक्ष राजेन्द्र श्रेष्ठसहितका नेताहरू नेपाली कम्युनिस्ट पार्टीमा समाहित भएको महिना दिन बित्न नपाउँदै सहअध्यक्ष यादव र उपमहासचिव प्रदीप यादवलगायत नेताहरूले पनि पार्टी छाडेका हुन्।

उनीहरू उपेन्द्र यादवको पार्टी जसपा नेपालमा समाहित भएका छन्। जसपा नेपाल र लोसपाबिच आइतबार मात्रै एकता सहमति भएको थियो। गत वर्ष वैशाखमा उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल विभाजन गरी राईको नेतृत्वमा जसपा गठन गरिएको थियो।



यद्यपि, राई भने राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टीसहित रेशमलाल चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टीको चुनाव चिह्नमा मिलेर निर्वाचन लड्न निर्वाचन आयोगमा सोमबार समानुपातिकको बन्दुसूची बुझाएका छन्। राई, महतो र चौधरीबिच नागरिक उन्मुक्तिको जाँतो चुनाव चिह्न लिएर निर्वाचनमा जाने सहमतिअनुसार तीनजना नेता समानुपातिकको बन्दसूची लिएर निर्वाचन आयोग गएका हुन्।

झन्डै चार दशक वाम राजनीतिमा बिताएका राईले एमालेसँगै कम्युनिस्ट राजनीति त्यागेका थिए। ०६९ मा एमाले परित्याग गरेपछि राईले जनजातिको मुद्दा उठाएर संघीय समाजवादी पार्टी गठन गरेका थिए। तर, उक्त पार्टीले ०७० को दोस्रो संविधानसभा निर्वाचनमा प्रत्यक्षमा एक सिट पनि जित्न नसकेपछि राईले उपेन्द्र यादवको पार्टी फोरमसँग एकता गरेर संघीय समाजवादी फोरम बनाए। तर, उनी ०७४ को निर्वाचनमा पराजित भए। ०७९ मा भने जसपा नेपालबाट सांसदमा निर्वाचित भए र मन्त्री पनि बने। जसपा नेपाल हुँदै उनी हाल जसपा अध्यक्ष छन्।

समयक्रमसँगै राईलाई साथ दिएका नेताहरूले छाड्दै गएका छन्। एमाले परित्याग गर्दा राईलाई राजेन्द्र श्रेष्ठ, विजय सुब्बा, रकम चेम्जोङ, अजम्बर काङमाङ, वीरबहादुर लामा, रिजवान अन्सारी, हेमराज राई, गोपाल ठाकुर, सुशीला श्रेष्ठलगायतले साथ दिएका थिए। तर, राईको पार्टीले अपेक्षित परिणाम नल्याएपछि कतिपय नेता एमालेमा फर्किए। बाँकीले पनि बिस्तारै राईको साथ छाड्दै गए। उनीहरूमध्ये राईको साथमा हाल पत्नी सुशीला श्रेष्ठ र रकम चेम्जोङ मात्रै छन्।

राईको साथ छाड्ने नेताहरूले उनमा नेतृत्व क्षमता नभएको बताएका छन्। राईको दूरदर्शीतामा पनि प्रश्न उठाएका छन्। स्रोतका अनुसार राईले नेपाली कम्युनिस्ट पार्टीसँग एकता गर्न सुरुमा कार्यदल गठन गरेका थिए। छलफलपछि कार्यदलले तयार पारेको खाकामा राईले नै केही शब्द सच्याएका थिए। तर, मधेशबाट प्रतिनिधित्व गर्ने नेताहरू नमानेको भन्दै एकता प्रक्रियामा सहभागी भएका थिएनन्।

ढकारी गाउँपालिकाले बनायो छाउपडी प्रथा निवारण कानुन

अछाम/ ढकारी गाउँपालिकाले छाउपडी प्रथा निवारण कानुन बनाएको छ। सामाजिक सचेतना, जागरण र कानुनको माध्यमबाट छाउपडी प्रथा नियन्त्रणका लागि १६औँ हिउँदे अधिवेशनबाट कानुन ल्याइएको हो। ढकारीले यो कानुन कार्यान्वयनका लागि प्रत्येक टोल, वडा र गाउँपालिकास्तरमा समिति गठन गरेर तत्काल काम थाल्ने तयारी गरेको गाउँपालिकाका अध्यक्ष प्रकाशबहादुर साउदले बताए। उनका अनुसार समितिमा धामीझाँक्री, पुजारी र स्थानीयस्तरमा ज्येष्ठ नागरिलाई समितिमा विशेष भूमिकामा राखिनेछ। खासगरी महिला र किशोरीलाई जागरण पुग्ने गरी अन्य क्रियाकलापसमेत सञ्चालन गर्ने तयारी भइरहेको उपाध्यक्ष नेत्रकलादेवी शाहीले बताइन्।



'मर्यादित महिनावारीसम्बन्धी कार्यविधि २०८२' नाम दिइएको कानुनसँगै ढकारीले यसपटकको हिउँदे अधिवेशनबाट ६ वटा नयाँ कानुन पास गरेको छ। १३ वटा प्रस्तावमाथि छलफल गरेर अनुमोदन गरेको छ। गाउँसभामार्फत सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई निःशुल्क पोसाक वितरण गर्नेसम्बन्धी कार्यविधि २०८२ पास गरेर आउँदो आर्थिक वर्षदेखि सरकारी विद्यालयमा अध्ययनरत छात्रछात्रालाई निःशुल्क पोसाक वितरण गरिने भएको छ। यसले गरिब तथा विपन्न समुदायका बालबालिका शिक्षाको पहुँचमा पुग्ने विश्वास गरिएको प्रमुख प्रशासकीय अधिकृत नरेशबहादुर बोहराले बताए।

सञ्चालनमा आयो दुई सय बेडको बाल अस्पताल

सरकारी शुल्कमै बालबालिकाको जटिल रोगको उपचार, कान्ति बाल अस्पतालको भिड घट्ने अपेक्षा

शिवहरि घिमिरे/नयाँ पत्रिका

वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइरालाको नेतृत्वमा बाल अस्पताल सञ्चालनमा आएको छ। काठमाडौंको बुढानीलकण्ठ नगरपालिका- ७ मा दुई सय शय्याको काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (कियोच) सञ्चालनमा आएको हो।

आइतबारदेखि ओपिडी सेवा सुरु गरेको अस्पताल सामुदायिक अस्पतालमा रूपमा छ। सरकार, विभिन्न संघसंस्था, दातृनिकाय, समुदायलगायतको आर्थिक सहायतामा सञ्चालनमा आएको अस्पतालले कान्ति बाल अस्पतालकै शुल्कमा उपचार सेवा दिन थालेको छ। अस्पतालले ओपिडी टिकटमा नयाँ बिरामीलाई दुई सय र पुरानोलाई एक सय रुपैयाँ शुल्क तोकेको छ। अन्य ल्याब तथा जाँचमा पनि कान्तिमा भन्दा सस्तोमा सेवाप्रवाह गर्ने अस्पतालको दाबी छ।

अस्पतालले दैनिक बिहान १० देखि ४ बजेसम्म ओपिडी सेवा सञ्चालन गरेको छ। बिरामीको भिड बढ्दै गएमा समय थप गरिनेछ। 'अस्पताल खोलिनुको मुख्य कारण सबै किसिमका बालरोगहरूको एकै छानामुनि उपचार होस्, अभिभावक बालबालिकाको उपचार नपाएर भौतारिन नपरोस् भन्ने नै हो,' संस्थापक डा. भगवान कोइरालाले भने, 'हाम्रो उद्देश्य भनेको नसक्नेलाई पनि राम्रो उपचार सेवा दिनुपर्छ, काठमाडौंमा केन्द्रीय अस्पताल र त्यसको पहुँच काठमाडौंबाहिर पुऱ्याउनुपर्छ भन्ने हो। त्यसका लागि काठमाडौंबाहिर स्याटेलाइट सेन्टर स्थापना हुन्छ। मोफसलमा बालबालिकाको उपचार सेवा निकै कमजोर छ, त्यसलाई सहज पार्न हामीले यो अवधारणा ल्याएका हौं।' उपत्यकाबाहिर सबैजसो प्रदेशमा ५० देखि सय शय्याको अस्पताल निर्माण हुनेछ। अस्पतालमा एनआइसियू बेड संख्या २८ र पिआइसियू बेड संख्या सातवटा छन्। पहिलो चरणमा सीमित बेडहरू सञ्चालनमा ल्याए पनि बिरामी संख्या बढ्नेबित्तिकै ६० बेडमा पुऱ्याइनेछ। तीनवटा ब्लक रहेको अस्पतालले पहिलो चरणमा दुई सय बेड सञ्चालन गरेको छ। थप दुई सय बेडका लागि स्पेस तयार रहेकाले बेड संख्या चार सय पुऱ्याइने भएको छ। बिरामीको संख्या बढेपछि आवश्यक उपकरण र पूर्वाधार जडान गरिनेछ। अस्पतालले एक्स-रे, इसिजी, इको, अल्ट्रासाउन्ड र प्रयोगशाला परीक्षणसहित बाल परामर्श सेवाप्रवाह गर्नेछ। डा. कोइरालाको नेतृत्वमै दमकमा पनि यस्तै प्रकारको अस्पताल गर्त वर्षदेखि सञ्चालनमा आइसकेको छ। त्यहाँ पनि सरकारीसरह शुल्कमै उपचार सेवा दिने गरिएको छ।



■ उपचारलाई बिमामा समेटिने

भ्रापाको दमकमा खोलिएको बाल अस्पतालमा बिमा कार्यक्रम लागू भइसकेको छ। यहाँ पनि बिमा कार्यक्रम लागू गरिनेछ। अस्पतालले स्वास्थ्य बिमा बोर्डसँग समन्वय थालेको छ। सबै प्रकारका बिरामी आउने भएकाले बिरामीको सहजताका लागि बिमा कार्यक्रम सुरु हुने अस्पतालका प्रमुख सञ्चालन अधिकृत दीपेन्द्र खड्काले बताए।

■ एक अर्बका उपकरण

भवनको तीनवटा ब्लकमध्ये एउटा ब्लकको फिनिसिङ जारी छ। सो काम सक्दासम्म भौतिक संरचना निर्माणमा मात्रै एक अर्ब ७५ करोड खर्च हुने अस्पतालले जनाएको छ। त्यसबाहेक अस्पतालले एक अर्बको उपकरण खरिद गरेको छ। अस्पताल निर्माणमा सहयोग गर्न पाँच वर्षअघिदेखि नै कोइरालाले सरकार, विभिन्न संघसंस्था, दातृ निकाय र समुदायस्तरलाई आह्वान गरेका थिए। उनले अवधारणापत्र पाँच वर्षअघि नै स्वास्थ्य मन्त्रालय र मन्त्रिपरिषद्मा बुझाएका थिए। सो आधारमा सरकारले सामुदायिक अस्पतालका रूपमा खोल्न लागिएको भन्दै सहयोग थालेको थियो। चालू वर्ष मात्रै सरकारले सबै गरेर १० करोड छुट्याएको थियो।

अस्पतालका प्रमुख सञ्चालन अधिकृत दीपेन्द्र खड्काका अनुसार कान्तिमा उपलब्ध नहुने उपचार सेवासमेत अस्पतालले प्रवाह गर्न थालेको छ। बाल मुटु, न्युरो तथा अन्य दुर्लभ बाल रोगहरूसँग सम्बन्धित विशेष चिकित्सकसहितको सेवा दिन थालिएको खड्काले बताए। 'यो अस्पताल खोल्नुको मुख्य कारण सस्तोमा बहुविशिष्टीकृत उपचार सेवा दिनुपर्छ भन्ने हो। यहाँ र कान्तिमा शुल्कमा करिब-करिब उस्तै हुन्छ, अझ हामीकहाँ सस्तो होला भन्ने लाग्छ,' उनले भने, 'कान्तिमा हुने बिरामीको भिड घटाउँछौं।'

२३ र २४ भदौको 'कु–१' र आसन्न चुनाव

चुनाव सामना गर्ने आँट नभएर त्यसलाई भाँड्न खोजियो भने २३ र २४ भदौको भन्दा पनि ठुलो अर्को 'कु-२' निम्तिन पनि सक्छ



● बलराम केसी

अग्रलेख

शासकको ज्यादतीले 'कु' वा 'आन्दोलन' हुन्छ। 'आन्दोलन' नरम हुन्छ। 'कु-दे-ता' कडा हुन्छ। भिजिनरी शासक आन्दोलनमै सच्चिन्छ। उसले 'कु' निम्त्याउँदैन। नसच्चिनेले 'कु' निम्त्याउँछ। हाम्रा नसच्चिएकाले 'कु-१' निम्त्याए। 'कु' फ्रेन्च शब्दको 'कु-दे-ता' हो। 'कु' 'भायलेन्ट' भएर शासक अपदस्थ हुन्छ। सेनाले सरकारलाई अपदस्थ गरी सत्तामा आफैं जानुलाई 'कु' भन्ने गरिन्छ। तर नेपालको 'कु-१' सेनाबाट गरिएको होइन। 'कु' सुरुमा शान्तिपूर्ण थियो, सरकारले नरसंहार गरेर भायलेन्ट बनाईदियो।

'कु' मा शासक भाग्छन्, मारिन सक्छन् जेल जान सक्छन्। सत्तामा स्वीकार्य हुँदैनन्। २३ र २४ भदौको 'कु' ले कानुन अपूरो र फितलो देखियो। चार महिना नबित्दै अपदस्थहरू चुनाव हुन दिन्नौं भनेर उद्दण्ड मच्चाउँदै छन्। 'कु-२' निम्त्याउँदै छन्। अपदस्थ नेताहरू संसद् पुनर्स्थापना गराएर नरसंहार गरिएका ७७ युवाको अपमान र हजारौं घाइतेलाई च्यालेन्ज गरी गृहयुद्ध निम्त्याउन खोज्दै छन्।

आफूहरू सत्तामा हुँदा नेताहरूले भ्रष्टाचार र काण्डहरूबाट उन्मुक्ति लिइरहेका थिए। 'कु-१' ले उन्मुक्ति खोसियो। रास्वपा, बालेन शाह, कुलमान घिसिङ र जेन-जीहरूको उदयले कुनै दिन गिरीबन्धु, भुटाणी शरणार्थीलगायत सबै काण्डको अनुसन्धान भयो भने सिंहदरबार होइन, जेलमा वास होला भन्ने डर छ उनीहरूलाई। चुनावमा दलका 'अन्धभक्तहरू'को बाहेक अरूको मत नपाउने निश्चितजस्तै छ। त्यसैले उनीहरू बाहिर-बाहिर चुनाव भने पनि भित्रभित्रै भाड्न खोज्दै छन्। न्यायपालिकालाई पनि विवादमा तान्न खोज्दै छन्। अति विलम्ब गरेर किस्ताबन्दीमा रिट दर्ता गर्नु मान्य सिद्धान्तविपरीत र अदालतप्रतिको हेपाइ हो।

सुरुमा संसद् जगाइपाऊँ भन्ने रिट एमालेले दर्ता गऱ्यो। पछि उसैले अर्को रिट दर्ता गऱ्यो। त्यसपछि देउवालाई 'तपाईं पनि रिट हाल्नुहोस्, पुनर्स्थापना भयो भने तपाईंलाई प्रधानमन्त्री बनाउँछु' भनेको सार्वजनिक छ। प्रधानमन्त्री हुन पाइएला भनेर देउवाले पनि ओलीको आदेश माने। दुई नेताको पुनः भेट भयो। भेट राजनीतिक समस्या समाधानका लागि थिएन। देउवालाई धेरै सांसदको हस्ताक्षर संकलन गरेर अदालतमा बुझाउन सल्लाह दिए। अदालतमा नियमावलीमा तोकिएको ढाँचाको निवेदनबाहेक अरू निवेदन दर्ता गर्न पाइँदैन। १३८ को अंकगणित देखाउने संसद्मा हो, अदालतमा होइन। रिट बेलायतको 'कमन ल'बाट सिर्जना भएको हो। रिटमा 'वान-हु-कम्स-इन-इक्विटी-मस्ट-कम-विथ-क्लिन-ह्यान्ड' भनिन्छ। एमालेले राष्ट्रपतिलाई संसद् विघटन र सुशीला कार्कीको नियुक्ति फिर्ता लिनुस् भनेको सार्वजनिक भयो। रिटको सिद्धान्त आफैंले पनि मान्नुपर्छ। सिद्धान्तअनुसार 'उत्प्रेषण र परमादेश' माग्नेले कुनै कुरा लुकाउन पाइँदैन। रिटमा २३ र २४ भदौको घटना हुनुको कारण र कार्यकारी अधिकार शून्य गराएर आफू भाग्नुपरेको कारण पनि लुकाउन पाइँदैन। लुकाएमा घातक हुन्छ।

००७, ०४६ र ०६२-६३ गरी ३ आन्दोलन भए पनि देशमा सुधार कहिल्यै भएन। देश भन्नै बिग्रियो। नेताहरू कानुन, भ्रष्टाचार र अख्तियारदेखि डराउनुपर्नेमा भ्रष्टाचार, कानुन र अख्तियार नेताहरूदेखि डराउने बनाइयो। भ्रष्टाचार र असंवैधानिक कामको अखडा सिंहदरबार बन्यो। संसद् विघटन त्यहींबाट भयो। एक व्यक्तिको सनकमा देश चलाइयो। श्रीपेच लाउन नपर्ने र राज्याभिषेक गर्न नपर्ने गणतान्त्रिक राजाले देश चलाए। विरोध गऱ्यो कि गोली हान्ने, बच्यो भने नक्कली मुद्रा लगाउने गरियो। उद्घाटन र शिलान्यास गरेर लथालिंग छाडिनुलाई विकास भनेर झुक्याइयो। 'कु' गर्नुपर्ने कारण यही थियो। चुनाव सामना गर्ने आँट नभएर चुनाव भाँड्न खोज्दै छन्। २३ र २४ भदौको 'कु'लाई 'कु-१' मानेर अर्को 'कु-२' निम्त्याइँदै छ।

'कु'का कारण अपदस्थलाई अब नेपालीले स्विकार्न हुँदैन। अन्तर्राष्ट्रिय समुदायले के भन्लान् भन्ने चिन्ता भएन। नेपाल संयुक्त राष्ट्र संघको सदस्य भएकाले स्वतः 'सिभिलाइज्ड कम्युनिटी अफ नेसन्स'को सदस्य बन्छ। राष्ट्र संघको चार्टरअनुसार सदस्य देश स्वतः कानुनी शासन र 'कानुनको अगाडि सबै बराबर' मान्ने राष्ट्र हुन्छ। यिनलाई यसको पनि मतलब छैन। छानबिनका लागि गठित आयोगलाई मान्दिनँ भन्दै छन्। कानुन नमानेर ठुलो भइन्छ भन्ने बुझाइ यिनमा छ।



संसद्को आयु पाँच वर्ष अर्थात् १८२५ दिनको हो। दिनगन्तीका हिसाबले १८२५ दिन भनेको होइन। धारा ८५ मा बढीमा पाँच वर्ष लेखिएको छ। सरकारले विश्वास गुमाउने काम गऱ्यो भने १८२५ दिन नपुग्दै पनि संसद् विघटन गरिन्छ। राजनीतिक तवरबाट सुल्झाउनुपर्ने विवादलाई अदालतमा छिराएर 'जुडिसियलाइजेसन अफ पोलिटिक्स' गरियो। संसद्/अदालतप्रति विश्वास भएर 'जुडिसियलाइजेसन' गरिएको होइन। नयाँ चार उदीयमान शक्तिसँगको चुनावी प्रतिस्पर्धा टार्न पुनर्स्थापनाको नाटक गरिएको हो। विगतमा यिनैले दुईपटक संसद् विघटन गरे। यिनैले संसद् विघटन सदर गर्ने न्यायाधीशलाई महाभियोग लगाउँछौं भने। आज 'संसद् चाहिन्छ अदालत सम्मानित' हो भन्दै छन्। नेता चुनावदेखि डराउँदैन। 'कु-१' ले जनताको विश्वास गुमाएकाले चुनाव भाँड्न अदालत गुहारेको हुनुपर्छ।

> दलहरूलाई चुनावमा भाग लिन सुनको किस्तीमा निमन्त्रणा पठाउने होइन। सरकारले चुनाव गर्दै छौं भनेर भाषण गर्दै हिँड्ने पनि होइन। संसद् विघटन र चुनावको घोषणा नै चुनावको वातावरण या माहोल हो।

कंग्रेस र एमालेले यतिखेर सरकारले चुनावको वातावरण बनाएन भन्ने हल्ला पिटाइरहेका छन्। चुनावमा भाग लिन सुनको किस्तीमा निमन्त्रणा पठाउने होइन। सरकारले चुनाव गर्दै छौं भनेर भाषण गर्दै हिँड्ने पनि होइन। संसद् विघटन र चुनावको घोषणा नै चुनावको वातावरण या माहोल हो।

'कु-१' संविधान वा व्यवस्थाविरुद्ध गरिएको होइन, नेताविरुद्ध गरिएको हो। नेता सच्चिने हो भने संविधान संशोधन नगरे पनि हुन्छ। नेताहरू दोष आफू लिँदैनन्, संविधानलाई दोष दिन्छन्। नेतृत्वमा भएका युवालाई सुम्पने र अपदस्थहरूले सिंहदरबार नताक्ने हो भने समस्या स्वतः अन्त्य हुन्छ। आज नेता आफैं समस्या भएकाले यो समस्या बल्झिइरहेको हो।

बेलायत, जापान, नर्वे, स्विडेन, डेनमार्क, नेदरल्यान्डस्, बेल्जियम, थाइल्यान्ड, भारत आदि देशका प्रधानमन्त्रीको इमानदारी र नैतिकता सिक्नुपऱ्यो। जब नैतिकवान् बनिन्छ, भ्रष्टाचार गरिँदैन। पदको लोभी भइँदैन। संसद् विघटन गरिँदैन। चुनाव टारिँदैन। मुद्दामामिला गरिँदैन। अलोकप्रिय भएर बसिँदैन। राजीनामा गरिन्छ। पुनः राजनीति गरिँदैन। हाम्रा नेता, नेता बन्न र भन्नलायक कहिल्यै देखिएनन्। नेपाल 'प्रधानमन्त्रीपीडित बन्यो।'

चुनावमा भाग लिएर जितेमा जनताको विश्वास दोहोरिएको मानिन्छ। त्यसैले, चुनावमा भाग लिन आँट गर्नुपऱ्यो। ? 'जुडिसियलाइजेसन' गरेर चुनाव भाँड्नु भएन। मुद्दामामिला गर्न छाडेर नैतिकवान् बनेर चुनाव रोज्नुपर्थ्यो। 'जुडिसियलाइजेसन अफ पोलिटिक्स' किन गर्नुपऱ्यो ? राजनेताले अध्यक्षता गरेको दल हो भने निर्वाचन र मुद्दामध्ये रोज्नुपर्दा निर्वाचन नै रोज्नुपर्थ्यो। उल्टो यहाँ त अर्को दललाई पनि रिट हाल्न चम्काए, भड्काए र उक्साए। एउटै विषयमा किस्ताबन्दीमा रिट दर्ता पनि गरे। कांग्रेसलाई समेत उचालेर पुनर्स्थापनाका पक्षमा रिट हाल्न दबाब दिए। त्यतिले मात्र नपुगेर संसद् पुनर्स्थापनाको पक्षमा हस्ताक्षर नै संकलन गरियो। हस्ताक्षर संकलन गरिए पनि अदालतमा बुझाउनु हुन्थ्यो। यसलाई स्वतन्त्र न्यायसम्पादनमा हस्तक्षेप मान्नुपर्छ।

चुनाव नेताका लागि चोखिने गंगाजल हो, मरिसकेको संसद् ब्युँझाएर चोखिइँदैन। महाधिवेशनबाट दलको नेता चुनिनु जित हुँदैन। चुनाव भनेको धाँधलीरहित, विनादबाब सम्पन्न हुनुपर्छ। दलको चुनाव नै हेर्ने हो भने त क्युबा र उत्तर कोरियामा पनि हुन्छ। ती सब चुनावका नाममा मञ्चित नाटक मात्र हुन्।

कांग्रेस र एमालेले जुन दिन सातबुँदे सम्झौता गरे, त्यही दिनदेखि संविधान ट्र्याकबाहिर गयो। 'कु-१' को कारण यही हो। अझ सातबुँदेको 'ह्याङओभर'ले छाडेको रहेनछ उनीहरूलाई। सातबुँदेकै कारण २३ र २४ भदौमा 'कु' भयो। चुनावको स्वागत गर्नुपर्थ्यो। सरकारलाई सहयोग गर्नुपर्थ्यो। सर्वोच्च अदालतलाई चुनाव भाँड्न प्रयोग नगरौं। आमचुनाव हुन सकेन भने अझ ठुलो 'कु-२' हुन सक्छ। देश मात्र होइन, अन्तर्राष्ट्रिय समुदाय पनि यतिखेर नेपालमा चुनाव होस् भन्ने चाहन्छ। चुनाव भएन भने शान्ति र सुव्यवस्थामा खलल पुग्छ। रक्तपात हुन्छ। विदेशी लगानी बन्द हुन्छ। उद्योगधन्दा चौपट हुन्छ। संकटकाल मात्र होइन, सैनिक शासन पनि लाग्न सक्छ। देश अँध्यारो सुरुङभित्र प्रवेश गर्न सक्छ।

नेतालाई सुशीला कार्की सरकार र गौरीबहादुर कार्कीको आयोगको डर छ। साथै रास्वपा, जेन-जी, कुलमान घिसिङको दल र बालेन शाहको एकताको पनि डर छ। सुशीला कार्की सरकार 'भ्रष्टाचारमैत्री' होइन, भ्रष्टाचारको शत्रु हो। यी दललाई 'भ्रष्टाचारमैत्री' सरकार चाहियो। यिनले 'सुशीला कार्की' नेतृत्वको सरकार ढालेर अर्को कुनै भ्रष्टाचारमैत्री सरकारप्रमुख खोजिरहेका छन्। सुशीला कार्की प्रधानमन्त्री हुँदा धारा १३२(२) देखाएर सरकार ढाल्न रिट हालेका छन् यिनले। अब संसद् जगाएर संविधान संशोधन गरेर सर्वोच्च अदालतकै अर्को कोही 'पूर्व'को नेतृत्व भए पनि हुन्छ पनि भनिरहेका छन्। यो जति ठुलो 'फ्रड अन द कन्स्टिच्युसन' के होला ? यी नेताले देश र जनताको हितका लागि संसद् ब्युँताउन खेजेका होइनन्, आफू बच्नका लागि संसद् ब्युँताउन चाहेका हुन्।

तसर्थ, अदालतले ब्युँताइदिएमा बाहेक चुनाव हुन नदिने षड्यन्त्र गरे भने २३ र २४ भदौको अपूरो 'कु-१' लाई पूर्णता प्रदान गर्न 'कु-२' निम्त्याइनेछ। त्यतिबेला सेना, सुरक्षा निकाय र देशभक्त युवाको पनि सहभागिता भयो भने के होला ?

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

३ प्रश्न

विश्लेषक तथा अभियन्ता **राजेश विद्रोही**लाई



■ रवि लामिछाने र बालेन्द्र शाहबिचको सहमतिलाई कसरी हेर्नुभएको छ ?

उहाँहरूबिच भएको सहमतिले जनतामा लामो समयदेखि रहेको अन्योल केही हदसम्म स्पष्ट भएको छ। जसबाट जनताले एउटा निकास पाएका छन्। तर, यसमा कुलमान घिसिङ र हर्क साम्पाङजस्ता व्यक्तित्वहरूलाई पनि समेटेर व्यापक एकता भइदिएको भए देशभर अझ शक्तिशाली सन्देश जाने थियो। त्यो ऐतिहासिक अवसर खासगरी स्वतन्त्र छवि बोकेका बालेनसँग थियो। अहिले पनि त्यो सम्भावना समाप्त भइसकेको छैन। मन, भावना र विचार मिलेमा ती शक्तिलाई अझै जोड्न सकिन्छ। तर, त्यसका लागि निहित स्वार्थभन्दा माथि उठ्न सक्ने त्यागको खाँचो छ।

■ यो सहमतिले जेन-जी आन्दोलनले उठाएका माग र मुद्दा सम्बोधनको सम्भावना कति देख्नुहुन्छ ?

चुनावमार्फत दुईतिहाइ वा कम्तीमा स्पष्ट बहुमत हासिल गर्न सकेमा जेन-जी आन्दोलनले उठाएका मुद्दा, माग र जनतालाई दिइँदै आएका आश्वासन पूरा गर्न सकिन्छ कि सकिन्न भन्ने परीक्षा हुनेछ। त्यस अवस्थामा राज्यमा व्याप्त बेथिति, भ्रष्टाचार र प्रणालीगत कमजोरीमा सुधार ल्याउन सकिन्छ। तर, आवश्यक जनमत हासिल गर्न नसकेमा भने पुराना ठुला दलहरूबाट तीव्र राजनीतिक प्रतिरोध र दबाब सामना गर्नुपर्ने अवस्था आउन पनि सक्छ।

■ यो सहमतिले नयाँ शक्तिहरूलाई एकताको र पुराना दलहरूलाई रूपान्तरणको कत्तिको दबाब पर्ला ?

रवि र बालेनबिचको यो सहमतिबाट पुराना राजनीतिक शक्तिलाई विस्थापित र नयाँलाई स्थापित गर्ने एक खालको दबाब सिर्जना हुन्छ। यसले नयाँ राजनीतिक शक्तिलाई एकताका लागि दबाब सिर्जना हुन्छ भने पुराना दलहरूलाई रूपान्तरण नगरे अस्तित्व नै संकटमा पनि पर्न सक्ने चेतावनी दिनेछ। यस्तोमा नयाँ शक्तिहरू एकजुट हुन नसके कमजोर हुने जोखिम बढ्छ भने पुराना दलहरूमा रूपान्तरण हुन नसके उनीहरू राजनीतिको मैदानमा अप्रासंगिक बन्न पुग्नेछन्। त्यसैले यो सहमति सबैको अस्तित्वका लागि एउटा प्रस्ट राजनीतिक चेतावनी बन्न सक्छ।

प्रेरक प्रसंग

समयको पदचाप

मरुभूमिको बिचमा बसेको एक सहरमा फलको निकै कमी थियो। भगवान्ले आफ्ना दूत पठाएर मानिसलाई सकभर दिनमा एउटा मात्र फल खाएर फलफूल जोगाउन सिकाउन लगाए। मानिसहरूले उनको सल्लाह मानेर त्यसै गर्न थाले।



त्यसयता पुस्तौंपुस्तासम्म त्यही चलन चलिरह्यो। बिस्तारै त्यहाँको पर्यावरण संरक्षित हुँदै गयो। फलफूलका बोट पनि थपिँदै गए। केही दशकमै सहर फलफूलका बोटकै कारण हराभरा बन्यो। अब त्यहाँ फलफूलको कुनै कमी थिएन। तैपनि, मानिसहरूले दिनमा एउटा मात्र फल खाने प्रथामा फेरबदल ल्याएका थिएनन्। उनीहरू पुस्तौंदेखि चल्दै आएको पुरानो चलनप्रति बफादार थिए। उनीहरू अन्य सहरबाट फलफूल किन्न आउनेलाई पनि बेच्दैनथे। परिणामतः त्यहाँ टनकाटन फलफूल खेर जान्थ्यो। जमिनमा जतातै फलफूल नै फलफूल फ्याँकिएका देखिन्थे। यो देखेर भगवान्ले फेरि अर्का एक दूतलाई बोलाएर सहरमा गएर सहरवासीलाई उनीहरूले जति चाहन्छन्, त्यति फलफूल खान र बचेको फलफूल अन्य सहरमा बेच्न सल्लाह दिन लगाए। दूतको सल्लाह मान्नुको साटो परम्परामाथि अगाध विश्वास भएका सहरवासीले उनलाई ढुंगाले हानेर लखेटे। उनीहरू आफ्नो परम्परा बदल्न कत्ति पनि तयार थिएनन्।

तर, समयक्रममा केही युवाले यस्तो परम्पराको विरोधमा आवाज उठाउन थाले। पुरानो परम्परा बदल्न कठिन भएकाले उनीहरूले आफ्नो धर्म नै छाडिदिए र मन लागेजति फलफूल खान थाले। बचेको फलफूल अरूलाई पनि बेच्न थाले। केही वर्षभित्रै पुरानो धर्म मान्ने मानिस लगभग सकिए। आफूलाई सन्त मान्ने सीमित बुढापाका मात्र पुरानो धर्मप्रति आस्थावान् रहे। समाज कसरी परिवर्तन हुँदै छ भन्ने बुझेर समयको पदचापअनुसार आफूहरू चल्न नसकेका कारण आफ्नो पुरानो धर्ममा संकट आएको उनीहरूले बुझ्न नसक्दा यस्तो भएको थियो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

भुक्याउने सचिवलाई कारबाही होस्

दस्तखत गर्ने अधिकारी सबै विषयको ज्ञाता नहुन सक्छ। सरकारी नुनपानी खाएर राज्यको उच्च ओहोदामा बस्ने सचिवले जनविरोधी निर्णय गराएकामा हदैसम्मको सजाय हुनुपर्छ।

● गोविन्द श्रेष्ठ

सचिवले भुक्याए भन्ने दाबीले मात्र प्रधानमन्त्रीको संवैधानिक दायित्व समाप्त हुँदैन। देशको कार्यकारी प्रमुखले कुनै पनि सरकारी कागजात अध्ययन नगरी हस्ताक्षर गरेको मानिन्छ भने त्यो गम्भीर लापरबाही हो र अध्ययन गरेर हस्ताक्षर गरेको हो भने निर्णयको सम्पूर्ण उत्तरदायित्व प्रधानमन्त्री स्वयंको हुन्छ। अधीनस्थ कर्मचारीलाई दोषारोपण गर्दै राजनीतिक र नैतिक जिम्मेवारीबाट पन्छिनु विधिसम्मत हुँदैन। नेतृत्व भनेको अधिकारसँगै उत्तरदायित्व पनि हो। सचिवले भुक्याए भन्ने बहाना धेरै भयो। हस्ताक्षर गर्ने व्यक्ति देशको प्रधानमन्त्री हो, बालक होइन। कसैले कागजात नपढी हस्ताक्षर गर्छ भने त्यो उसको अयोग्यता हो। भोलि कसैले राजीनामापत्र राखेर हस्ताक्षर गरायो भने पनि सचिवलाई नै दोष दिने ? नेतृत्व भनेको जिम्मेवारी हो, बहाना होइन। आफ्नै गल्ती लुकाएर अरूलाई बलिको बोको कहिलेसम्म बनाउने ?

● प्रवीण दास

यी कर्मचारीको हर्कत हेर्दा त के भनौं र खै ! देशको प्रधानमन्त्रीलाई समेत झुक्याउन सक्नेले गरिब निमुखा सोझा जनतालाई त झन् के मात्र नगर्लान् ? सचिव कृष्णहरि पुष्करलाई दरो कारबाही हुनुपर्छ।



● खत्री सुब्बा

कहिले संसद्मा सांसदलाई झुक्याउने, कहिले प्रधानमन्त्रीसमेतलाई झुक्याउने ! कानुन र सजायको रत्ति पनि डर मान्दैनन् कि क्या हो यिनले ? संसद् र प्रधानमन्त्रीमाथि समेत जालसाजी गर्नेले निमुखा जनतालाई के गर्लान् ? अँ साँच्ची 'कुलिङ अफ पिरियड' काण्ड के हुँदै छ हँ ?

● नरेन्द्र कपाली

देश बिगारेको नेताले हुँदै होइन। देशमा लुट्न र छुट्न सिकाउने नै कर्मचारी हुन्। नेतृत्व आउँछ, जान्छ तर यिनले सधैं सबैमाथि रजगज गर्छन्।

● सूर्य विश्वकर्मा
(नयाँ पत्रिका फेसबुक पेजबाट)

सहमति नाम मात्रको नबनोस्

जनताले राजनीतिक दलहरूको एकता र बिछोड धेरै देखेका छन्। अब रवि र बालेनबिचको एकताचाहिँ त्यस्तो नहोस् भन्ने आमनागरिकको चाहना छ। पद र पावरका लागि गरिने सम्झौता लामो समय टिक्न सक्दैन भन्ने तथ्य विगतका सम्झौताले पुष्टि गरेका छन्। दल खोल्नु ठुलो कुरो होइन। दुईचार सिट जितेर सरकारमा गएर सत्ता र भत्ता मात्र पचाउने दलहरू देखेर जनता वाक्कदिक्क भइसकेका छन्। अब आउने निर्वाचनमा त्यो शृंखला नदोहोरियोस्।

देशलाई समृद्ध बनाउने र नेपाली जनतालाई सुशासन दिने वाचासाथ रवि लामिछाने र बालेन्द्र शाह एकै ठाउँमा उभिएका छन्। यसबाट जनतामा केही आस पलाएको छ। उनीहरू कसरी अघि बढ्लान् त्यो आउने दिनले देखाउने नै छ। रवि र बालेनबिचको सातबुँदे सम्झौता कसैको जित र कसैको हार होइन। यो सम्झौता तोड्न अनेक प्रयास हुन सक्छन्, सचेत भएर अघि बढ्न आवश्यक छ। सकिन्छ भने कुलमानको पार्टीलाई पनि साथमै ल्याएमा अझ बेस हुनेछ।

● पुरुषोत्तम घिमिरे, जोरपाटी काठमाडौं
ghimirepuru@gmail.com

सोमालिल्यान्डको मान्यतामा देखिने इजरायलको व्याकुलता

दुई वर्षदेखि विविध मोर्चामा युद्ध लडिरहेको इजरायल एक्लो बन्दै गएको संकेत हो उसको पछिल्लो कूटनीतिक सक्रियता



देश/विदेश

● इटे म्याक

इजरायलका विदेशमन्त्री गिदोन सा'आरले २६ डिसेम्बरमा सामाजिक सञ्जाल 'एक्स'मा लेख्दै अफ्रिकाको सोमालिल्यान्डलाई औपचारिक रूपमा स्वतन्त्र देशको मान्यता दिएको जानकारी दिए। त्यही पोस्टमा सा'आरले छिट्टै एकअर्काको भूमिमा दूतावास खोलिने पनि बताएका थिए। सोमालियाबाट सन् १९९१ मा एकतर्फी रूपमा अलग्गिएको घोषणा गरेको सोमालिल्यान्डलाई हालसम्म कुनै पनि देशले मान्यता दिएका थिएनन्।

त्यसअघि १८ डिसेम्बरमा विदेशमन्त्री सा'आरले नै जेरुसेलममा फिजीको दूतावास खोलिने र फिजीमा इजरायली दूतावास खोलिने जानकारी दिएका थिए। अचानक देखिएको इजरायलको यो कूटनीतिक सक्रियतालेे के संकेत गर्छ ? केही विज्ञले फिजी र कुनै देशले स्वतन्त्र देश नमानेको सोमालिल्यान्डसँग इजरायलले पारस्परिक दूतावास स्थापना गर्ने सहमति गर्नु कूटनीतिक सफलता नभएको औंल्याएका छन्। बरु, यसले दुई वर्षभन्दा लामो समयदेखि विविध मोर्चामा युद्ध लडेपछि इजरायलले आफूलाई एक्लो महसुस गरेको गहिरो निराशालाई संकेत गर्ने तिनको भनाइ छ। गाजापट्टीमा व्यापक बमबारीपछि निम्तिएको आमविनाश, मृत्यु र भोकमरीले इजरायलका दुई सबैभन्दा महत्त्वपूर्ण सहयोगीहरू जर्मनी र संयुक्त राज्य अमेरिकामा जनमत उल्लेख्य बदलिएको छ। गाजामाथिको आक्रमण जारी राखेका कारण जर्मनीले इजरायलमाथि आंशिक हतियार प्रतिबन्ध लगाएको छ। युरोपभर वामपन्थी दलहरूले अहिले इजरायलको बहिष्कार र हतियार प्रतिबन्धलाई मुख्य मुद्दा बनाएका छन्।

अक्टोबरमा समेत गाजामा युद्धविराम नभएको भए, युरोपेली संघले इजलायलविरुद्ध विभिन्न प्रतिबन्ध लगाउने थियो। युद्धविरामपछि पनि इजरायलको कूटनीतिक सम्बन्ध युद्धपूर्वको अवस्थामा फर्किनसकेको छैन। नरसंहारको विषयमा अन्तर्राष्ट्रिय न्यायालयमा परेको मुद्दा अझै चलिरहेकै छ। राष्ट्रपति डोनाल्ड ट्रम्पले अदालतका न्यायाधीशमाथि प्रतिबन्ध लगाएपछि नेतान्याहुविरुद्धको पक्राउ वारेन्ट रद्द गरिएको छैन। पछिल्लोपटक युद्धविराममा हस्ताक्षर भएदेखि, वेस्ट बैंकमा इजरायली आतंक र जातीय सफाया जोडतोडसाथ चलिरहेको संसारले देखिरहेकै छ। गाजामा पनि युद्धविराम भनिएको छ, तर अझै इजरायली आक्रमण रोकिएको छैन। अक्टोबरयता पनि गाजामा सयौं नागरिक मारिइसके।

नेतन्याहुले अमेरिकी राष्ट्रपति ट्रम्पकै युद्धविराम योजनालाई समेत तोडमोड गर्ने सक्दो प्रयास गरिरहेका छन्। यसमा गाजामा बस्ती विस्तार गर्ने मनसायबारे इजरायली रक्षामन्त्रीको बयान पनि समावेश छ। यही मुद्दामा जर्मन सरकारले इजरायलमाथि तत्काल प्रतिबन्ध लगाउनुपर्ने र हतियार ढुवानी रोक्नुपर्ने जर्मन वामपन्थी पार्टी 'डाई लिंके'का नेता जान भ्यान अकेनले आह्वान गरे। खासमा भ्यान अकेनको टिप्पणी जर्मन जनतामाझ निरन्तर गति लिइरहेको भावनासँग मेल खान्छ।

विश्व लहर इजरायली राज्यविरुद्ध उठ्दा यो दबाबसामु कमजोर बन्छ। त्यहाँको विदेश मन्त्रालयलाई यो कुरा



राम्ररी थाहा होला। किनकि सन् १९६७ र १९७३ को युद्धपछि इजरायलले यस्तै खराब सम्बन्धको सामना गर्नुपरेको थियो। कमजोर हुँदा गाबोनजस्तो देशसँग पनि झुक्नुपरेको इतिहास छ।

सन् १९६७ को युद्धपछि, विदेश मामिलामा सम्बन्धविच्छेदको पहिलो लहर सुरु भएको थियो। त्यतिबेला, इजरायलले हरेक सम्भावित माध्यममार्फत थप सम्बन्ध क्षय रोक्ने प्रयास गरेको थियो। हाल सार्वजनिक भएका विदेश मन्त्रालयको सञ्चारअनुसार सन् १९७० मा गाबोनका राष्ट्रपति तथा तानाशाह ओमर बोंगोकी पत्नी जोसेफिन बोंगो इजरायलको भ्रमणका लागि आइपुगेकी थिइन्। भ्रमणमा इजरायलले आफू ओमरको तानाशाही शासनकै पक्ष रहेको देखाउने योजना बनाएको थियो। तर, कार्यक्रम योजनाअनुरूप अघि बढेन। इजरायली प्रधानमन्त्री गोल्डा मेयर मन्त्री इसरायल बर्जिलाईको अन्त्येष्टिमा भाग लिन जोसेफिन बोंगोको सम्मानमा आयोजित चिया पार्टी रद्द गर्न बाध्य भइन्। चियापार्टीमा प्रधानमन्त्रीको अनुपस्थिति र इजरायली मिडियाले आफ्नी श्रीमतीको भ्रमणलाई पर्याप्त महत्त्व नदिएको थाहा पाएर तानाशाह क्रोधित थिए।

त्यसलगत्तै उनले आफ्नी श्रीमती मात्र होइन, इजरायलका लागि देशका राजदूतसमेत तत्काल फिर्ता बोलाए। कूटनीतिक सम्बन्ध बिग्रिन लागेपछि इजरायल व्याकुल बन्यो। लामो वार्तापछि इजरायलले ग्याबोनका तानाशाहलाई दुई लाख डलर मूल्यको हतियार र अन्य सैन्य उपकरण उपहारमा दिएपछि बल्ल सम्बन्ध सुधिएको थियो। त्यही दौडधुपको प्रतिफलस्वरूप सेप्टेम्बर १९७२ मा संयुक्त राष्ट्र संघ महासभामा ग्याबोन इजरायलविरुद्ध भएको मतदानबाट टाढा रहेको थियो। यति प्रयासका बाबजुद लगभग एक वर्षपछि, ग्याबोन पुनः सन् १९७३ को युद्धपछि इजरायलसँग सम्बन्धविच्छेद गर्ने दोस्रो लहरमा सामेल भयो।

भविष्यमा इजरायलको विदेश मन्त्रालयले फेरि गाजा युद्ध र यसको परिणामबारे जोडिएका फाइल खोल्दा वा कुनै पत्रकारिताको खोजले ल्याएको सूचनाले इजरायली सरकार विश्वभर आफ्नो कूटनीतिक सम्बन्ध जोगाउन केसम्म गर्न तयार थियो भन्ने खुल्ला। यसैअन्तर्गत हाल मन्त्री सा'आरले ट्विटमार्फत केही देशमा दूतावास खोल्न केसम्म गरिएको थियो भन्ने पनि पर्दाफास होला।

(म्याक इजरायली मानव अधिकार वकिल तथा अभियन्ता हुन्)
द वायरबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिका–भारत सम्बन्धमा तिक्ततासँगै निष्क्रिय क्वाड

अमेरिकासँगको सम्बन्ध चिसिँदा गत नोभेम्बरमा भारतमा हुने तय भएको सम्मेलन स्थगित, नयाँ मितिसमेत भएन घोषणा

चतुर्भुज सुरक्षा संवाद अर्थात् 'क्वाड'का नेताहरूको अन्तिम भेटघाट सेप्टेम्बर २०२४ मा भएको थियो । अमेरिकामा आयोजना भएको समूहको सम्मेलनमा तत्कालीन अमेरिकी राष्ट्रपति जो बाइडेनले संयुक्त राज्य अमेरिका, भारत, अस्ट्रेलिया र जापानबिचको साझेदारी 'विगतको भन्दा रणनीतिक रूपमा धेरै मिल्दै गएको' घोषणा गरेका थिए । 'क्वाड यसरी नै अघि बढ्छ,' त्यस समय भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भनेका थिए । तर, एक वर्षको अन्तरालमा समय फेरिइसकेको छ ।



● हेरान जो

जो 'टेक्सास ए-एन्ड-एम विश्वविद्यालय'की राजनीति विज्ञानकी सहप्राध्यापक हुन्



● युन जोङ चोई

चोई सोही विश्वविद्यालयकी आगन्तुक प्राज्ञ हुन्

क्वाड देशका नेताहरूबिच नोभेम्बर २०२५ मा भारतमा सम्मेलन आयोजना हुने तय भएको थियो । नोभेम्बर आएर पनि गइसक्यो, तर तय भएको कुनै कार्यक्रम आयोजना भएन । सम्मेलनका लागि अर्को मिति पनि घोषणा भएको छैन । आखिर यो मौनता किन ? अन्तर्राष्ट्रिय संस्था र इन्डो-प्यासिफिक(हिन्द प्रशान्तीय) क्षेत्रमा नजर राख्ने विज्ञहरूले यसको उत्तर क्वाडका दुई ठुला सदस्यहरू : भारत र अमेरिकाको सम्बन्धमा पाउन सकिने बताउँछन् ।

क्वाडबाट अमेरिकालाई के फाइदा हुन्छ भन्नेमा ट्रम्प प्रशासन स्पष्ट छैन । उता नयाँदिल्ली भने चीन र अमेरिकाबिचको बढ्दो भूराजनीतिक प्रतिस्पर्धामा आफूलाई कसरी प्रस्तुत गर्ने भन्ने कुराले चिन्तित छ । परिणामस्वरूप, अहिलेका लागि क्वाड निष्क्रियजस्तै बनेको छ ।

अंग्रेजीमा 'क्वाड्रिलेटरल सेक्युरिटी डायलग'(अर्थात् चतुर्भुज सुरक्षा संवाद)को छोटो रूप क्वाडको बिउ सन् २००४ तिर रोपिएको थियो । हिन्द महासागरमा आएको विशाल सुनामीपछि बनेको क्वाडको पहिलो संस्करणमा यो विशाल प्रकोपपछिको मानवीय सहायता र सहयोगमा केन्द्रित रह्यो । सन् २००७ मा तत्कालीन जापानी प्रधानमन्त्री सिन्जो आबेको सोचअनुरूप 'क्वाड'लाई समुद्री सुरक्षा र आर्थिक सहयोगतर्फ केन्द्रित गर्न थालियो । यसअन्तर्गत हिन्द तथा प्रशान्त महासागरमा निर्बाध आवागमनलाई प्रवर्द्धन गर्ने प्लाटफर्मका रूपमा यसलाई पुनर्मार्जित गरियो ।

बिचमा अस्ट्रेलियाले चीनसँग व्यापार सम्बन्धलाई प्राथमिकता दिँदा सन् २००८ तिर यस साझेदारीबाट पछि हटेको थियो । भारत पनि कहिलेकाहीं क्वाडको निरन्तरताको बारेमा उदासीन रहेको देखियो । यसपछाडि आंशिक रूपमा उसको असंलग्न कूटनीतिको ऐतिहासिक विरासत र बेइजिङसँगको सम्बन्धलाई असर गर्ने चिन्ताले भूमिका खेलेको थियो । क्वाडको दोस्रो संस्करण सन् २०१७ मा जीवन्त भयो, जब यसका चार मुख्य सदस्य चीनको बढ्दो शक्तिबाट सशंकित भएर एकजुट भए ।

नाममा सुरक्षा संवाद जोडिएको भए पनि यसले पछिल्लो समय विश्वव्यापी स्वास्थ्यदेखि समुद्री क्षेत्र जागरुकता र प्रविधिलगायतका गैरसुरक्षा एजेन्डातर्फ ध्यान बढाउँदै छ । पछिल्लो समय उदीयमान क्वाडको तेस्रो संस्करणले 'विकास, स्थिरता र समृद्धि' नाराका साथ अघि बढ्न खोज्दा यसका दुई ठुला सदस्यबिच नै व्यापार र भन्सार विवादको कारण बनेको छ ।



> क्वाडबाट अमेरिकालाई के फाइदा हुन्छ भन्नेमा ट्रम्प प्रशासन स्पष्ट छैन । उता नयाँदिल्ली भने चीन र अमेरिकाबिचको बढ्दो भूराजनीतिक प्रतिस्पर्धामा आफूलाई कसरी प्रस्तुत गर्ने भन्ने कुराले चिन्तित छ । परिणामस्वरूप, अहिलेका लागि क्वाड निष्क्रियजस्तै बनेको छ ।

भन्सार विवाद

वासिंगटन पहिलदेखि नै भारतको कृषिबजार पहुँचलाई लिएर असन्तुष्ट रहँदै आएको बताइन्छ । लामो व्यापार तनावबिच अगस्ट १, २०२५ मा, वासिंगटनले भारतीय सामानमा २५ प्रतिशत पारस्परिक भन्सार लगाउने घोषणा गऱ्यो । पछि नयाँदिल्लीले रुसी तेलको निरन्तर खरिद गरेको भन्दै थप २५ प्रतिशत दण्डात्मक शुल्क लगाइयो । वासिंगटनले भारतीय सामानमाथि लगाएको ५० प्रतिशत को विशाल भन्सार करले नयाँदिल्लीलाई अप्ठ्यारो परिरहेको समयमा अर्को कटुता निम्त्याउने कदम आयो । अमेरिकाले एच-१बी भिसामा नयाँ प्रतिबन्ध लागू गऱ्यो । अमेरिकी कम्पनीले अस्थायी दक्ष कामदारलाई भित्र्याउन सक्ने यस भिसा पाउनेमध्ये लगभग ७० प्रतिशत भारतीय नागरिक हुने गरेका छन् ।

सेप्टेम्बरमा रियो दी जेनेरियोमा आयोजना भएको ब्रिक्स बैठकमा भाग लिने भारतको निर्णयले नयाँदिल्ली र वासिंगटनबिचको दरार थप बढायो । रुस र चीनलगायत पश्चिमविरोधी अन्य देश प्रभावशाली रहेको ब्रिक्सलाई वासिंगटनले 'अमेरिका विरोधी' मान्ने गरेको छ । ब्रिक्स समूहको एक प्रमुख सदस्यका हिसाबमा समूहको सम्मेलनमा भारतको उपस्थिति सामान्य माननुपर्ने थियो । तर, मोदीको व्यक्तिगत रूपमा उपस्थित नहुने निर्णयका बाबजुद, अमेरिकाले आक्रोश व्यक्त गऱ्यो । अमेरिकी वित्तमन्त्री हावर्ड लुट्निकले त समूहमा भारतको सदस्यताकै आलोचना गर्दै नयाँदिल्लीले 'अमेरिकालाई गलत व्यवहार गरेको' आरोप लगाए । लुट्निकको टिप्पणीले नयाँदिल्ली र वासिंगटनबिच बढेको अहिलेको चिसो सम्बन्धतर्फ नै संकेत गर्छ ।

उता ट्रम्प प्रशासन भारतको कट्टर प्रतिद्वन्द्वी पाकिस्तानसँग नजिकिँदा पनि अमेरिका-भारत सम्बन्ध थप चिसो बनाएको छ । मे महिनामा पाकिस्तान-भारतबिच भएको छोटो युद्ध आफूले अन्त्य गरेको भन्ने ट्रम्पको दाबी र केही समयपछि पाकिस्तानका सेना प्रमुखलाई ह्वाइट हाउसमा स्वागत गर्ने ट्रम्पको निर्णयले भारतमा आक्रोशित बनायो ।

शीतयुद्धको अन्त्यपछि भारत र वासिंगटनबिचको विगतको तिक्त सम्बन्ध सुमधुर बन्दै गएको थियो । दुई देशबिच रणनीतिक र रक्षा साझेदारीसमेत बढेको छ । र, पछिल्लो समय देखिएको तनावका बाबजुद, अमेरिका-भारतलाई नजिक्याउने आधार अझै बलियो बनेको छ । अमेरिका भारतको सबैभन्दा ठुलो व्यापारिक साझेदार हो । आर्थिक वर्ष २०२४-२५ मा द्विपक्षीय व्यापार १३१.८४ अर्ब अमेरिकी डलर छ । यसले नयाँदिल्लीलाई अमेरिकामाथि आर्थिक लाभ मात्र होइन, वासिंगटनसँगको सहकार्य जारी राख्न रणनीतिक औचित्य पनि प्रदान गर्छ ।

चीन-भारत सम्बन्ध

पछिल्लो समय भारतले चीनतर्फ बढ्दो झुकाब देखाएको छ, आर्थिक र भूराजनीति दुवै क्षेत्रमा । अगस्टमा सम्पन्न 'सांघाई सहयोग संगठन(एससिओ)' शिखर सम्मेलनमा भाग लिन चीन गएका मोदीले दुई देशलाई प्रतिद्वन्द्वी नभएर विकास साझेदारको रूपमा प्रस्तुत गरे । यसलाई दसकौंको सीमा विवादपछि चीन र भारतबिचको मेलमिलापको रूपमा व्याख्या गरिएको छ ।

सन् २०२१-२२ मा अमेरिकाले चीनलाई उछिनेर भारतको सबैभन्दा ठुलो व्यापारिक साझेदार बने तापनि नयाँदिल्ली र बेइजिङबिचको लगानी सम्बन्ध सन् २००५ र २०२५ को बिचमा स्थिर रूपमा बढेको देखिन्छ । तथापि, भारत र चीनबिचको सम्बन्धलाई राजनीतिक समानताले भन्दा आर्थिक अन्तरनिर्भरताले अघि बढाएको छ । पछिल्लो घनिष्टताका बाबजुद चीन र भारतबिच द्विपक्षीय तनावका क्षेत्र अझै बाँकी छ । चीनसँग भारतको बढ्दो व्यापार घाटा, पाकिस्तानसँग बेइजिङको बृहत्तर सम्बन्ध र सीमाक्षेत्रमा अझै नसुल्झिएको विवाद मुख्य विवादित विषय हुन् ।

तथापि, भारत-चीन सम्बन्धहरू निःसन्देह न्यानो हुँदै गइरहेको छ । यसमा विशेष गरी ट्रम्पको भन्सार शुल्क वृद्धि मुख्य कारण रह्यो । त्यो परिवर्तनको संकेत, भारतले चीनमा गरेको निर्यातले पनि गर्छ जुन गत नोभेम्बरमा एकै महिनामा ९० प्रतिशत ले बढेर २.२ अर्ब डलर पुगेको थियो ।

सम्बन्ध सुधारको आशावाद

निष्क्रियजस्तो भए पनि कुनै पनि सदस्य मुलुक क्वाडलाई मृत घोषित गर्न चाहँदैन । संयुक्त राज्य अमेरिकाको पछिल्लो राष्ट्रिय सुरक्षा रणनीतिले एसियामा 'आर्थिक भविष्य जित्न' क्वाड आवश्यक भएको स्पष्ट उल्लेख गरेको छ । र, तनावका बाबजुद भारतले अझै अमेरिकासँग साझेदारी गर्ने आफ्नो प्रतिबद्धतालाई दोहोऱ्याउने गरेको छ । दुवै देशले अहिलेको राजनीतिक अवस्था स्थिर भएपछि विश्वव्यापी प्रवृत्तिले आफूहरूलाई पुनः नजिक्याउने अनुमान गरेका हुन सक्छन् । पछिल्लो समय व्यापार वार्तामा भएका प्रगति र रुसी तेल आयातमा क्रमिक कटौतीले भारतप्रति वासिंगटनको शंकालाई कम गर्न सक्छ ।

समूहका बाँकी दुई सदस्य जापान र अस्ट्रेलियाले समूहलाई निरन्तरता दिन आफ्नोतर्फबाट प्रयास गरिरहेका छन् । जापानले आफ्नो नौसेना तथा तटरक्षक क्षमताहरू र अस्ट्रेलियाले पूर्वाधार तथा स्वास्थ्य पहलमा जोड दिइरहेका छन् । यदि भारतको अमेरिकासँग पारस्परिक रूपमा स्वीकार्य व्यापार सम्झौता भयो भने नयाँदिल्लीले पनि वर्तमान अमेरिकी प्रशासनलाई स्वीकार हुने क्वाड ढाँचाका लागि एजेन्डा तयार गर्न सक्छ । त्यसो भएमा हाल अवरुद्ध समूहको सम्मेलन सन् २०२६ मा सम्पन्न हुन सक्छ । तर, भारत र अमेरिकाबिचको भन्सार युद्ध जति चर्किँदै जान्छ, निकट अवधिमा बलियो क्वाड निर्माणको अवसर त्यति नै कमजोर हुन्छ ।

द कन्भर्सेसनबाट

इतिहासमा आज



सन् २००६ : इराकका अपदस्थ राष्ट्रपति तथा पूर्वतानाशाह सद्दाम हुसेनलाई फाँसी दिइयो । मानवताविरुद्धको अपराध गरेको अभियोगमा उनलाई झुन्ड्याएर मृत्युदण्ड दिइएको थियो । सन् १९६८ मा कुमार्फत शक्तिमा पुगेका हुसेन इराकका पाँचौं राष्ट्रपति हुन् ।

सन् १८६५ : आजकै दिन अर्थात् ३० डिसेम्बर १८६५ मा प्रसिद्ध लेखक रुडयार्ड क्लिपिङको जन्म भएको थियो । भारतको मुम्बईमा जन्मिएका उनको मृत्यु ७० वर्षको उमेरमा सन् १९३६ मा १८ जनवरीमा बेलायतमा भएको थियो ।

सन् १९२२ : युनियन अफ सोभियत सोसलिस्ट रिपब्लिक स्थापना भयो । १५ गणराज्यलाई समेटेर स्थापना गरिएको सोभियत युनियनको राजधानी हालकै मस्को कायम गरिएको थियो । सन् १९९१ मा सोभियत युनियनको विघटन नहुन्जेल यो विश्वकै ठुलो देश बनेको थियो ।

सन् १९४७ : रोमानियाका अन्तिम राजा मिसेल प्रथम पदच्युत भए । रोमानियाको कम्युनिस्ट पार्टीले उनलाई पदच्युत गरेको थियो । ६ वर्षको उमेरमा सन् १९२७ मा मिसेल रोमानियाको राजगद्दीमा बसेका थिए । सन् १९३० मा पनि पदच्युत गरिएका उनलाई सन् १९४० मा पुनर्स्थापित गरिएको थियो ।

सन् १९९५ : उत्तरी स्कटल्यान्डको अल्टनाहराको तापक्रम माइनस २७ दशमलव २ डिग्री सेल्सियस मापन गरिएको थियो । यसअघि पूर्वी स्कटल्यान्डमा सन् १९८२ को १० जनवरीमा न्यून विन्दुमा झरेको थियो ।

बंगलादेशमा हिन्दुका पाँच घरमा आगजनी

ढाका/ मुस्लिम बहुल देश बंगलादेशको पिरोजपुर जिल्लाको डुमरिताला गाउँमा हिन्दु परिवारका कम्तीमा पाँच घरमा आगजनी गरिएको छ । ढाकामा अल्पसंख्यकलक्षित हमला बढिरहेका वेला पछिल्लो घटना भएको हो । डिसेम्बर १८ मा मयमनसिंहमा ईश्वरनिन्दाको आरोपमा २९ वर्षीय मजदुर दिपुचन्द्र दासलाई भिडले कुटपिट गरी हत्या गरेको एक हप्तापछि यो घटना भएको हो ।

स्थानीय अधिकारीका अनुसार आगलागीको सही कारण अझै पुष्टि भएको छैन । आक्रमणकारीले एउटा कोठामा कपडामा लगाइदिएको आगो अन्य घरमा पनि फैलिएको थियो ।

पीडित घटनाबारे बोल्न डराएको र प्रहरीले आगजनीको कारण अनुसन्धान गरिरहेको भारतीय समाचार संस्था एनडिटिभीले जनाएको छ । परिवारका सदस्यहरूले बिहान आगो लागेको थाहा पाएपछि ढोका बाहिरबाट बन्द गरिएको हुनाले सुरुमा उनीहरू भित्र फसेको बताए ।

दुई प्रभावित परिवारका सबै आठ सदस्य टिनका पाता र बाँसको बार काटेर भाग्न सफल भए । यद्यपि, उनीहरूको घर र सामान पूर्ण रूपमा जलेर खरानी भए । आगलागीबाट घरपालुवा जनावर पनि मारिएका छन् । घटना भएको ठाउँ राजधानी ढाकाबाट लगभग दुई सय ४० किलोमिटर टाढा छ ।

यस वर्ष जुनदेखि डिसेम्बरसम्म बंगलादेशमा हिन्दु अल्पसंख्यकविरुद्ध ईश्वर निन्दा आरोपसँग सम्बन्धित कम्तीमा ७१ घटना रिपोर्ट गरिएको बंगलादेश अल्पसंख्यकका लागि मानव अधिकार कांग्रेस (एचआरसिबिएम)ले एक प्रतिवेदनमा जनाएको छ ।

बलात्कार अभियोगमा भाजपाका पूर्वसांसदलाई जेलमै रहन आदेश

नयाँदिल्ली/ भारतको सर्वोच्च अदालतले किशोरीलाई बलात्कार गरेको अभियोगमा दोषी ठहरिएका पूर्वसांसदको आजीवन कारावासको सजाय निलम्बन गर्ने विवादास्पद आदेशलाई स्थगित गरेको छ । सत्तारुढ भारतीय जनता पार्टी (भाजपा)का पूर्वसांसद कुलदीपसिंह सेंगरलाई सन् २०१९ मा बालबालिकालाई यौन अपराधबाट संरक्षण (पोक्सो) ऐनअन्तर्गत दोषी ठहराइएको थियो । तर, गत साता दिल्ली उच्च अदालतले उनको सजाय निलम्बन गर्दै ससर्त जमानत दियो, यद्यपि सेंगर पीडितका बुबा मृत्युसँग सम्बन्धित छुट्टै मुद्दामा जेलमै थिए । उच्च अदालतको आदेशले पीडित र उनकी आमालगायत सबैबाट आक्रोश र विरोध निम्त्याएको थियो । उत्तर प्रदेश राज्यको उन्नाव जिल्लामा १७ वर्षीया किशोरीविरुद्धको अपराध हालैका वर्षहरूमा भारतमा सबैभन्दा भयानकमध्ये एक थियो ।

भारतीय कानुनअन्तर्गत नाम गोप्य राखिएकी पीडित महिलाले आरोप लगाएकी छिन् कि उनले जुन २०१७ मा सेंगरलाई जागिरका लागि सम्पर्क गरेकी थिइन् । उनी र अरूले एक हप्ताभन्दा बढी समयसम्म अपहरण गरी बलात्कार गरे । उनको यो घटना पहिलोपटक २०१८ अर्थात् आक्रमणको एक वर्षपछि सार्वजनिक भएको थियो । प्रहरीको निष्क्रियताको आरोप लगाउँदै उनको आत्मदाहको प्रयास सार्वजनिक भएसँगै घटनाको चौतर्फी चासो बढेको थियो । त्यतिवेला सेंगर भाजपाका एक प्रभावशाली राजनीतिज्ञ थिए भने पार्टी राज्य र राष्ट्रियस्तरमा सत्तामा थियो । पछि पार्टीले उनलाई निष्कासन गऱ्यो । डिसेम्बर २०१९ मा सेंगरलाई दोषी ठहऱ्याउनुभन्दा केही महिनाअघि ती महिला एक शंकास्पद कार दुर्घटनाबाट बच्न सफल भइन्, जसमा उनका दुई काकीको मृत्यु भएको थियो भने उनका वकिल गम्भीर घाइते भएका थिए ।

परिवारले अप्रिल २०१८ मा सेंगर र उनका मानिसमाथि महिलाका बुबामाथि आक्रमण गरेको आरोप पनि लगाएको थियो । प्रहरीले आक्रमणको आरोपमा पाँचजना पुरुषलाई मुद्दा चलायो, तर अवैध हतियार राखेको आरोपमा उनका बुबालाई पनि पक्राउ गऱ्यो । पछि उनको कारागारमै मृत्यु भयो । मार्च २०२० मा सेंगरलाई अपराधपूर्ण हत्याको दोषी ठहर गरियो र १० वर्षको जेल सजाय सुनाइयो ।

मलेसियाका पूर्वप्रधानमन्त्री नजिबलाई एकपछि अर्को धक्का



● सारा समिम

समिम अलजजिराकी स्तम्भकार हुन्



नजिबले एक दशकभन्दा अघि मलेसियाली सार्वभौम सम्पत्ति कोषबाट ठुलो मात्रामा पैसा आफ्नो व्यक्तिगत खातामा सार्न पूर्वप्रधानमन्त्री, अर्थमन्त्री र वान एमडिबी सल्लाहकार बोर्ड अध्यक्षका रूपमा पदको दुरुपयोग गरेका थिए

यसै साता मलेसियाका पूर्वप्रधानमन्त्री नजिब रजाकलाई सम्पत्ति शुद्धीकरणसँग जोडिएको मुद्दामा अदालतले १५ वर्षको जेल सजाय सुनायो । क्वालालम्पुरस्थित उच्च अदालतले यस्तो फैसला सुनाएको थियो । ७२ वर्षीय नजिब सम्पत्ति शुद्धीकरणसम्बन्धी २१ वटा र शक्ति दुरुपयोगका चारवटा अभियोगमा दोषी ठहर भए । नजिबमाथि राष्ट्रको सार्वभौम सम्पत्ति कोष वान मलेसिया विकास बर्हाद (वानएमडिबी)बाट लगभग २.३ अर्ब मलेसियाली रिंगिट (५६९ मिलियन) दुरुपयोग गरेको आरोप लगाइएको छ ।

शुक्रबारको फैसला सात वर्षको कानुनी प्रक्रियापछि आएको हो, जसमा ७६ जना साक्षीलाई अदालतमा बोलाइएको थियो । मलेसियाको प्रशासनिक राजधानी पुत्रजयामा दिइएको यो फैसला २०२२ देखि जेलमा रहेका पूर्वनेतालाई दोस्रो धक्का हो । उनलाई शक्ति दुरुपयोगको आरोपमा १५ वर्षको सजाय सुनाइएको थियो भने सम्पत्ति शुद्धीकरणका आरोपमा पाँच वर्षको सजाय सुनाइएको थियो । मलेसियाली कानुनअन्तर्गत जेल सजाय एकैसाथ चल्छ । सोमबार मात्र अदालतले घरमै नजरबन्दमा बाँकी सजाय बिताउन उनको आवेदन अस्वीकार गरेको थियो ।

नजिबले आफूमाथि लागेका सबै आरोप राजनीतिक स्वार्थबाट प्रेरित रहेको दाबी गर्दै आएका छन् ।

वान एमडिबी काण्डसँग सम्बन्धित नजिबको यो दोस्रो सजाय हो । यसअघि सन् २०२० मा कोषबाट करिब एक करोड अमेरिकी डलरको दुरुपयोग गरेको अभियोगमा अदालतले दोषी ठहर गर्दै उनलाई १२ वर्षको जेल सजाय सुनाइएको थियो ।

तर, पूर्वप्रधानमन्त्रीले समर्थकहरूको बफादार आधार कायम राखेका छन्, जसले दाबी गर्छन् कि उनी अनुचित फैसलाको सिकार भएका छन् र जो उनको रिहाइका लागि आह्वान गर्दै उनको मुद्दामा उपस्थित भएका छन् । शुक्रबार, नजिबको समर्थनमा दर्जनौं मानिसहरू पुत्रजयाको अदालतबाहिर भेला भए । उनी अनुचित फैसलाको सिकार भएकाले तत्काल रिहाइ हुनुपर्ने आह्वान गर्दै उनका समर्थकहरू मुद्दामा उपस्थित भएका थिए शुक्रबार नजिबको समर्थनमा दर्जनौं मानिसहरू पुत्रजयाको अदालतबाहिर भेला भएका थिए ।

के हो वान एमडिबी ?

एक एमडिबी भनेको मलेसियाली सार्वभौम सम्पत्ति कोष मलेसिया विकास बर्हादका लागि प्रयोग गरिने संक्षिप्त रूप हो । बर्हाद भनेको 'सार्वजनिक सीमित कम्पनी'का लागि मलेसियाली शब्द हो । यो कोष २००९ मा विदेशी साझेदारी र लगानीमार्फत मलेसियामा विकासलाई प्रवर्द्धन गर्न स्थापना गरिएको थियो । २००९ देखि २०१८ सम्म प्रधानमन्त्री र अर्थमन्त्री दुवैको रूपमा काम गरेका नाजिब एक एमडिबीका अध्यक्ष पनि थिए ।

नजिबले एक दसकभन्दा बढी समयअघि मलेसियाली सार्वभौम सम्पत्ति कोषबाट ठुलो मात्रामा पैसा आफ्नो व्यक्तिगत खातामा सार्न प्रधानमन्त्री, अर्थमन्त्री र एक एमडिबी सल्लाहकार बोर्ड अध्यक्षको रूपमा आफ्नो पदको दुरुपयोग गरेका अभियोजकहरूले दाबी गरे ।

कहाँ छन् नजिब अहिले ?

२०२० मा भएको पहिलो छुट्टै मुद्दामा भ्रष्टाचारको अभियोगमा दोषी ठहरिएपछि नजिब मलेसियाको सेलांगोर राज्यको काजाङ जेलमा छन् । आंशिक शाही माफी पाएपछि उनको सजाय १२ वर्षबाट घटाएर छ वर्षमा झारिएको थियो । उनी अगस्ट २३, २०२८ मा रिहा हुने तय भएको थियो ।

यस हप्ता शुक्रबार फैसला सुनाइएको दोस्रो मुद्दाको क्रममा अनुसन्धानकर्ताहरूले पत्ता लगाए कि नजिबले एक एमडिबी कोष आफ्नो सुपरयाट इक्वानिमिटी र महँगो सम्पत्ति किन्न, साथै लियोनार्डो डिक्याप्रियो अभिनीत फिल्म द वुल्फ अफ वाल स्ट्रिटको निर्माणका लागि लगानी गर्न प्रयोग गरेका थिए ।

के भन्छन् नजिब ?

२०१८ को आमचुनावमा पूर्वप्रधानमन्त्री महाथिर मोहम्मदबाट पराजित नजिबले एक एमडिबी काण्डमा कुनै पनि गलत काम नगरेको निरन्तर दाबी गर्दै आएका छन् ।

अक्टोबर २०२४ मा उनले काण्डलाई गलत तरिकाले सम्हालेकोमा माफी मागे, तर आफ्नो व्यक्तिगत बैंक खातामा अवैध रकम स्थानान्तरण भएको बारेमा आफूलाई कुनै जानकारी नभएको बताए । मुद्दाको क्रममा नजिबले आफूले प्राप्त गरेको पैसा स्वर्गीय साउदी राजा अब्दुल्लाहबाट दान भएको बताएका थिए, जुन दाबीलाई न्यायाधीशले शुक्रबार अस्वीकार गरे ।

नजिबले यो पनि दाबी गरे कि उनलाई वान एमडिबीसँग सम्बद्ध सल्लाहकार र अन्य अधिकारीहरूले धोका दिएका थिए, जसमा मलेसियाली वित्तदाता भ्को लो पनि समावेश छन्, जसलाई यो घोटालाको मुख्य योजनाकार भनिएको छ । तर, उनी अझै पनि फरार छन् । 'अर्थमन्त्री र प्रधानमन्त्रीको रूपमा मेरो निगरानीमा वान एमडिबीको पतन भएको थाहा पाउँदा मलाई हरेक दिन पीडा हुन्छ,' नजिबले एक पत्रमा भनेका छन्, 'त्यसका लागि म मलेसियाली जनतासँग निर्धक्क माफी माग्न चाहन्छु ।'

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार १५ पुस ०८२

मल किन्न दिनभर लाइनमा बसेर रित्तै फर्किए किसान

नौ बजेदेखि वितरण हुने मल खरिद गर्न किसानहरू बिहान तीन-चार बजेबाटै लाइनमा



जिल्ला सहकारी संघ बाँकेमा मलका लागि लाइन बसेका किसानहरू

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

रासायनिक मल वितरण गर्ने सूचना पाएपछि नेपालगन्ज उपमहानगरपालिका- १६, जयसपुरका सद्दाम हुसैन खाँ सोमबार बिहान चार बजे जिल्ला सहकारी संघ बाँकेको कार्यालय पुगे, तर उनी नपुग्दै करिब सय किसान लाइनमा बसिसकेका थिए । लाइनमा बसे पनि मल पाउनेमा उनी दुक्क थिएनन् । किनभने रासायनिक मलका लागि धेरैपटक लाइन बसेर रित्तो हात फर्किएको अनुभव उनीसँग थियो ।

तर, यसपटक उनले एक बोरा मल पाएपछि खुसी हुँदै भने, 'विगतमा दिनभर लाइनमा बस्दासमेत मल नपाएर धेरैपटक रित्तो हात फर्किएको अनुभव छ । यसपटक भने जसोतसो एक बोरा पाइयो ।' नेपालगन्ज उपमहानगरपालिका- १७, परस्पुरकी राममोती रैदास पनि बिहान पाँच बजेदेखि मल खरिद गर्न लाइनमा बसिन् । गहुँमा हाल्ने युरियाका लागि बिहानैदेखि लाइनमा बसेकी उनी भने यसपटक पनि रित्तै फर्किइन् । युरिया मलका लागि लाइनमा बसेको यो उनको तेस्रोपटक हो । 'दुईपटक लाइनमा बसिसकें, पालो आउने वेला मल सकिएको भन्दै फिर्ता पठाएका थिए । यसपालि पनि त्यस्तै भयो,' उनले भनिन्, 'गहुँमा युरिया मल हाल्ने ठिक समय हो । अहिले पनि पाइएन भने पछि पाउनुको कुनै अर्थ छैन ।'

सहकारीमा मल थोरै आउने र माग धेरै हुने डुडुवा गाउँपालिका- ६, हिरमिनियाकी शान्तिदेवी हरिजनले बताइन् । अघिल्लोपटक त मल किन्ने किसानको भिड धेरै हुँदा वितरण नै रोकिएको उनले सुनाइन् ।

जिल्ला सहकारी संघ, बाँकेका प्रबन्धक नवराज उपाध्यायले सोमबार दुई सय ४० बोरा युरिया मल वितरण गरिएको जानकारी दिए । तर, पाँच सयभन्दा बढी किसान संघको कार्यालयमा आएको उनले बताए । 'मल चाहिएर लाइनमा बसेकामध्ये आधालाई मात्र वितरण गर्न सक्यौं,' उनले भने । यद्यपि, उनले बाँकेमा रासायनिक मलको अभाव नभएको जिकिर गरे । 'सोमबारसहित पुसमा मात्र एक हजार बोरा युरिया मल वितरण गरिसक्यौं, तर किसान मल पाएनौं भन्दै संघको कार्यालयमा आउनुहुन्छ,' उनले भने, 'यो समय युरिया मल आवश्यक पर्ने वेला पनि होइन । धान सिजनमा मल पाइँदैन कि भन्ने आशंकाले भण्डारण गरेर राख्दा अभाव देखिएको हो ।' सहकारीले बिहान नौ बजेदेखि मल वितरण गर्ने सूचना जारी गरे पनि किसान बिहान तीन-चार बजेदेखि नै कार्यालयअगाडि लाइनमा बसेको उनले बताए ।

सरकारको गोदाममा ८८ हजार टन मौज्दात रहेको दाबी

अनुदानको रासायनिक मल वितरण गर्ने जिम्मेवारी लिएका कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनको गोदाममा भने ८८ हजार चार सय ८२ टन मल रहेको दाबी गरेका छन् । कृषि सामग्रीको देशभर रहेका गोदाममा ६० हजार आठ सय ११ टन र साल्ट ट्रेडिङसँग २७ हजार ६ सय ७० टन मौज्दात रहेको दाबी छ । त्यसमध्ये युरिया ४१ हजार एक सय १५ टन, डिएपी ४१ हजार पाँच सय ५४ टन र पोटास पाँच हजार आठ सय १२ टन मौज्दात रहेको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ । त्यस्तै, ५९ हजार आठ सय ६३ टन मल विभिन्न देशबाट आयातको प्रक्रियामा रहेको मन्त्रालयले जनाएको छ । ४४ हजार पाँच सय २७ टन युरिया र १५ हजार दुई सय ७६ टन डिएपी मल ठेक्का सम्झौता भई आपूर्ति भइरहेको मन्त्रालयले जनाएको छ । यसमध्ये केही परिमाण कोलकाता बन्दरगाहमा आइपुगेर बोरामा प्याकिङसमेत भइरहेकाले १० दिनभित्र नेपाल प्रवेश गर्न थाल्ने मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले यो वर्ष ६ लाख टन मल खरिद गर्ने योजना बनाएको र हालसम्म चार लाख ६६ हजार टन खरिदका लागि टेन्डरसमेत भइसकेको जनाएको छ । ९ पुससम्म देशभर दुई लाख ९५ हजार तीन सय ४६ टन युरिया, डिएपी र पोटास बिक्री भइसकेको छ ।

मल आपूर्ति र बिक्रीको अवस्था अनलाइनबाट हेर्ने सुविधा

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले मल आपूर्ति, भण्डारण र वितरणलाई पारदर्शी बनाउन 'अनुदानको मल वितरण सूचना प्रणाली' लागू गरेको छ । कृषि मन्त्रालयको वेबसाइटमा राखिएको उक्त प्रणालीमा देशभर रहेको मलको आपूर्ति अवस्थाबारे समग्र जानकारी राखिएको छ । त्यस्तै, किसानले आफ्नो स्थानीय तह र नजिकको मल बिक्री केन्द्र (सहकारी, साना किसान वा कृषिसम्बन्धी औषधि पसल)मा रहेको मौज्दात र बिक्री अवस्थाबारे समेत जानकारी लिन सक्ने गरी प्रणाली तयार गरिएको छ ।

बालाजुमा यातायात कार्यालय सञ्चालन नगर्ने प्रदेशका श्रममन्त्री थापाको निर्णयमा अदालतको लगाम

उच्च अदालतले भन्यो– मन्त्रीको असल नियत देखिएन



बागमती प्रदेशका श्रममन्त्री जयराम थापाले बालाजुमा ट्रायल सेन्टर खोलेर सवारीचालक अनुमतिपत्र जारी गर्ने कार्यमा आफ्नै तोकआदेशमार्फत टेन्डर रद्द गराएका थिए । कुनै कारणविना टेन्डर रद्द गर्ने मन्त्रीको दबाब नमानेका सचिव रामबाबु पुरीले सरुवा मागिरहेका छन् ।

मकवानपुरमा **पोष्टराज अधिकारी**

काठमाडौंको सानो भच्याङस्थित यातायात सेवा कार्यालयको क्षमता विस्तार गरी बालाजुमा स्थानान्तरण गर्ने निर्णयविरुद्ध उभिएका बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री जयराम थापाको परिपत्र कार्यान्वयन नगर्न उच्च अदालत, पाटनले अन्तरिम आदेश जारी गरेको छ । अदालतको यस्तो आदेशपछि ड्राइभिङ सेन्टरमा चलिरहेको सिन्डिकेट हटेर सेवाग्राहीले लाइसेन्सका लागि ट्रायल दिने स्थान थपिने बाटो खुलेको छ ।

अहिले ब्लुक बुक मात्रै नवीकरण गर्दै आएको सानो भच्याङको कार्यालय निकट भविष्यमै बालाजुमा स्थानान्तरण गर्ने र ड्राइभिङ लाइसेन्ससमेत सोही कार्यालयबाट वितरण गर्ने तयारीका साथ प्रकाशित भएको टेन्डर मन्त्री थापाको 'निजी स्वार्थ'मा अन्तिम समयमा रोकिएको थियो । उनले टेन्डर प्रक्रिया रोकेर कार्यालयको क्षमता विस्तारमा समेत अवरोध पुऱ्याएको दाबीसहित परेको रिटमा उच्च अदालत, पाटनका न्यायाशीध सोमकान्त मैनालीको इजलासले सुनुवाइ गर्दै मन्त्री थापाले गरेको पत्राचार कार्यान्वयन नगर्न आदेश जारी भएको हो । साथै, १५ दिनभित्र बागमती प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत के-कति कारणले कार्यालयको क्षमता विस्तार कार्य रोक्न पत्राचार गरेको भन्ने कारणसहित लिखित जवाफ दिन पनि आदेश भएको छ ।

अदालतको आदेशमा मन्त्री थापाको पत्राचार गलत नियत राखेर भएकाले अन्तरिम आदेश जारी भएको निष्कर्षसमेत दिइएको छ । 'सो शिलबन्दी बोलपत्र स्थगन सम्बन्धमा भएको पत्राचार असल नियतबाट भएको भन्नेसमेत नदेखिएको अवस्था एवं सुविधा सन्तुलनको दृष्टिकोणबाट समेत २०८२/९/९ को चलानी नम्बर १९ को सूचना कार्यान्वयन नगर्नू, नगराउनू, यथास्थितिमा राख्नू भनी विपक्षीको नाममा उच्च अदालत नियमावली, ०७३ को नियम ४२ बमोजिम यो अन्तरिम आदेश जारी गरिदिएको छ,' अदालतको आदेशमा भनिएको छ ।

बालाजुमा कार्यालयको क्षमता विस्तार गर्न प्रदेश मन्त्रिपरिषद्बाटै भएको थियो निर्णय

दुई वर्षअघि २६ मंसिर ०८० मा बागमती प्रदेशको मन्त्रिपरिषद् बैठकले सानो भच्याङस्थित कार्यालयको क्षमता विस्तार हुने गरी बालाजुमा स्थानान्तरण गर्ने निर्णय गरेको थियो । सेवाग्राहीको बढ्दो चाप धान्न र सीमित ट्रायल सेन्टरका कारण चालक अनुमतिपत्रको ट्रायल दिन घण्टौं कुर्नुपर्ने बाध्यता हटाउन जनशक्ति थप नगरी सानो भच्याङको कार्यालय स्थानान्तरण गर्ने निर्णय भएको थियो ।

सानो भच्याङबाट ब्लु बुक मात्रै नवीकरण भएकाले बालाजुमा कार्यालय स्थानान्तरण गरेर चालक अनुमतिपत्रसमेत जारी गर्ने निर्णय पनि भएको थियो । मन्त्रिपरिषद्को सो निर्णय कार्यान्वयन गर्ने गरी बालाजुमा छिटो कार्यालय स्थानान्तरण गर्न श्रम मन्त्रालयले २७ वैशाख ०८१ मा सानो भच्याङ कार्यालयलाई पत्राचारसमेत गरेको थियो । त्यसपछि ट्रायल सेन्टरसहितको सेवा दिने गरी कार्यालय स्थानान्तरण प्रक्रिया अघि बढे पनि मन्त्री थापाले अन्तिम समयमा हस्तक्षेप गरेका हुन् ।

मन्त्री थापाले उल्टाए आफ्नै निर्णय

प्रदेश मन्त्रिपरिषद्ले बालाजुमा कार्यालय स्थानान्तरण गरी कवर्ग (मोटरसाइकल, स्कुटर र मोपेड) र खवर्ग (कार, जिप, डेलिभरी भ्यान)को लाइसेन्स जारी गर्ने निर्णय गरेका थिए । तर, मन्त्री थापाले गत ९ असोजमा गवर्ग (मिनी बस, मिनी ट्रक, ट्रक, बस र लरी)को लाइसेन्ससमेत वितरण गर्ने गरी क्षमता विस्तारको काम गर्न निर्देशनसहित पत्राचार गरेका थिए । प्रदेश



मन्त्रालयको सोही पत्राचारअनुसार सानो भच्याङ कार्यालयले गत २६ मंसिरमा ड्राइभिङ सेन्टर करारमा नियुक्ति गर्न टेन्डर गरेको थियो ।

बालाजु क्षेत्रबाट पाँच किलोमिटरभित्रको दूरीमा ड्राइभिङ सेन्टर हुनुपर्ने सर्तसहित खोलिएको टेन्डरको म्याद गत शुक्रबार दिउँसो एक बजेसम्मका लागि तोकिएको थियो, तर मन्त्री थापाले गत बुधबार (९ पुस) आफ्नै तोकआदेश भएको पत्रमार्फत पत्राचार गर्दै टेन्डर प्रक्रिया रोक्न आदेश दिएका थिए । सुरुमा उनले कर्मचारीलाई टेन्डर प्रक्रिया रोक्न आदेश गरे पनि कसैले नमानेपछि आफैंले हस्ताक्षर गरेर पत्र काटेको स्रोतको भनाइ छ ।

'मन्त्रीज्यूले सुरुमा गवर्गको लाइसेन्ससमेत वितरण गर्ने कार्यादेश थपेर कार्यालय स्थानान्तरण गर्ने निर्णय गर्नुभयो । अन्तिम समयमा किन टेन्डर रद्द गर्ने भनेर सोध्दा कुनै कारणविनै प्रक्रिया रोक्न दबाब दिनुभयो, तर कर्मचारी कसैले मानेनन्,' स्रोतले भन्यो । उनले मन्त्रालयका सचिव रामबाबु पुरीलाई टेन्डर रद्दको पत्र लेख्न निरन्तर दबाब दिएपछि पुरी बिदामा बसेका थिए । सचिव पुरीले अन्य मन्त्रालयमा सरुवा गरिदिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई समेत अनुरोध गरेको स्रोतको भनाइ छ । उपत्यकाको ड्राइभिङ ट्रायल सेन्टरमा सीमित व्यवसायीको सिन्डिकेट छ । उनीहरूले नै मन्त्री थापालाई प्रलोभनमा पारेर नयाँ ट्रायल सेन्टर सञ्चालनमा रोक लगाउने गरी टेन्डर स्थगित गर्न लगाएको मन्त्रालयका एक कर्मचारीले बताए ।

भारतले दिएको मुर्रा राँगाबाट ९२ हजार डोज वीर्य उत्पादन

काठमाडौं/ दुई वर्षअघि भारतले प्रदान गरेको उन्नत नश्लका मुर्रा राँगाबाट ९० हजार सात सय ६६ डोज वीर्य उत्पादन भएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ । भारतीय कृषि तथा किसान कल्याण मन्त्रालयसँग आइतबार र सोमबार काठमाडौंमा भएको दुई देशबिचको संयुक्त कृषिकार्य समूहको नवौं बैठकमा कृषि मन्त्रालयले सो जानकारी गराएको हो । भारतले ०८० मंसिरमा नेपाललाई पशु नश्ल सुधारका लागि हरियाणास्थित हिसारमा रहेको केन्द्रीय भैंसी अनुसन्धान संस्थानबाट १५ वटा मुर्रा राँगा हस्तान्तरण गरेको थियो ।

नेपालले आठ थरीका कृषिजन्य वस्तुको प्रयोगशाला परीक्षणलाई भारतले मान्यता दिएकोमा पनि मन्त्रालयका अधिकारीहरूले खुसी व्यक्त गरेका छन् । त्यस्तै, नेपाली कृषिजन्य वस्तुलाई भारतीय बजारमा निर्बाध पहुँच सुनिश्चित गर्न पनि बैठकमा नेपाली अधिकारीले अनुरोध गरेको मन्त्रालयलले विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

बैठकमा पेस भएका एजेन्डालाई कार्यान्वयन गर्न आगामी तीन महिनाभित्र द्विवार्षिक कार्ययोजना तयार गर्न दुवै पक्षबिच सहमति भएको छ । नेपालस्थित भारतीय दूतावासले सामाजिक सञ्जालमार्फत बैठकमा द्विपक्षीय सहयोग विस्तारमा छलफल भएको जनाएको छ ।

सरकारको सञ्चित कोष एक खर्ब नौ अर्बले घाटामा

काठमाडौं/ गत आर्थिक वर्ष ०८१/८२ मा तीन तहका सरकारको सञ्चित कोष एक खर्ब आठ अर्ब ९९ करोड ६ लाख रुपैयाँले ऋणात्मक देखिएको छ । महालेखा नियन्त्रक कार्यालयले सोमबार महालेखा परीक्षकको कार्यालयमा बुझाएको गत आवको एकीकृत वित्तीय विवरणले सञ्चित कोष ऋणात्मक देखाएको हो । यद्यपि, नगद अवस्था भने एक खर्ब चार अर्ब १३ करोड ८४ लाख रुपैयाँले धनात्मक रहेको छ ।

संघ, प्रदेश र स्थानीय सरकारहरू र एक्स्ट्रा बजेटरी निकायका विभिन्न कोषहरूको मौज्दात रकमका आधारमा नगद तथा बैंक मौज्दात एक खर्ब ८८ अर्ब ९४ करोड ५८ लाखले धनात्मक रहेको प्रतिवेदनमा उल्लेख छ । 'आव ०८१/८२ मा संघ, प्रदेश र स्थानीय सरकारहरूको सञ्चित कोषमा एक खर्ब आठ अर्ब ९९ करोड ६ लाखले ऋणात्मक रहे तापनि नगद अवस्था भने एक खर्ब चार अर्ब १३ करोड ८४ लाखले धनात्मक रहेको छ,' महालेखाले जारी गरेको प्रतिवेदनमा भनिएको छ ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना
धादिङ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/०५/१५

यस आयोजना कार्यालयबाट प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार तपसिलमा उल्लेखित खरिद नम्बर र कार्य विवरण सँग सम्बन्धित निर्माण कार्यको लागि रीतपूर्वक भन्ए मार्फत दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भइ स्वीकृतीको लागि पेश भएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा २ र ३ तथा सोहि ऐनको दफा ४७ को प्रयोजनको लागि ७ दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सरोकारवाला सबैको जानकारीको लागि जारी गरीएको छ ।

सि. नं.	खरिद नं.	योजनाको नाम	स्वीकृत हुने बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (मू.अ.कर बाहेक)
1	PUDBC/ Dhading/ Works/NCB/01/2082/83	Construction of Jail Administrative Building at Dhunche, Rasuwa	Ashimala Construction Pvt.Ltd, Manmaiju-08, Kathmandu	३१,५०,७८०.३७
2	PUDBC/ Dhading/ Works/NCB/02/2082/83	Construction of District Survey office Building at Dhunche, Rasuwa	Ashimala Construction Pvt.Ltd, Manmaiju-08, Kathmandu	५५,०६,८७२.४८

आयोजना प्रमुख

Neelakantha Municipality
Office Of Municipal Executive
Dhadingbesi, Dhading

Invitation For Bids

Date Of Publication: 30th December, 2025

1. Neelakantha Municipality invites electronic bids from eligible bidders for the execution of below mentioned works under National Competitive Bidding Procedures.
2. The Detailes of projects are tabulated below.Bidding is open to all eligible Nepalese Bidders.

S. N	Identifiction No.	Name Of Project	Minimum Average Annual Turnover best three (3) year within the last ten(10) years (NRs)	Minimum work experience in similar size of nature (NRs)	Bank Address for Bid Document Fee	Bid Document Fee(NRs)	Bid Security Amount(NRs)	Bank Address for Bid Security Amount	Last Date Of Bid Submission	Bid Validity/Bid Bond Validity Period
1	NEE-NCB:-16/2082/83	Bhulbhule to Ward 1 and Ward 5 Office Connectivity Road Upgrading Works	62,008,000.00	24,804,000.00	Rastriya Banijya Bank, Dhadingbesi Branch, Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	5,000.00	1,555,000.00	Rastriya Banijya Bank, Dhadingbesi Branch, Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	29th Janurary 2026, 12:00 Hrs	90 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.
2	NEE-NCB:-17/2082/83	Nigalpani Kha Pa Yojana	15,054,400.00	10,037,000.00		5,000.00	630,000.00			

3. Eligible bidder may obtained further information from PPMO's website www.bolpatra.gov.np/egp
4. The Bid will be opened in the presence of Bidder's representative who choose to attened at 29th Janurary,2026 of 14:00 Hrs at the office of Nelakantha Municipality,Dhadingbesi Dhading
5. Neelakantha Municipality,Dhadingbesi,Dhading reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award.

Chief Administrative Officer

सामसङको एआई, बिग डेटा र कोडिङ कार्यक्रम

काठमाडौं/ सामसङ इनोभेसन क्याम्पस (एसआइसी) नेपालले एआई, बिग डेटा र कोडिङ कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रम २७ जुनदेखि २०२५ डिसेम्बरसम्म सञ्चालन भएको थियो। यससँगै कोडिङ तथा प्रोग्रामिङको नयाँ ब्याच सुरु भएको पनि सामसङले जनाएको छ। यस कार्यक्रमले विद्यार्थीलाई व्यावहारिक सिकाइ, उद्योगसँग सान्दर्भिक ज्ञान तथा नेक्स्ट-जेनेरेसन प्रविधिमा अनुभव प्रदान गरेको बताइएको छ।

सन् २०२३ देखि एसआइसीले युवालाई भविष्य-तयार सीप प्रदान गरी नवप्रवर्तनकर्ता र समस्या समाधानकर्ताको नयाँ पुस्ता विकास



गर्न सशक्त बनाउँदै आएको छ। कार्यक्रमका क्रममा स्नातक भएका विद्यार्थीलाई उनीहरूको उपलब्धिको कदरस्वरूप प्रमाणपत्र प्रदान गरी सम्मान गरिएको थियो।

स्नातक भएका विद्यार्थीको उपलब्धि उत्सव मनाउनुका साथै समारोहमा एसआइसीको पाठ्यक्रमअन्तर्गत कोडिङ तथा प्रोग्रामिङ कोर्स सुरु गर्न लागेका नयाँ विद्यार्थीलाई पनि स्वागत गरिएको छ।

'सामसङ इनोभेसन क्याम्पसमार्फत हामी नेपालको बढ्दो डिजिटल अर्थतन्त्रमा नेतृत्व, नवप्रवर्तन र अर्थपूर्ण योगदान दिन युवालाई सशक्त बनाउने हाम्रो प्रतिबद्धता कायम राख्छौं,' सामसङ नेपालका म्यानेजिङ डाइरेक्टर चाङ उक जङले भने।

लक्ष्मी सनराइजको १० प्रतिशत बोनस सेयर प्रस्ताव पारित



काठमाडौं/ लक्ष्मी सनराइज बैंक लिमिटेडको २५औं वार्षिक साधारणसभा काठमाडौंमा सम्पन्न भएको छ। सोमबार सम्पन्न साधारणसभाले बैंकको चुक्ता पुँजीको १० प्रतिशत बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गरेको छ। यससँगै चुक्ता पुँजी २६ अर्ब ७८ करोड पुगेको बैंकले जनाएको छ।

साधारणसभाले गत आव ०८१/८२ का लागि सञ्चालक समितिको प्रतिवेदन तथा सोही आर्थिक वर्षको बैंकको वित्तीय विवरणउपर छलफल गरी स्वीकृत गरेको छ। साथै, चालू आवका लागि लेखा परीक्षकको नियुक्तिसमेत गरेको जनाएको छ।

नोबेल अस्पतालको सेयर बिक्री प्रबन्धकमा नबिल इन्भेस्टमेन्ट

काठमाडौं/ नोबेल कलेज अफ हेल्थ एन्ड एजुकेसन फाउन्डेसन लिमिटेडले प्राथमिक सार्वजनिक सेयर निष्कासन गर्ने भएको छ। कम्पनीले सेयर निष्कासनसम्बन्धी काम गर्न नबिल इन्भेस्टमेन्ट बैंकिङ लिमिटेडलाई धितोपत्र निष्कासक तथा बिक्री प्रबन्धक नियुक्त गरेको छ। यससम्बन्धी सम्झौतामा आज अस्पतालका अध्यक्ष नवराज पाण्डे तथा नबिल इन्भेस्टमेन्टका प्रमुख कार्यकारी अधिकृत मनीषनारायण जोशीले हस्ताक्षर गरेका हुन्।



जारी पुँजी तीन अर्ब ५० करोड रुपैयाँ रहेको यस नोबेल अस्पतालले २८.५७ प्रतिशत सेयर सर्वसाधारणमा निष्कासन गर्ने जनाएको छ। संस्थापक समूहअन्तर्गत करिब ७१.४३ प्रतिशत सेयर कायम रहने कम्पनीले जनाएको छ।

फ्रन्टलाइन ब्रान्डका नामबाट सञ्चालित यस अस्पतालको हालको क्षमता एक सय शय्या रहेको छ। अस्पतालका अनुसार दुई सय शय्या क्षमताको जनरल र क्यान्सर रोग उपचारार्थ अस्पताल बनाउन लागिएको छ। यसका लागि थप पुँजी जुटाउन लागिएको पाण्डेले जानकारी दिए।

एनआइसीका ग्राहकलाई आइएमई हस्पिटालिटीमा १० प्रतिशत छुट



काठमाडौं/ एनआइसी एसिया बैंक लिमिटेड र आइएमई हस्पिटालिटी प्रालिबिच छुटसम्बन्धी सम्झौता भएको छ। समझदारीपत्रमा बैंकका डिजिटल एन्ड ट्रान्जेक्सन बैंकिङ प्रमुख विमल लम्साल र आइएमई हस्पिटालिटीका प्रमुख कार्यकारी अधिकृत प्रसन्न अधिकारीले हस्ताक्षर गरे।

यसअनुसार बैंकका डेबिट वा क्रेडिट कार्ड प्रयोगकर्तालाई आइएमई हस्पिटालिटीअन्तर्गतका विभिन्न होटेल, रेस्टुरेन्ट तथा केबलकार सेवामा १० प्रतिशतको आकर्षक छुट उपलब्ध हुने बताइएको छ। यो छुट होटेलले हिमालय (लाजिम्पाट), इला होटेल्स एन्ड रिसोर्ट्स (मौलाकाली), इला कम्फर्ट (बागलुङ), द लेकसाइड रिसोर्ट (पोखरा), सेक एन्ड फेंग रेस्टुरेन्ट (लाजिम्पाट), मौलाकाली केबलकार र लुम्बिनी केबलकारमा उपलब्ध रहने बैंकले जनाएको छ। यो सुविधा उपयोग गर्न ग्राहकले एनआइसीको डेबिट, क्रेडिट कार्ड प्रयोग गरी भुक्तानी गर्नुपर्नेछ। उक्त होटेलसँगको यस सहकार्यले ग्राहक महानुभावलाई छुट उपलब्ध हुनुका साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

एनसिएचएलको नेपाल पे कार्ड विदेशमा पनि चल्ने

काठमाडौं/ नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)ले जारी गर्दै आएको नेपाल पे कार्ड स्किम विदेशमा समेत चल्ने भएको छ। एनसिएचएलले डिस्कभर नेटवर्कसँगको सहकार्यमा नेपालको नेसनल कार्ड स्किम नेपाल पे कार्डको कर्मार्सियल 'रोलआउट' सुरु गरिएको घोषणा गरेको छ। नेसनल पेमेन्ट स्विच परियोजनाअन्तर्गत नेसनल कार्ड स्विच र नेपाल पे पूर्ण रूपमा सञ्चालनमा ल्याइएको कम्पनीले जनाएको छ। यसबाट बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवाप्रदायक र भुक्तानी प्रणाली सञ्चालकले जारी गर्ने नेपाल पे कार्ड नेपालभरिका एटिएम र पिओएस टर्मिनलमा मात्र नभई विश्वव्यापी रूपमा प्रयोग गर्न सकिने भएको छ।

यो सहकार्यपश्चात् नेपाल पेका प्रयोगकर्ताले डिस्कभर नेटवर्क र डाइनर्स क्लब इन्टरनेसनलका विश्वभरिका एक सय ९० भन्दा बढी देश तथा क्षेत्रमा प्रयोग गर्न सक्नेछन्। साथै, नेपालका मर्चेन्टले ३० भन्दा बढी नेटवर्क एलायन्स तथा डाइनर्स क्लबमा आबद्ध विश्वभरका तीन करोड ७८ लाखभन्दा बढी कार्डबाट भुक्तानी प्राप्त गर्न सक्नेछन्।

एनसिएचएलका अनुसार हालसम्म ३४ भन्दा बढी बैंक तथा वित्तीय संस्थाले एनपिएस-नेसनल र नेपाल पेको सदस्यताका लागि सम्झौता गरिसकेका छन्। एनपिएस-एनसिएसमा कार्डसम्बन्धी कारोबारजस्ता विशेषता समावेश छन्।

कामना सेवाद्वारा विद्यालयलाई सहयोग



काठमाडौं/ कामना सेवा विकास बैंक लिमिटेडले स्याङ्जाको पुतलीबजार नगरपालिका- ४, रामकोश फूलबारी माध्यमिक विद्यालयमा अध्ययनरत जेहेनदार विद्यार्थीलाई पोसाक तथा शैक्षिक सामग्री वितरण गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शाखा कार्यालय बिरौटा, पोखरामार्फत सहयोग गरेको हो।

बैंकको पोखरा क्षेत्र प्रमुख शिवकुमार ढकालले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ईश्वरीप्रसाद पोखरेललाई पोसाक तथा शैक्षिक सामग्री हस्तान्तरण गरे। अध्यक्ष पोखरेलले यो सहयोगले गरिबी तथा जेहेनदार विद्यार्थीलाई महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे। त्यस्तै, बैंकका पोखरा क्षेत्र प्रमुख ढकालले विद्यालयमा वितरण गरिएको पोसाक तथा शैक्षिक सामग्रीले समुन्नत समाज विकासका लागि सहयोग गर्दै हातेमालो गर्न पाएकोमा खुसी व्यक्त गरे।

सिटिजन्स क्यापिटललाई इक्रा-एनपी एएमसी थ्री-प्लस रेटिङ

काठमाडौं/ सिटिजन्स क्यापिटल लिमिटेडलाई क्रेडिट रेटिङ संस्था इक्रा नेपालले एएमसी क्वालिटी थ्री-प्लस रेटिङ प्रदान गरेको छ। सामूहिक लगानी कोष व्यवस्थापकको काम गर्दै आइरहेको क्यापिटलले यसअघि एएमसी क्वालिटी थ्री रेटिङ पाएको थियो। तर, सो रेटिङलाई पुनरावलोकन गरी इक्राले एएमसी क्वालिटी थ्री-प्लस रेटिङ दिएको हो। यसले कम्पनीको स्तर वृद्धि पुष्टि गरेको सिटिजन्सले जनाएको छ।

इक्राका अनुसार सिटिजन्सको सुदृढ व्यवस्थापन संरचना, प्रभावकारी जोखिम व्यवस्थापन, सन्तुलित आन्तरिक नियन्त्रण व्यवस्था तथा लगानी व्यवस्थापन क्षमतामा आएको निरन्तर सुधारलाई आधार मानी उक्त रेटिङ प्रदान गरिएको हो।

उक्त रेटिङले कम्पनीको सञ्चालन स्थायित्व, सुशासन अभ्यास, अल्पकालीन तथा दीर्घकालीन लगानी रणनीति, सामूहिक लगानी कोषका योजनाले प्रदान गरेको प्रतिफल र दीर्घकालीन व्यावसायिक सम्भावनालाई सकारात्मक रूपमा प्रतिबिम्बित गर्ने बताइएको छ।

रिडी नाम्जे ईको रिसोर्ट लि. को बिशेष साधारण सभा बारेको सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/१५ गते)

सम्पुर्ण शेयरधनी महानुभावज्युहरू,

यस कम्पनीको मिति २०८२/०९/१२ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको बिशेष साधारण सभा निम्न मिति, समय, स्थानमा देहायका बिषयहरूमा छलफल हुने भएकाले यहाँहरूको उपस्थितीको लागि अनुरोध गर्दछौ।

स्थान : धनकुटा जिल्ला साँगुरीगढी गा.पा. वडा नं.६, नाम्जे ।
मिति : २०८२/०९/३०
समय : दिनको ११:०० बजे

बिशेष साधारण सभामा छलफल हुने बिषयहरू:

१. अधिकृत पुँजी र जारी पुँजी बृद्धि गर्ने बारे ।
२. प्रबन्धपत्रको दफा ६ को उपदफा (क) र (ख) मा संशोधन गर्ने बारे।
३. कम्पनीको साबिकको नाम परिवर्तन गर्ने बारे।
४. प्रबन्धपत्रको दफा (१), दफा (१५) मा संशोधन गर्ने बारे।
५. नियमावलीको नियम (१), नियम ३ को (ग) र नियम (५३) मा संशोधन गर्ने बारे।
६. बिबिध।

शारदा मगर
(संचालक/अध्यक्ष)

(**नोट** : शेयरधनी महानुभावहरू स्वयं उपस्थित हुन नसकेमा रितपुर्वकको प्रोक्सी फाराम भरी पठाउनु होला)

NEPAL CLEARING HOUSE
नेपाल राष्ट्र बैंकबाट "लुकानी प्रणाली सञ्चालक" को कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था

Nepal Clearing House Ltd. (NCHL)

DD Plaza, Kamaladi, Kathmandu
PO Box: 21400, Tel: 5970065
www.nchl.com.np

Call of Sealed Tender Proposal for Supply, Installation, Implementation and Support of Hardware (Addition of Disk)

(First date of publication: 30th December 2025)

1. Nepal Clearing House Ltd. (NCHL) calls for sealed tender proposal for Supply, Installation, Implementation and Support of Hardware (Addition of Disk) from authorized distributors/ dealers/support partners.
2. The interested and qualified companies/ firms are requested to obtain the procurement document from NCHL after the payment of NRs. 5,000.
3. The proposal should be submitted along with the bid security and the supporting documents, as defined in the procurement document, to Finance/ Admin Department before 17:00 PM of 30th day from the date of first publication of this notice. If the last date of submission falls on a public holiday the next working day shall be considered as the last day. The proposal received after the deadline shall not be accepted.
4. The proposal shall be evaluated based on internal criteria set by NCHL. NCHL reserves the right to accept or reject any or all applications without assigning any reason, whatsoever.

NEPAL CLEARING HOUSE
नेपाल राष्ट्र बैंकबाट "लुकानी प्रणाली सञ्चालक" को कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था

Nepal Clearing House Ltd. (NCHL)

DD Plaza, Kamaladi, Kathmandu
PO Box: 21400, Tel: 5970065
www.nchl.com.np

Call of Sealed Tender Proposal for Renewal of O365 Licenses

(First publication date: 30th December 2025)

1. Nepal Clearing House Limited (NCHL) calls for sealed tender proposal from interested authorized reseller/distributor firms and/or companies for the Microsoft Office 365 licenses.
2. The interested and qualified companies/ firms are requested to obtain the procurement document from NCHL after the payment of NRs. 2,000.
3. The proposal should be submitted along with the bid security and the supporting documents, as defined in the procurement document, to Finance/ Admin Department before 17:00 PM of 30th day from the date of first publication of this notice. If the last date of submission falls on a public holiday the next working day shall be considered as the last day. The proposal received after the deadline shall not be accepted.
4. The proposal shall be evaluated based on internal criteria set by NCHL. NCHL reserves the right to accept or reject any or all applications without assigning any reason, whatsoever.

वी.पी.स्मृति सामुदायिक सहकारी अस्पताल लि.

श्री कान्तिमार्ग, महाराजगञ्ज, काठमाडौं

१८औं बार्षिक साधारणसभा सम्बन्धि जरूरी सूचना

श्रीमान उमेशजंग रायमाझीज्यूको अध्यक्षतामा मिति २०८२ साल मंसिर १७ गते बसेको यस अस्पताल सञ्चालक समितिको बैठकबाट संस्थाको १८ औं बार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा आयोजना गरिने भएकोले सम्पूर्ण शेयर सदस्यहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

साधारण सभा हुने मिति, समय र स्थान:

मिति : २०८२ साल पौष ३० गते, बुधबार
समय : बिहान ८:३० बजे
स्थान : वी.पी. स्मृति सामुदायिक सहकारी अस्पताल, श्री कान्तिमार्ग, महाराजगञ्ज

साधारण सभाका विषयहरू

क) नियमित विषयहरू
१. आ. व. २०८१/०८२ को बार्षिक प्रतिवेदन अनुमोदन गर्ने।
२. आ. व. २०८१/०८२ को लेखा समितिको वार्षिक प्रतिवेदन अनुमोदन गर्ने।
३. आ. व. २०८१/०८२ को लेखा परिक्षणको वार्षिक प्रतिवेदन अनुमोदन गर्ने।
४. चालु आ. व. २०८२/०८३ को बजेट तथा कार्यक्रम अनुमोदन गर्ने।
५. आ.व. २०८२/०८३ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने।

ख) **विशेष विषयहरू**
१. लेखा सुपरिवेक्षण समिति तथा रिक्त सञ्चालक समितिको पदाधिकारी सदस्यहरूको चुनाव
२. विनियमावली सम्शोधन
ग) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न संचालक समितिबाट १ जना र साधारण सदस्य मध्ये १५ जना तोक्ने।
घ) विविध (अन्य आवश्यक विषयहरू)।

साथै बार्षिक साधारणसभा सम्बन्धी विस्तृत सूचना यस अस्पतालको Website: www.bpsmritihospital.com.np मा हेर्नुहोला।

अध्यक्ष
वी.पी. स्मृति सामुदायिक सहकारी अस्पताल लि. बसुन्धरा, काठमाडौं
फोन नं. : ४५८७०५४, ४५८७०५६, ४५८७०५१, ४५८७०५२

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक डिभिजन बुटवल

आर्थिक प्रस्ताव खोलिने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८२/०५/१५

यस डिभिजन कार्यालयबाट मिति २०८२/०६/२८ मा www.bolpatra.gov.np/egp मा तथा दैनिक लुम्बिनी पत्रिकामा प्रकाशित सूचना नं RDBTL/04/082/83 का प्राप्त बोलपत्रहरुको प्राविधिक मुल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद नियमावली २०६४ (चौथौं संसोधन समेत) को नियम ३१(ज) को उपनियम (५) बमोजिम तपशिलको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

सि.नं.	ठेक्का नं.	प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु
1.	RDBTL/ 33701019/ 082/83-23	1. M/S Durbasa Construction Company Pvt. Ltd., Baneshwor-10 Kathmandu 2. M/S Shree Krishna Nirman Sewa, Sandhikharka-12 Arghakhanchi 3. M/S Civil Builders and Engineering Construction, Sainamaina Municipality Rupandehi 4.M/S Pratibha Nirman Sewa, Butwa-11, Kalikanagar Rupandehi 5. M/S K.A.P.Construction Pvt .LTD., Lamjung Nepal 6. M/S Ruchi Construction Pvt. Ltd., Ratnanagar -12 Chitwan
2.	RDBTL/ 33701138/ 082/83-28	1.M/S Srijana Construction, Butwal-11, Rupandehi 2.M/S Buddhabhumi Construction, Sunawal-12 Harkatta Nawalparasi West 3. M/S Samartha Constructon Pvt.Ltd., Devdaha Rupandehi 4. M/S Civil Builders and Engineering Construction, Sainamaina Municipality Rupandehi 5. M/S Bl - Ravi- Dipaka JV, Malarami-5, arghakhanchi 6. M/S Safik Nirman Sewa, Siddharthnagar-11, Rupadandehi 7. M/S S.R.P. Group Pvt.Ltd., Kathmandu Nepal
आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान : २०८२/०९/२२ (6th, Jan. 2026), दिनको ११:०० बजे, सडक डिभिजन बुटवल, रुपन्देही		

डिभिजन प्रमुख

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थायीत्व विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८२/०५/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालय/कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुने चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तुर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसे सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिकी गरी वा अन्य कुने व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानतकर्ताको विवरण
१. ऋणी: कमलदेव सुडी बाबुको नाम : चलित्र महतो सुडी बजेको नाम : दनु महतो सुंडी ठेगाना : सलेमपुर-०३, सर्लाही हालः ईश्वरपुर-०७, सर्लाही ना.प्र.नं. : ८१३४३४९४, जारी मिति : २०४५/०२/०५ जारी गर्ने कार्यालय : जि.का., सर्लाही **कर्जा लिएको शाखा : बयलवास, महोत्तरी** **जमानतकर्ताको विवरण** **क) नाम: सुन्दर कला देवी** बाबुको नामः टिवरी पुर्वे पतिको नामः कमल देव सुडी ससुराको नाम : चलित्र महतो सुडी ठेगाना : सलेमपुर-०३, सर्लाही, हालः ईश्वरपुर-०७, सर्लाही ना.प्र.नं. : २७२३/२७२९, जारी मिति : २०५७/०५/०१ जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही	**ख) नामः शुशिल कुमार महतो** बाबुको नाम : कमलदेव सुडी बाजेको नाम : चलित्र महतो सुडी ठेगाना : सलेमपुर-०३, सर्लाही हालः ईश्वरपुर-०७, सर्लाही ना.प्र.नं. : १९-०१-७०-०३४१२ जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही जारी मिति : २०७०/०८/२५ **ग) नाम : शम्भु महतो** बाबुको नाम : कमल देव सुडी बाजेको नाम : चलित्र महतो सुडी ठेगाना : कविलासी-०९, सर्लाही हालः ईश्वरपुर-०७, सर्लाही ना.प्र.नं. : १९-०१-७४-०७१०१ जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही जारी मिति : २०७४/०७/१२
सुरक्षणमा रहेको धितोको विवरणः श्री भूमीसुधार तथा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा कमलदेव सुडीको नाममा दर्ता कायम रहेको सर्लाही जिल्ला, ईश्वरपुर -०४, स्थित कि.नं. १४८७ को क्षेत्रफल १६९.३० व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ऋणीको विवरण	जमानतकर्ताको विवरण
२. ऋणी: हरि वहादुर आले बाबुको नाम : अम्वर वहादुर आले बजेको नाम : माथवरसिंह आले ठेगाना : आपपिपल-०८, गोरखा हाल : पालुङटार-०५, गोरखा ना.प्र.नं. : ६९० जारी गर्ने कार्यालय : जि.प्र.का., गोरखा जारी मिति : २०५१/०९/०४ **कर्जा लिएको शाखा : पालुङटार, गोरखा**	**क) नाम: सावित्री थापा मगर (आले)** बाबुको नाम : बल बहादुर थापा मगर पतिको नाम : हरि बहादुर आले ससुराको नाम : अम्वर वहादुर आले ठेगाना : पालुङटार-०५, गोरखा ना.प्र.नं.: ७६३४३, जारी मिति :२०५७/०१/३० जारी गर्ने कार्यालय :जि.प्र.का., गोरखा **ख) नाम : दिपेन्द्र क्षेत्री** बाबुको नाम : कृष्ण वहादुर क्षेत्री बाजेको नाम : खडक बहादुर क्षेत्री ठेगाना : पालुम्टार-०९, गोरखा हाल : पालुङटार-०५, गोरखा ना.प्र.नं.: ४४३०२४/५८३, जारी मिति : २०६३/१०/२० जारी गर्ने कार्यालय :जि.प्र.का., गोरखा
सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय गोरखामा हरि बहादुर आलेको नाममा दर्ता कयम रहेको गोरखा जिल्ल, पालुङटार -०८, स्थित कि.नं.: २६५९ को क्षेत्रफल ६६७.६९ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।	

ऋणीको विवरण	जमानतकर्ताको विवरण
३. ऋणी: रचना वि.क. बाबुको नाम : लिल बहादुर विश्वकर्मा पतिको नाम :अनु खाती ससुराको नाम : हरिदेव विश्वकर्मा ठेगाना : हाथिलेट-०७, महोत्तरी हालः कर्जन्हा-०५, सर्लाही ना.प्र.नं. : १८-२-०७२/३०६, जारी मिति : २०७१/०४/०७ जारी गर्ने कार्यालय : जि.प्र.का., महोत्तरी **कर्जा लिएको शाखा : बर्दिबास, महोत्तरी**	**क) नाम: पम्फा देवी वि.क.** बाबुको नाम : पृथ्वी मान कामी पतिको नाम : हरिदेव विश्वकर्मा ससुराको नाम : पुन्टे विश्वकर्मा ठेगाना : बडहरामाल-०९, सिराहा हालः कर्जन्हा-०५, सिराहा ना.प्र.नं.: १५३०८८/२३३, जारी मितिः २०६३/१२/२० जारी गर्ने कार्यालय : जि.प्र.का., सिराहा

ऋणीको विवरण	जमानतकर्ताको विवरण
४. ऋणी: अनुप वेकरी दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी, नेपाल प्रा.फ.नं. : ६७०४/१११/०७६/०७७ दर्ता मिति : २०७६/०७/२६, पान नं. : ६१२१५२९९५ ठेगाना : बर्दिबास न.पा-१४, महोत्तरी **प्रोप्राईटर/जमानतकर्ताको नाम: अनु खाती** बाबुको नाम : हरि देव विश्वकर्मा बाजेको नाम : पुन्टे विश्वकर्मा ठेगाना : वडहरामाल-०९, सिरहा हालः बरहथवा-०५, सर्लाही ना.प्र.नं. : १५१०८८/७०५०, जारी मितिः २०६७/०७/०८ जारी गर्ने कार्यालय : जि.प्र.का., सिराहा **कर्जा लिएको शाखा : बर्दिबास, महोत्तरी**	**ख) नाम: रचना वि.क.** बाबुको नाम : लिल बहादुर विश्वकर्मा पतिको नाम : अनु खाती ससुराको नाम : हरिदेव विश्वकर्मा ठेगाना : हाथिलेट-०७, महोत्तरी हालः कर्जन्हा-०५, सर्लाही ना.प्र.नं. : १८-२-०७२/३०६, जारी मिति : २०७१/०४/०७ जारी गर्ने कार्यालय : जि.प्र.का., महोत्तरी **ख) नाम : पम्फा देवी वि.क.** बाबुको नाम : पृथ्वी मान कामी पतिको नाम : हरि देव विश्वकर्मा ससुराको नाम : पुन्टे विश्वकर्मा ठेगाना : बडहरामाल-०९, सिराहा, हालः कर्जन्हा-०५, सर्लाही ना.प्र.नं. : १५३०८८/२३३, जारी मिति : २०६३/१२/२० जारी गर्ने कार्यालय : जि.प्र.का., सिराहा
सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय महोत्तरीमा पम्फा देवी वि.क.को नाममा दर्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुर गन्ज -०४, स्थित कि.नं. १३०८ को क्षेत्रफल १६९.३२ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ऋणीको विवरण	जमानतकर्ताको विवरण
५. ऋणी: अनु खाती बाबुको नाम : हरि देव विश्वकर्मा बाजेको नाम : पुन्टे विश्वकर्मा ठेगाना : वडहरामाल-०९, सिरहा हालः बरहथवा-०५, सर्लाही ना.प्र.नं. : १५१०८८/७०५० जारी गर्ने कार्यालय : जि.प्र.का., सिराहा जारी मिति : २०६७/०७/०८ **कर्जा लिएको शाखा : बर्दिबास, महोत्तरी**	**ख) नाम: रचना वि.क.** बाबुको नाम : लिल बहादुर विश्वकर्मा पतिको नाम : अनु खाती ससुराको नाम : हरिदेव विश्वकर्मा ठेगाना : हाथिलेट-०७, महोत्तरी हालः कर्जन्हा-०५, सर्लाही ना.प्र.नं. : १८-२-०७२/३०६, जारी मिति : २०७१/०४/०७ जारी गर्ने कार्यालय : जि.प्र.का., महोत्तरी **ख) नाम : पम्फा देवी वि.क.** बाबुको नाम : पृथ्वी मान कामी पतिको नाम : हरि देव विश्वकर्मा ससुराको नाम : पुन्टे विश्वकर्मा ठेगाना : बडहरामाल-०९, सिराहा, हालः कर्जन्हा-०५, सर्लाही ना.प्र.नं. : १५३०८८/२३३, जारी मिति : २०६३/१२/२० जारी गर्ने कार्यालय : जि.प्र.का., सिराहा
सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय सिराहामा पम्फा देवी वि.क. को नाममा दर्ता कायम रहेको सिराहा जिल्ला, बडहरामाल -०९ स्थित कि.नं.३०७५ को क्षेत्रफल १९३४.४० व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
मंगलबार १५ पुस ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

नेपाल पुलिस एन्फा यू–१६ लिग च्याम्पियन



एन्फा यू-१६ युथ फुटबल लिगको उपाधिका साथ नेपाल पुलिस क्लब ।

निर्णायक खेलमा जावलाखेल युवा क्लबलाई ६-० ले हराएसँगै पुलिस सर्वाधिक ६१ अंकका साथ च्याम्पियन बन्यो

रमेश सुवेदी/नयाँ पत्रिका

विभागीय टोली नेपाल पुलिस क्लब एन्फा यू-१६ युथ लिग फुटबल प्रतियोगिताको विजेता बनेको छ । फिफाको सहयोगमा आयोजना भएको उमेर समूहको लिगमा पुलिसले २६ खेलमा सर्वाधिक ६१ अंक जोड्दै लिगको उपाधि हात पारेको हो । लिगको १८२औँ खेलमा जावलाखेल युथ क्लबलाई ६-० ले हराएपछि मच्छिन्द्र फुटबल क्लबविरुद्ध तीन अंकको अग्रता लिँदै पुलिस पहिलो संस्करणको च्याम्पियन बनेको हो । फ्रेन्ड्स क्लबसँग ३-२ को हारको सामना गर्दा मच्छिन्द्र उपविजेतामा सीमित भयो ।

लिगको अन्तिम खेल खेल्नुअघि पुलिस र मच्छिन्द्रले समान ५८ अंक जोडेका थिए । गोल भिन्नताका आधारमा पुलिस अगाडि थियो । दुवैलाई उपाधि चुम्न जितबाहेक विकल्प थिएन । तर, मच्छिन्द्रले फ्रेन्ड्ससँग अप्रत्याशित हारको सामना गऱ्यो । मच्छिन्द्रलाई हराएको फ्रेन्ड्स तेस्रो भयो । ५७ अंक जोडेको फ्रेन्ड्सले मनाङ मर्स्याङ्दीलाई उछिनेको हो । ६ महिनासम्म चलेको यू-१६ युथ लिगमा सहिद स्मारक 'ए' डिभिजनका १४ क्लबको सहभागिता रहेको थियो ।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले डबल राउन्ड रोबिनअनुसार आयोजना गरेको लिगमा १८२ खेल भएका छन् । च्याम्पियन पुलिसले १९ खेल जित र चार खेलमा अंक बाँडेको थियो । पुलिसले विपक्षीको पोस्टमा ८३ गोल गर्दा २० गोल व्यहोरेको छ । निर्णायक खेलमा चुक्दा उपविजेतामा सीमित बनेको मच्छिन्द्रले २६ मध्ये १८ खेल जित्यो । मच्छिन्द्रले ५८ अंक जोड्दा ४ खेलमा अंक बाँडेको थियो । लिगमा मच्छिन्द्रले चार खेल गुमाएको थियो ।

उसले विपक्षी पोस्टमा सबैभन्दा धेरै गोल गरे पनि उपाधि हात पार्न सकेन । लिगमा कीर्तिमानी रूपमा मच्छिन्द्रले १०८ गोल गऱ्यो । उसले २७ गोल व्यहोरेको थियो । सहिद स्मारक लिगमा पछिल्लो दशक कमजोर प्रदर्शन गर्दै आएको पुलिस लगातार दुई युथ लिग जित्न सफल भयो । यसअघि १४ टोली सहभागी भएको यू-१८ लिगको उपाधि पनि पुलिसले नै जितेको थियो । लगातार युथ टोलीमा उत्कृष्ट प्रदर्शन गरेको पुलिसले २५ पुसबाट सुरु हुने राष्ट्रिय लिगका लागि राम्रो तयारी गरेको छ । पुलिसले राष्ट्रिय लिगमा युवा खेलाडीको राम्रो ब्याकअफ पाएको छ ।

सातदोबाटो एक मात्र खेलमा विजयी

पुलिसले सर्वाधिक १९ खेल जित्दा पुछारको सातदोबाटो युथ क्लबले एक मात्र जित हात पारेको थियो । यू-१६ युथ लिगमा खराब रेकर्ड राखेको सातदोबाटोले २५ खेल गुमाएको थियो । उसले लिगमा २४ गोल गऱ्यो ।

त्रिभुवन आर्मी क्लब र प्लानिङ ब्वाइजले समान ४ खेल जितेका छन् । फ्रेन्ड्स र मनाङ मर्स्याङ्दीले समान ५७ अंक हात पारे । गोलअन्तरमा फ्रेन्ड्सले मनाङलाईपछि पारेको हो । चर्च ब्वाइज ४९ अंकसहित पाँचौँ स्थानमा रहेको छ । ४७ अंक बनाएको संकटा छैटौँ स्थानमा रहयो । थ्री स्टार क्लबबिचको विवाद सल्टिएपछि अन्तिम समय 'ए' डिभिजन लिग खेल्ने पक्का गरेको एपिएफ ३८ अंकसहित सातौँ स्थानमा छ । यस सिजन 'ए' डिभिजनमा बढुवा भएको श्री भगवतीले ३३ अंकसहित आठौँ स्थान रक्षा गरेको छ । हिमालयन शेर्पा नवौँ, एनआरटी दशौँ र जावलाखेल ११औँ स्थानमा रहेका छन् ।

दुईपटक लिगमा विश्राम

गत २० असारबाट सुरु भएको लिगको पहिलो चरणका ९१ खेल २६ साउनमा सकिएको थियो । आयोजक एन्फाले पहिलो चरणपछि केही समय विश्राम लिँदा दोस्रो चरण सुरु हुन समय लाग्यो । गत २४ साउनमा संकटा र सातदोबाटो युथबिचको १३८औँ खेलपछि लिगका बाँकी खेल हुने टुंगो एन्फाले लगाउन सकेको थिएन । जेन-जी आन्दोलनका कारण एन्फाले लिग नै अनिश्चितकालका लागि स्थगित गरेको थियो । एन्फाले सहभागी क्लबको सहमतिमा बाँकी खेल सम्पन्न गर्ने गरी २९ मंसिरबाट सुरु गरेको थियो ।

समीर बने उत्कृष्ट खेलाडी



यू-१६ युथ लिग च्याम्पियन पुलिसले एक लाख पायो । पुलिसका समीर कुमार प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी बने । उनले नेपालको यू-१८ टोलीबाट पनि खेलेका छन् । मच्छिन्द्रका विकाश थापा सर्वाधिक गोलकर्ता बने । उनले लिगमा ३० गोल गरेका थिए । चौथो भएको मनाङ मर्स्याङ्दीका गोलरक्षक विशेष गुरुङ सर्वोत्कृष्ट गोलरक्षक भए । तीनै खेलाडीले समान १५ हजार रुपैयाँ पाए ।

■ एनभिए भलिबल च्याम्पियनसिप

रुकुम पश्चिम र आर्मी नकआउट चरणमा



तस्बिर : अमुल थापा/नयाँ पत्रिका

लगातार दोस्रो जितका साथ रुकुम पश्चिम र त्रिभुवन आर्मीले क्वार्टरफाइनल स्थान पक्का गरेका हुन्

नयाँ पत्रिका

रुकुम पश्चिम भलिबल क्लब र त्रिभुवन आर्मी सोमबार नवौँ एनभिए भलिबल च्याम्पियनसिपको पुरुषतर्फ क्वार्टरफाइनलमा पुगेका छन् । रुकुम पश्चिमले जावलाखेल भलिबल ट्रेनिङ सेन्टरलाई ३-१ को सेटमा हराउँदै अन्तिम आठको स्थान पक्का गरेको हो । पाकिस्तानी खेलाडीको मजबुत साथ पाएको रुकुम पश्चिमले जावलाखेललाई २५-२०,२५-१८,२३-२५ र २५-१८ ले हराएको थियो । यसअघि रुकुम पश्चिम समूह 'सी'को पहिलो खेलमा बुढानीलकण्ठ भलिबल क्लबलाई ३-० सेटले हराएको थियो । रुकुम पश्चिम समूह विजेता बन्यो ।

यसैगरी, त्रिभुवन आर्मी क्लब समूह 'डी'बाट अन्तिम आठमा पुगेको हो । आर्मीले कीर्तिपुर भलिबल ट्रेनिङ सेन्टरलाई ३-० को सोझो सेटमा निराश पारेको हो । कीर्तिपुरमाथि आर्मी २५-१९,२५-२१ र २५-२१ ले विजयी भयो । आर्मीले पहिलो खेलमा कोशी प्रदेश भलिबल संघलाई हराएको थियो । आर्मीले आफ्नो समूहमा लगातार दोस्रो जित निकालेको छ । नेपाल पुलिस क्लब र हेल्प नेपाल स्पोर्टस् क्लब लगातार दुई जितका साथ आ-आफ्नो समूह विजेताका रूपमा क्वार्टरफाइनलमा पुगिसकेका छन् ।

सुदूरपश्चिमले मधेशलाई हरायो

सुदूरपश्चिम प्रदेशले जितका साथ च्याम्पियनसिपमा आफ्नो यात्रालाई अन्त्य गरेको छ । महिलातर्फ सुदूरपश्चिमले आफ्नो तेस्रो तथा अन्तिम खेलमा मधेशलाई राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा ३-० को सोझो सेटमा हरायो ।

सुदूरपश्चिम २५-२१, २५-१४ र २५-१७ ले विजयी भएको थियो । यसअघि दुई खेलमा हारको सामना गरेको सुदूरपश्चिम सेमिफाइनल समीकरणबाट बाहिरिसकेको थियो । समूह 'ए'मा नेपाल पुलिस र एपिएफ क्लबबाट सुदूरपश्चिम पराजित भएको थियो । मधेशले यसअघि एपिएफसँग हार व्यहोरेको थियो । हारसँगै मधेश पनि अन्तिम चारको दौडबाट बाहिरियो ।

न्यु डाइमन्डको दोस्रो जित

च्याम्पियनसिपअन्तर्गत महिलातर्फ न्यु डाइमन्ड स्पोर्ट्स क्लबले लगातार दोस्रो जित निकालेको छ । न्यु डाइमन्डले त्रिभुवन आर्मी क्लबलाई २५-१७, २५-१७ र २५-१७ को सोझो सेटमा पराजित गरेको हो । यसअघि न्यु डाइमन्डले चुली युवा क्लबलाई पराजित गरेको थियो । आर्मीले पनि चुली युवा क्लबलाई हराएको थियो ।

साबिक विजेता राहुल पाँच स्ट्रोकका साथ अगाडि

नयाँ पत्रिका



सविक विजेता राहुल विश्वकर्माले पाँच स्ट्रोकको अग्रता लिँदै सोमबारदेखि सुरु भएको सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत पहिलो प्रतियोगिता सूर्य नेपाल सेन्ट्रल ओपनको शीर्ष स्थान बलियो बनाएका छन् । गोकर्ण गल्फ क्लबमा राहुलले ६ अन्डर ६६ को उत्कृष्ट स्कोरमा प्रोफेसनल खेलाडी जयराम श्रेष्ठलाई ५ स्ट्रोकले पछि पारेका हुन् । जयराम १ अन्डर ७१ को स्कोरका साथ दोस्रो स्थानमा छन् । अर्का एमेच्योर साम डौबलार्ड इभन पार ७२ सहित तेस्रो स्थानमा रहे । १ ओभर ७३ को स्कोरमा भुवनकुमार रोक्का, सबिन सापकोटा, भुवन नगरकोटी, दिनेश प्रजापति, प्रदीपकुमार लामा र एमेच्योर फुन्सो नोर्बु लामाले संयुक्त रूपमा चौथो स्थान बाँडेका छन् ।

गोकर्ण गल्फ क्लबमा राहुलले ६ अन्डर ६६ को उत्कृष्ट स्कोरका साथ प्रोफेसनल गल्फर जयराम श्रेष्ठलाई पाँच स्ट्रोकले पछि पारे

उत्कृष्ट स्कोर कार्ड निकाल्ने क्रममा राहुलले फ्रन्ट र ब्याक नाइनमा समान ३ अन्डर ३३ को स्कोर गरेका थिए । उनले दोस्रो, तेस्रो, पाँचौँ र सातौँ होलमा बर्डी प्रहार गरे । राहुलले १०औँ, १२औँ र १५औँ होलमा पनि बर्डी निकाल्न सफल भए । प्रोफेसनल खेलाडी जयरामले दिनको सुरुवातमा बोगी सामना गरेका थिए । उनले सातौँ र आठौँ होलमा बर्डी निकाली फ्रन्ट नाइन १ अन्डर ३५ को स्कोर गरे । जयरामले १४औँ होलमा डबल बोगी र १६ औँ होलमा पनि एक बोगी खेपेका थिए । जसका कारण उनले ब्याक नाइन इभन पार खेल्दै ३६ स्कोर गरे । एमेच्योर सामले तेस्रो र नवौँ होलमा बर्डी प्रहार गरे पनि सातौँ होलमा बोगी सामना गर्नुपुगे । उनले फ्रन्ट नाइनमा १ ओभर ३७ स्कोर गरे ।

नेपालले चार ठुला अन्तर्राष्ट्रिय खेलमा सहभागिता जनाउँदै

सन् २०२६ मा २०औँ एसियाड, इन्डोर मार्सल आर्टस् गेम्स, युथ ओलम्पिक र बिच खेलकुद आयोजना हुँदै

नयाँ पत्रिका



नेपालले आगामी वर्ष सन् २०२६ मा चारवटा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिता जनाउने भएको छ । जापानमा हुने २०औँ एसियाली खेलकुद, साउदी अरेबियाले आयोजना गर्ने हुने एसियन इन्डोर मार्सल आर्टस् गेम्स, सेनेगलमा हुने युथ ओलम्पिक र चीनमा हुने बिच गेम्समा नेपाली खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । नेपाल ओलम्पिक कमिटी (एनओसी)को सोमबार २१औँ साधारणसभाको अवसरमा महासचिव राजीव श्रेष्ठले एनओसीको माध्यमबाट आगामी वर्षमा नेपाली खेलाडीले चारवटा बृहत् अन्तर्राष्ट्रिय खेलमा सहभागिता जनाउने जानकारी दिएका हुन् । 'सन् २०२६ मा नेपाली खेलाडीहरू अन्तर्राष्ट्रिय खेलमा व्यस्त हुनेछन्,' उनले भने, 'आगामी वर्षमा एसियनदेखि यूथ ओलम्पिकसम्मका महत्त्वपूर्ण प्रतियोगिता हुँदै छन् ।' महासचिव श्रेष्ठले साधारणसभामा एनओसीको प्रगति विवरण पेस गरेका छन् । एनओसी अध्यक्ष जीवनराम श्रेष्ठले उद्घाटन सत्रमा बोल्दै खेलकुद क्षेत्रमा राजनीति हाबी भएको बताए । 'खेल क्षेत्रमा राजनीति हाबी भएका कारण अधिकांश विवाद अदालतमा पुगेका छन्,' उनले भने, 'यसले समग्र खेलकुदमा नै असर परिरहेको छ ।' जेन-जी आन्दोलनअघिको ओली सरकारले एनओसीमा आवश्यक विवाद निकालेको आरोप अध्यक्ष श्रेष्ठले लगाए ।

विवाद निकाल्दा नै एनओसीले सातदोबाटोमा रहेको आफ्नै भवनमा साधारणसभा गर्नबाट वञ्चित भएको उनले बताए । 'अघिल्लो सरकारले एनओसीभित्र पनि अनावश्यक विवादका कारण आफ्नै घर हुँदा हुँदै पनि घरबारविहीन हुनपुगेको छ,' अध्यक्ष श्रेष्ठले भने, 'नेपालमा ओलम्पिकलाई चिनाउने काम हामीहरूले गरिरहेका छौं । खेलकुद संघ आफैंमा स्वायत्त संस्था भए पनि राखेपले अनावश्यक हस्तक्षेप गर्ने गरेको छ ।' श्रेष्ठले एनओसीको कार्यालय आफूलाई हस्तान्तरण गर्न पनि आग्रह गरेका छन् ।

मेलबर्नमाथि आइसिसीको कारबाही

चौथो टेस्टका म्याच रेफ्री जेफको रिपोर्टका आधारमा मेलबर्न क्रिकेट मैदानलाई एक डिमेरिट अंक प्रदान गरेको छ । पाँच अंक पाउँदा अन्तर्राष्ट्रिय खेल आयोजना गर्न पाउनेछैन ।



एजेन्सी

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले एसेजको चौथो टेस्टको नतिजा दुई दिनभित्र आएपछि अस्ट्रेलियन क्रिकेट बोर्डलाई चेतावनी दिएको छ । चौथो टेस्टमा प्रयोग गरिएको पिच सन्तोषजनक नभएको जनाउँदै आइसिसीले मेलबर्न क्रिकेट ग्राउन्डलाई एक डिमेरिट अंक प्रदान गरेको छ । यो पाँच वर्षसम्म रेकर्डमा रहनेछ । मेलबर्नले यस्तै थप चार अंक बटुल्दा उसले अन्तर्राष्ट्रिय खेल आयोजना गर्न पाउनेछैन । अस्ट्रेलिया र इंग्ल्यान्डबिचको चौथो टेस्टका म्याच रेफ्री जेफ क्रोले पिच बलरका लागि अत्यधिक अनुकूल भएको रिपोर्ट आइसिसीलाई पठाएका छन् । जेफले पिचमा ब्याट्सम्यानका लागि नभएको रिपोर्टमा उल्लेख गरेका छन् यसै रिपोर्टका आधारमा आइसिसीले मेलबर्न क्रिकेट मैदानलाई कारबाहीस्वरूपमा एक डिमेरिट अंक प्रदान गरेको एजेन्सीले जनाएको छ । टेस्टको पहिलो दिन २० र दोस्रो दिन १६ विकेट पतन भएका थिए । पाँच दिनसम्म चल्नुपर्ने टेस्टमा दुवै टोलीका कुनै पनि ब्याट्सम्यानले अर्धशतकीय इनिङ्स खेल्न सकेनन् । जुन टेस्ट क्रिकेट इतिहासमा निकै दुर्लभ मानिन्छ । 'बलरमैत्री पिच भएका कारण टेस्टमा अर्धशतकसमेत बनेनन् । पिचले ब्याट र बलबिचको सन्तुलन दिन नसकेको देखिन्छ,' आइसिसीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हामीहरूको पिच रेटिङ प्रणालीअनुसार सन्तोषजनक नभएको भन्नाले त्यस्तो पिचलाई बुझिन्छ । जसले ब्याट्सम्यान र बलरबिचको सन्तुलित प्रतिस्पर्धा हुन दिँदैन । यस्तो पिचले बलरहरूलाई धेरै मद्दत गर्छ ।' म्याच रेफ्री जेफ बलरको पक्षमा पिच धेरै ढल्केको बताएका छन् ।

अध्यक्ष र क्युरेटर स्तब्ध

अस्ट्रेलियन क्रिकेट बोर्डका अध्यक्ष जेम्स अलसोपले विश्वकै प्रतिष्ठित एसेज सिरिजअन्तर्गत चौथो टेस्ट दुई दिनमै सकिँदा समर्थकहरूसँग माफी मागेका छन् । जेम्सले अस्वाभाविक रूपमा खेलको नतिजा आएको जनाए । 'खेल दुई दिनमै सकिँदा सबै स्तब्ध भएको महसुस गरेको थिएँ । अझ तेस्रो र चौथो दिनका सबै टिकट सोल्डआउट भइसकेको थियो,' उनले भने, 'पिचको सन्तुलन कायम राख्न नसक्दा यस्तो हुनपुगेजस्तो लाग्छ । अर्को वर्ष न्युजिल्यान्ड र सन २०२७ को ऐतिहासिक टेस्ट म्याचमा यहाँको पिच उत्कृष्ट हुनेछ ।' यसैगरी, पिच बनाउने मुख्य व्यक्ति क्युरेटर म्याट पेज पनि दुई दिनमै ३६ विकेट पतन हुँदा आफू स्तब्ध भएको बताए । उनले मौसम अनुसार पिचमा १० मिलिमिटर घाँस छोडेको बताए ।

खेल संक्षेप

रेडियन्ट रिडर्सको वार्षिक स्पोर्टस् मिट

काठमाडौं/ सानेपास्थित रेडियन्ट रिडर्स एकेडेमीको वार्षिक स्पोर्टस् मिट सोमबार लगनस्थित सैनिक शारीरिक तालिम तथा खेलकुद केन्द्रमा सम्पन्न भएको छ । स्पोर्टस् मिटको वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठले उद्घाटन गर्दै स्कुल हेड गर्ल साइसा लामिछानेलाई ओलम्पिक टर्च हस्तान्तरण गरेका थिए । स्पोर्टस् मिटमा जिम्न्यास्टिक र करँतेका खेलाडीले प्रदर्शन गरेको आयोजकले जनाएको छ ।

अल्ट्रा धावक दावा सम्मानित

काठमाडौं/ रसुवा जिल्ला कालिका गाउँपालिकाको अल्ट्रा धावक दावा तामाङलाई सोमबार गरेको छ । गाउँपालिकाको १८औँ साधारणसभामा धावक दावा सम्मानित भएका हुन् । उनले गत नोभेम्बरमा अस्ट्रेलियामा भएको कोस्की १०० अल्ट्रा/ट्रेल कोसियुस्को (युटिएमबी)मा सहभागी भई युटिएमबी विश्व च्याम्पियनसिपको छनोटमा स्थान पक्का गरेका थिए ।

चिचिलाका तिलक पहिलो

संखुवासभा/ सेकाहा महोत्सवको अवसरमा भएको दौडमा चिचिलाका तिलक राई पहिलो भएका छन् । पाँच किमि दूरीको दौडमा तिलकले ११ प्रतिस्पर्धीलाई पछि पार्दै पहिलो स्थान हात पारेका हुन् । उनले दौड १७ मिनेट ५८ सेकेन्डमा पार गरे । चिचिला गाउँपालिका- ४ मिडमारका नारद राई दोस्रो तथा खाँदबारीका ओङ्गेल शेर्पा तेस्रो भएका छन् ।

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश

बागमती माछा पोखरीबाट उत्खनन भई भण्डारणमा रहेको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) विक्रीका लागि सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

बागमती नगरपालिका वडा नं. ४, १२ माछापोखरी स्थित, निर्माणको क्रममा उत्खनन् गरि तपसिल बमोजिम भण्डारण गरिएको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) बिक्रि गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरूले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्यअभिवृद्धी कर दर्ता प्रमाणपत्र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र संलग्न गरि तपशिल बमोजिमको सर्तहरूको अधिनमा रही यस सिलबन्दी बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

सि. नं.	सूचना नं./ बोलपत्र नं.	बोलपत्रको नाम	भण्डारण स्थल (Lattitude-Longitude)	परिणाम घनमिटर	न्यूनतम बोलपत्र रकम रु. (मु.अ.कर बाहेक)	धरौटी रकम	बेलपत्र दस्तुर (रु.)
1	BM/GRAVEL/ 08/2080/81	बागमती माछा पोखरीबाट उत्खनन् गरि भण्डारण गरिएको Stockpile j(1) बिक्रि	27.12143917, 85.478329	40654	8130800.00	203270	5000
2	BM/GRAVEL/ 09/2080/81	बागमती माछा पोखरीबाट उत्खनन् गरि भण्डारण गरिएको Stockpile K(1) बिक्रि	27.1141061, 85.4737303	17980	3596000.00	89900	5000
3	BM/GRAVEL/ 09/2080/81	बागमती माछा पोखरीबाट उत्खनन् गरि भण्डारण गरिएको Stockpile K(2) बिक्रि	27.1141061, 85.4737303	2825	565000.00	14125	5000
4	BM/GRAVEL/ 09/2080/81	बागमती माछा पोखरीबाट उत्खनन् गरि भण्डारण गरिएको Stockpile K(3) बिक्रि	27.1141061, 85.4737303	24698.89	4939778.00	123495	5000
5	BM/GRAVEL/ 10/2080/81	बागमती माछा पोखरीबाट उत्खनन् गरि भण्डारण गरिएको Stockpile L बिक्रि	27.12470582, 85.4794314	35131.00	7026200.00	175655	5000
6	BM/GRAVEL/ 11/2080/81	बागमती माछा पोखरीबाट उत्खनन् गरि भण्डारण गरिएको Stockpile M बिक्रि	27.0987854, 85.4821555	10419.30	2083860.00	52097	5000
7	BM/GRAVEL/ 13/2080/81	बागमती माछा पोखरीबाट उत्खनन् गरि भण्डारण गरिएको Stockpile O बिक्रि	27.1101414, 85.480812	4808.58	961716.00	24043	5000

नोट (विस्तृत जानकारीका लागि यस कार्यालयको Website : www.bagmatimunsarlahi.gov.np मा हेर्न सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com